# पञ्चवर्षीय गाउँ शिक्षा योजना

## आ.व. २०८२/०८३–२०८६–०८७

## मादी गाउँपालिका, कास्की

### गण्डकी प्रदेश, नेपाल

### असार २०८२

**प्रकाशनः**

**मादी गाउँपालिका**

**शिक्षा,युवा तथा खेलकुद शाखा**

**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश**

Website: www.madimunkaski.gov.np

Email: madimunkaski@gmail.com

**सर्वाधिकारः** मादी गाउँपालिका,कास्की

**विक्रम सम्वतः २०८२**

**प्रकाशन मितिः**

**संरक्षक :**

देवीजङ्ग गुरुङ, अध्यक्ष मादी गाउँपालिका

**सल्लाहकार**

कल्पना गुरुङ,उपाध्यक्ष मादी गाउँपालिका

धनेन्द्र भूजेल,प्रमुख प्रशासकीय अधिकृत

**विषय विज्ञ**

पुर्व उप-सचिव, बाबुराम सापकोटा

**मस्यौदा लेखन कार्यदल**

**संयोजकः** खगेन्द्र लामिछाने, प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा

**सदस्यहरुः** भगवान प्रसाद पौडेल, शिक्षा, युवा तथा खेलकुद शाखा

ओम प्रकाश गुरुङ, प्रधानाध्यापक श्री हिमालय मिलन माध्यमिक विद्यालय

चन्द्रमणी अधिकारी, प्रधानाध्यापक श्री हिमालय माध्यमिक विद्यालय

बसन्तराज सापकोटा, प्रधानाध्यापक श्री सीताराम माध्यमिक विद्यालय

गोपाल सापकोटा, प्रधानाध्यापक श्री धनुवासकालिका माध्यमिक विद्यालय

हरिहर सुवेदी, शिक्षक श्री जनकल्याण माध्यमिक विद्यालय

दशरथ सापकोटा, प्रधानाध्यापक श्री नारायणी आधारभूत विद्यालय

प्रकाशकको लिखित अनुमतिबिना विद्युतीय वा कुनै पनि माध्यमबाट पूर्ण वा आंशिकरुपमा प्रकाशन गर्न पाइने छैन ।

**मादी गाउँपालिका, गाउँकार्यपालिकाका पदाधिकारीहरु**

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | देवीजङ्ग गुरूङ |
| २ | उपाध्यक्ष | कल्पना गुरूङ |
| ३ | वडा अध्यक्ष वडा नं.१ | देवीजङ्ग गुरूङ |
| ४ | वडा अध्यक्ष वडा नं.२ | भोजबहादुर गुरूङ |
| ५ | वडा अध्यक्ष वडा नं.३ | विकास गुरूङ |
| ६ | वडा अध्यक्ष वडा नं.४ | शिवप्रसाद सापकोटा |
| ७ | वडा अध्यक्ष वडा नं.५ | हुमनाथ अधिकारी |
| ८ | वडा अध्यक्ष वडा नं.६ | डिलबहादुर क्षत्री |
| ९ | वडा अध्यक्ष वडा नं.७ | दुर्गाबहादुर गुरूङ |
| १० | वडा अध्यक्ष वडा नं.८ | प्रेमबहादुर गुरूङ |
| ११ | वडा अध्यक्ष वडा नं.९ | मनोज गुरूङ |
| १२ | वडा अध्यक्ष वडा नं.१० | कृष्णबहादुर गुरूङ |
| १३ | वडा अध्यक्ष वडा नं.११ | चलचित्र गुरूङ |
| १४ | का.वा.वडा अध्यक्ष वडा नं.१२ | लक्ष्मी गिरी |
| १५ | कार्यपालिका सदस्य | पूर्ण सुबा गुरूङ |
| १६ | कार्यपालिका सदस्य | गंगादेवी सार्की |
| १७ | कार्यपालिका सदस्य | सीता परीयार |
| १८ | कार्यपालिका सदस्य | विरबहादुर परियार |
| १९ | कार्यपालिका सदस्य | वामदेव भुजेल |
| २० | सदस्य सचिव | धनेन्द्र भुजेल |

प्रकाशक : मादी गाउँपालिका , मादी कास्की
प्रकाशन प्रति :
सर्वाधिकार : प्रकाशकमा
मुद्रण :
प्रमाणित मिति :
प्रकाशन मिति :

# प्राक्कथन

नेपालमा योजनाबद्ध विकासको थालनी भएको सात दशक बितिसकेको छ भने गाउँ शिक्षा योजनाको सुरूवात भएको पनि तीन दशक भइसकेको छ । अझै पनि शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार भएको अनुभूति गर्न सकिएको छैन। मादी गाउँपालिकाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य, पन्ध्रौ पञ्चवर्षीय योजना, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएको प्रतिबद्धता, दिगो विकासका लक्ष्य, अभिभावकको चाहना, जनप्रतिनिधि, विज्ञ तथा सरोकारवालाले दिएका सुझाव र गाउँपालिकाले घोषणा गरेका नीति तथा कार्यक्रमलाई आधार मानी मादी गाउँपालिकाले प्रथम पञ्चवर्षीय गाउँ शिक्षा योजना (२०८२/०८३ देखि २०८६/०८७) तयार गरेको छ। यस योजनामा मादी गाउँपालिकाको शिक्षाको समग्र विकासको लागि अल्पकालीन र दीर्घकालीन लक्ष्य तथा मुख्य सूचकहरू निर्धारण गरिएका छन् । योजना अवधिमा बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षामा समावेशी पहुँच वृद्धि गरी सबै बालवालिकाहरूलाई शिक्षामा समान पहुँचको अवसर प्रदान गरी गुणस्तरीय प्रविधिमैत्री व्यवसायमूलक, रोजगारमुखी शिक्षा प्रदान गर्ने र दक्ष, सिर्जनशील, सीपयुक्त, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ। यो लक्ष्य प्राप्त गर्न भौतिक पूर्वाधार निर्माण, प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार, शिक्षक तालिम तथा संस्थागत क्षमता विकास आदि कार्यक्रम सञ्चालन हुनेछन् । कार्यक्रम सञ्चालन गर्दा उपलब्ध स्रोत साधनको अधिकतम र दक्षतापूर्वक प्रयोग गरिने छ । यो योजना कार्यान्वयन गर्न मादी गाउँपालिकालाई नेपाल सरकार, प्रदेश सरकार, नीजि तथा सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था, गैर सरकारी संस्थाबाट महत्त्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा राखिएको छ ।

अन्तमा, यस पञ्चवर्षीय योजना तयार गर्ने क्रममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाल सरकारका पूर्व उपसचिव बाबुराम सापकोटा, मस्यौदामा पृष्ठपोषण गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष कल्पना गुरूङ, प्रमुख प्रशासकीय अधिकृत धनेन्द्र भुजेल, सामाजिक विकास समितिका संयोजक लगायत वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू, जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, योजना निर्माणमा सहयोग पुर्‍याउने शिक्षा शाखाका अधिकृत खगेन्द्र लामिछाने लगायतका गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू, शिक्षक महासंघ मादी गाउँपालिका समितिका अध्यक्ष दशरथ सापकोटा लगायत पदाधिकारी तथा सदस्यहरू, शिक्षक संघ सङ्गठनका पदाधिकारी तथा सदस्यहरू, प्रधानाध्यापक, शिक्षक अभिभावक, नागरिक समाज लगायत पत्रकारहरू धन्यवादका पात्र हुनुहुन्छ ।

यस योजनाले प्रक्षेपण गरेका नतिजा प्राप्त गर्न उपयुक्त कार्यक्रमको छनौट र सफल कार्यान्वयन का लागि सबैको सहयोग र सद्भाव रहनेछ भन्ने अपेक्षा राखेको छु ।

**देवीजङ्ग गुरूङ**
**अध्यक्ष**
**मादी गाउँपालिका, कास्की**

## विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद १ | | |
| | परिचय | ९ |
| १.१ | पृष्ठभूमि | ९ |
| १.२. | गाउँपालिकाको परिचय | १० |
| १.२.१ | भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल | १० |
| १.२.२ | सामाजिक तथा सांस्कृतिक अवस्था | १० |
| १.२.३ | जनसङ्ख्या तथा क्षेत्रफल | ११ |
| १.२.४ | आर्थिक अवस्था | ११ |
| १.२.५ | शैक्षिक अवस्था | ११ |
| १.२.६ | साक्षरताको अवस्था | १२ |
| १.३ | मुख्य समस्याहरू | १२ |
| १.४ | चुनौतीहरू | १३ |
| १.५ | अवसर | १४ |
| परिच्छेद २ | | |
| | लक्ष्य निर्धारण | १५ |
| २.१. | दीर्घकालीन सोंच | १५ |
| २.२. | ध्येय | १५ |
| २.३. | लक्ष्य | १५ |
| २.४. | उद्देश्यहरू | १५ |
| २.५. | रणनीतिहरू | १६ |
| २.६. | कार्यनीतिहरू | १७ |
| २.७. | उपलब्धिहरू | १८ |
| २.८. | नतिजाहरू | १८ |
| २.९. | कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य | १९ |
| परिच्छेद ३ | | |
| | विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु | २१ |
| ३.१ | प्रारम्भिक बाल विकास र शिक्षा | २१ |
| ३.२ | आधारभूत शिक्षा | २६ |
| ३.३ | माध्यमिक शिक्षा | ३१ |
| ३.४ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकास | ३७ |
| ३.५ | उच्च शिक्षा | ४२ |

| | | |
|---|---|---|
| ३.६ | पाठ्यक्रम,पाठ्यपुस्तक तथा मूल्याङ्कन | ४४ |
| ३.७ | शिक्षक व्यवस्थापन र विकास | ४८ |
| ३.८ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ५५ |
| परिच्छेद ४ | | |
| | अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु | ६१ |
| ४.१ | शैक्षिक समता र समावेशीकरण | ६१ |
| ४.२ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ६७ |
| ४.३ | विपद् तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ७१ |
| ४.४ | विद्यालय भौतिक पूर्वाधार विकास | ७६ |
| ४.५ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ७९ |
| ४.६ | युवा तथा विकास | ८३ |
| ४.७ | खेलकुद | ८५ |
| परिच्छेद ५ | | |
| | सुशासन तथा व्यवस्थापन | ८७ |
| ५.१ | संस्थागत क्षमता विकास | ८७ |
| ५.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ९० |
| ५.३ | अनुगमन तथा मूल्याङ्कन | ९३ |
| परिच्छेद ६ | | |
| | लगानी र स्रोत व्यवस्थापन | ९६ |
| ६.१ | परिचय | ९६ |
| ६.२ | वर्तमान अवस्था | ९७ |
| ६.३ | समस्याहरु | ९७ |
| ६.४ | चुनौतीहरु | ९७ |
| ६.५ | अवसरहरु | ९८ |
| ६.६ | लक्ष्य | ९८ |
| ६.७ | उद्देश्यहरु | ९८ |
| ६.८ | रणनीतिहरु | ९८ |
| ६.९ | उपलब्धि | ९८ |
| ६.१० | प्रमुख नतिजा | ९८ |
| ६. ११. | प्रमुख क्रियाकलापहरु र लक्ष्य | ९९ |
| अनुसूचीहरु | | १०१ - |

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न र शिक्षामा पँहुच, गुणस्तर वृद्धि गर्न तथा सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालमा विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरू स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा यो ५ वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकासका लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशा निर्देश गर्न संघ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्न र शिक्षालाई समय सापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजना आवश्यक रहेको छ ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले शिक्षा सम्बन्धी २३ ओटा अधिकार तोकेको छ ।

आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी गाउँ शिक्षा योजना निर्माण गरिएको हो ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

यस योजनाले तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित भइ संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न सहज हुने छ । साथै कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन मा समेत मद्दत पुग्ने छ । यस योजनाले शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न समेत सहयोग पुऱ्याउने छ ।

## ४. शिक्षा योजना निर्माणका आधार

योजना निर्माण गर्दा निम्न लिखित दस्तावेजलाई मूल आधार मानी अन्य सान्दर्भिक सामग्री समेत प्रयोग गरिएको छ ।

क) नेपालको संविधान,
ख) सोह्रौँ आवधिक योजना,
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४,
घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७,
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली,
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना,
छ) राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९,
ज) विद्यालय शिक्षामा समता रणनीति,
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा,
ञ) स्थानीय तथा प्रदेश तहको आवधिक योजना,
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना,
ठ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना,
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८,
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बीचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गरिएको छ । साथै शिक्षा योजना निर्माण गर्दा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा सबलीकरण गरिएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

योजनाको निर्माण गर्दा सहभागितामूलक प्रक्रिया अवलम्बन गरी देहाय अनुसार गरिएको छ :

क) गाउँ सभा र गाउँ कार्यपालिका स्तरीय बैठक,
ख) योजना निर्माण समिति गठन,
ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण,
घ) गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अपाङ्गता भएका व्यक्ति र सम्बन्धित संघसस्था लगायत विभिन्न सरकारी/ गैरसरकारी संघसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन,

ङ)	स्थानीय तह तथा विद्यालय स्तरीय छलफल,

च)	योजनाको मस्यौदा तयारी,

छ)	मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण,

ज)	योजनाको अन्तिमीकरण,

झ)	बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन,

ञ)	स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन ।

**६. योजनाको लेखाजोखा**

योजना निर्माण गरिसकेपछि योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गर्नका लागि निर्माण भएको योजनाको आन्तरिक र वाह्य विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा लेखाजोखा गरिएको छ ।

**७. योजना दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ । परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ ।

# परिच्छेद एक

# परिचय

स्थानीय तहको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा परिचय खण्ड निकै महत्त्वपूर्ण मानिन्छ किनभने शिक्षा विकासमा भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था, शिक्षा क्षेत्रका प्रमुख समस्याहरू, अवसरहरू, चुनौतीहरू आदि परिवेशको प्रभाव रहने भएकाले शिक्षा क्षेत्रको यो योजना निर्माणका क्रममा यी परिवेशहरूको सामान्य समीक्षा गरिएको छ ।

**१.१ पृष्ठभूमि**

वर्तमान नेपालको संविधान अनुसार राज्य पुर्नसंरचना भई संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जस अनुसार हाल देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने धेय राखेको छ । नेपालको संविधानले समाजवाद राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका तथा आर्थिक रूपमा बिपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र आधारभूत तहमा मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहित समतामुलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवन पर्यान्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवन्ध गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधन विकासको अहम् भूमिका रहने कुरामा द्विविधा छैन् ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यन्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा नियमावलीले शिक्षा लगायत बालवालिकाहरूको हक र अधिकारलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले  शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । संघीय स्वरूपको राज्य व्यवस्थामा सबै तहका सरकार बीचको आपसी सम्बन्ध र सहकार्यले राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संशाधनको विकासबाट मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही बृहत्तर उद्देश्यका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रम बीच तादम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्य गरी योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ ।

यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान प्रविधि तथा नतवप्रवर्द्धन नीति, सामुदायिक विद्यालय सवलीकरण निर्देशिका, २०७६-२०७८ का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकासको लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड १९ ले पारेको प्रभाव समेत सम्बोधन गर्ने गरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (२०७८-२०८७) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले

नेपाललाई सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्दै तथा समृद्ध  नेपाल, सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा शिक्षा योजनाले महत्वपूर्ण भूमिका खेल्ने हुँदा मादी गाउँपालिकाले आफ्नो गाउँपालिकामा शिक्षाको पहुँच तथा गुणस्तर वृद्धि गर्न गाउँ शिक्षा योजना निर्माण गरी लागु गर्ने प्रयास गरेको हो ।

### १.२. गाउँपालिकाको परिचय

कास्की जिल्लाका स्थानीय तहहरूमध्ये मादी गाउँपालिका पनि एक हो । यो गाउँपालिका पोखरा देखि करिब १४ किलोमिटर उत्तर-पूर्वमा पर्दछ । वि. सं. २०४६ पछिको राजनीतिक परिवर्तनपछि बनेका पार्चे, नामार्जुङ, सिल्दुजुरे, थुमाकोडाँडा, सैमराङ, भाचोक, मिजुरेडाँडा, हंसपुर गा.वि.स. को वडा नं. ५ र ८, माझठानाको गा. वि. स. को वडा नं. १ र २, कालिका गा.वि.स. को वडा नं. ६ र ९ लाई एकीकृत गरी नेपालको संविधानमा भएको व्यवस्था अनुसार स्थानीय तह पुनर्संरचना आयोगको सिफारिसमा नेपाल सरकारले  वि.सं. २०७३ साल फाल्गुन २७ गते संघीय संरचना अनुसार स्थानीय तहको रूपमा मादी गाउँपालिका नामाकरण गरी घोषणा भएको हो । यस पालिकामा जम्मा १२ वटा वडाहरू छन् । ५६३ वर्ग किलोमिटर क्षेत्रफल भएको यस गाउँपालिका क्षेत्रफलको हिसाबले कास्की जिल्लाकै सबैभन्दा ठुलो गाउँपालिका हो ।

### १.२.१ भौगोलिक अवस्थिति, सिमाना र क्षेत्रफल

यो गाउँपालिका उत्तरमा प्रसिद्ध अन्नपूर्ण हिमश्रृङ्खलाको काखमा अवस्थित छ । सप्तगण्डकीको सहायक नदी मादी नदिको नामबाट यसको नामाकरण गरिएको हो । अन्नपूर्ण हिमश्रृङ्खला पार गरी मनाङ जाने नामुन भन्ज्याङ् यसै गाउँपालिकाको उत्तर पूर्वी भागमा पर्दछ । करिब २८'११'२५ उत्तर देखि करिब २८'३२'३०" उत्तरी अक्षांश र करिब ८४'०१'३४' पूर्व देखि ८४'१७'१५' पूर्वी देशान्तरमा रहेको यो गाउँपालिका समुन्द्र सतहको करिब ५२० मिटर (हंसपुर को तल्लो बेंसी) देखि ७९३५ मिटर (अन्नपूर्ण दोस्रो) सम्मको उचाइमा अवस्थित छ । गाउँपालिकाको क्षेत्रफल ५६३ वर्ग कि. मी. छ । यस गाउँपालिकाको पूर्वमा लम्जुङ जिल्लाको क्होलासोंथार, मर्स्याङदी र मध्येनेपाल नगरपालिका, पश्चिममा पोखरा महानगरपालिका र माछापूच्छ्रे गाउँपालिका, उत्तरमा मनाङ जिल्लाको चामे र नेस्याङ गाउँपालिका र दक्षिणमा पोखरा महानगरपालिका र रूपा गाउँपालिका पर्दछन् ।

### १.२.२ सामाजिक तथा सांस्कृतिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार मादी गाउँपालिकाको कुल जनसङ्ख्या १८,१५३ रहेकोकोमा जनगणना २०७८ मा ११.०७ प्रतिशतले घटेर  यस  गाउँपालिको कुल जनसङ्ख्या १६,१४२ रहेको छ । उक्त जनसङ्ख्यामा महिलाको जनसङ्ख्या ८,१२५ (५०.३%) र पुरूषको सङ्ख्या ८,०१७ (४९.७%) रहेको छ । गाउँपालिकाको औसत परिवार सङ्ख्या ३.९४ छ ।  यस पालिकामा मुख्य गुरूङ जातिहरूको बसोबास ( ३४.८%) छ भने दोस्रोमा ब्राह्मण जाति (२४.७%), तेस्रोमा कामी (१०.९%), क्रमशः क्षेत्री ( ९.८%), परियार (७.६%), मिजार (४.६%), मगर (२.२%), तामङ (१.६), घर्ती/भुजेल (१.५%)  र ठकुरी (१.२%) लगायत विविध जातजातिको बसोबास रहेको छ । धर्मको आधारमा हिन्दु (६८.१%), बौद्ध (१८.७%), बोन ( ११.९%) क्रिस्चियन ( १.२%) रहेका छन् ।

यस पालिका भित्र बसोबास गर्ने जातिहरूको आ-आफ्नै रितिरिवाज, चालचलन, सामाजिक मूल्य मान्यता, चाडपर्वहरू रहेका छन् । विशेष गरी ल्होसार, दसैं, तिहार, चैते दसैं, बुद्ध जयन्ती, तिज जनै पूर्णिमा, शिवरात्रि, नाग पञ्चमी आदि चाड पर्वहरू मान्ने गर्दछन् ।

### १.२.३ जनसङ्ख्या तथा क्षेत्रफल

पालिकाको कुल जनसंख्या १६,१४२ रहेको छ । जसमा महिलाको जनसंख्या ८१२५ र पुरूषको जनसंख्या ८०१७ रहेको छ । सबै भन्दा धेरै घर परिवार संख्या ५३८ र जनसंख्या १९७७ वडा नं. १ मा रहेको छ । सबैभन्दा कम घर परिवार सख्या वडा नं. ६ मा २४३ र जनसंख्या वडा नं. २ मा ९४१ रहेको छ । लैङ्गिक अनुपात १:१.०१३ रहेको छ । जनसंख्याको विवरण अनुसूची १ मा दिइएको छ । उमेरगत जनसंख्या प्रतिशत अनुसूची २ मा दिइएको छ ।

### १.२.४ आर्थिक अवस्था

यस गाउँपालिकाको उत्तरी भागमा पर्यटकीय स्थलहरूको विकासका साथै होमस्टे तथा होटलहरूको प्रशस्त विकास भएको पाइन्छ । यस गाउँपालिकाको मुख्य पेसा  कृषि हो । यस अन्तर गत मुख्य कृषिबालीहरूमा धान, मकै, गहुँ, कोदो, तरकारी खेतीमा आलु, काउली, बन्दा, मुला, कात्रो, फर्सी तथा फलफुलमा सुन्तला, अम्बा, निबुवा, केरा, मेवा साथै नगदे बालीमा अलैची, कफी, अदुवा आदि पर्दछन् । गाउँपालिकाको आम्दानीमा कृषि क्षेत्रको योगदान बढी रहेको छ  भने वैदेशिक रोजगारीको योगदान दोस्रो क्रममा पर्दछ र अन्यमा नोकरी, ज्याला मजदुरी, व्यवसायिक कार्य, उद्योग, पेन्सन आदि पर्दछन् ।

### १.२.५ शैक्षिक अवस्था

मादी गाउँपालिकामा ५२ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन् । संस्थागत तथा निजी विद्यालयहरू यस गाउँपालिका भित्र छैनन् । मादी गाउँपालिकमा विद्यालयमा आधारित ४९ वटा संघीय सरकारको अनुदानमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् जसमा ४९ जना सहजकर्ताको तलव भत्ता सरकारी अनुदान र थप ६ जना सहजकर्ताका लागि गाउँपालिकाको आफ्नै स्रो तबाट तलब भत्ताको व्यवस्था गरेको छ । ५२ वटा विद्यालयहरूमध्ये १२ वटा आधारभूत तह १-३ कक्षा सञ्चालित, २० वटा आधारभूत तह १-५ सञ्चालित, १० वटा आधारभूत तह १-८ सञ्चालित, १० वटा माध्यमिक तह सञ्चालित छन् । १० माध्यमिक विद्यालयहरू मध्ये पनि १ विद्यालयमा कक्षा ६-१० मात्र सञ्चालनमा छ भने ४ वटा विद्यालयहरूमा कक्षा ११-१२ सञ्चालनमा छन, विद्यालय विवरण अनुसूची ३ मा दिइएको । यस पालिकामा जम्मा ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन । यस पालिकामा हालसम्म कुनै पनि प्राविधिक शिक्षा दिने विद्यालयको व्यवस्था हुन सकेको छैन् साथै उच्च शिक्षाको अवसर पनि रहेको छैन । जसले गर्दा यहाँका विद्यार्थीहरू प्राविधिक तथा उच्च शिक्षा हासिल गर्नका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने भएको र सबै विद्यार्थीका लागि यो पहुँच योग्य नभएकोले उच्च शिक्षा हासिल गर्नबाट बञ्चित रहनुपर्ने तितो यथार्थ यस पालिकामा रहेको छ । यसै कुरालाई मध्यनजर गर्दै पालिकाले यस योजना अवधिमा प्राविधिक शिक्षाको व्यवस्थाका साथै उच्च शिक्षा अध्यापन गराउने क्याम्पसको स्थापना गर्ने लक्ष्य राखेको छ ।

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको संख्या ४२७ छ भने कक्षा १-५ को विद्यार्थी संख्या १,०७४, कक्षा ६-८ मा ५७१ रहेको छ भने माध्यमिक तर्फ कक्षा ९-१० मा ३४३, कक्षा ११-१२ मा १२८ जना गरी जम्मा विद्यार्थी संख्या २२४३ रहेका छन् ।

शिक्षक संख्या बालविकासमा ५५ जना सहजकर्ता छन् भने आधारभूत तह कक्षा १-५ मा १७९ जना, कक्षा ६-८ मा ५७ जना र १ जना अनुदान गरी ५८ जना, माध्यमिक तर्फ कक्षा ९-१० मा ३९ जना दरबन्दी र २ जना अनुदान गरी ४१ जना, कक्षा ११-१२ सञ्चालितमा ८ जना गरी जम्मा २८५ जना शिक्षकहरू कार्यरत रहेका छन् । शिक्षक विद्यार्थी अनुपात आधारभूत तह कक्षा १-५ को १:६, कक्षा १-८ को १:७, कक्षा

६-८ को १:१० रहेको छ भने माध्यमिक तर्फ कक्षा ९-१० को १:८, कक्षा ११-१२ सञ्चालितको १:१६ रहेको छ भने बालविकास केन्द्रमा १:८ रहेको छ।

यस पालिकाको प्रारम्भिक बालविकासको कुल भर्नादर ९८.९ प्रतिशत, खुद भर्नादर ६४.२ प्रतिशत रहेको छ। आधारभूत तह कक्षा १-५ को कुल भर्नादर १००.५ प्रतिशत, खुद भर्ना दर ९५.९ प्रतिशत छ भने कक्षा १-८ को कुल भर्नादर ९८.४ प्रतिशत, खुद भर्नादर ९५.० प्रतिशत रहेको छ। त्यसैगरी माध्यमिक तहको कक्षा ९-१० को कुल भर्नादर ८८.२ प्रतिशत र खुद भर्नादर ७२.८ रहेको छ भने कक्षा ११-१२ को कुल भर्ना दर ६७.२ प्रतिशत खुद भर्ना दर ४७.६ प्रतिशत हेको छ।

यस गाउँपालिकाको कक्षा १-५ को उत्तीर्णदर ८४.४ प्रतिशत, कक्षा ६-८ को ८७.३ प्रतिशत, कक्षा ९-१० को ८६.८ प्रतिशत, कक्षा ११-१२ को ८७.९ प्रतिशत रहेको छ भने कक्षा दोहोराउने दर कक्षा १-५ को ११.६ प्रतिशत, कक्षा ६-८ को ७.७ प्रतिशत, कक्षा ९-१० को ७.५ प्रतिशत र कक्षा ११-१२ को ०.० प्रतिशत रहेको छ। कक्षा छोड्ने दर कक्षा १-५ को १.२ प्रतिशत, कक्षा ६-८ को २.१ प्रतिशत, कक्षा ९-१० को २.७ प्रतिशत र कक्षा ११-१२ को २.५ प्रतिशत रहेको छ।

औषत सिकाइ उपलब्धि आधारभूत तह कक्षा ५ को ४३ प्रतिशत, कक्षा ८ को औषत ५३ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षा १० को जि.पि.ए. २.११ रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको साक्षरता दर ७७.४ प्रतिशत रहेको छ जसमध्ये पुरुषको ८६.० प्रतिशत र महिलाको ६९.० प्रतिशत रहेको छ। यो साक्षरता दर नेपालको साक्षरता दर ७६.२ प्रतिशत को तुलनामा बढी देखिन्छ भने गण्डकी प्रदेशका साक्षरता दर ८१.७ प्रतिशत को तुलनामा कम देखिन्छ। हाल विद्यमान रहेको निरक्षरको लागि निरन्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षा सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ। विद्यालयको विवरण अनुसूचि ३ मा दिइएको छ।

यस पालिकामा कुल विद्यार्थी संख्या २५४३ रहेका छन जस्मा छात्रा १२१६ छात्र १३२७ रहेका छन् भने अपाङ्गता भएक विद्यार्थीको सङ्ख्या ३० जना रहेको छ । समग्रमा पालिकाभर अपाङ्गता भएका विद्यार्थीहरू ३० जनामध्ये ८ जना विद्यार्थीहरू शारीरिक अपाङ्गता भएका, ४ जना वौद्धिक अपाङ्गता भएका, ३ जना न्यून दृष्टि भएका, ४ जना स्वर तथा बोलाइ सम्बन्धी अपाङ्गता भएका, १ जना विद्यार्थी बहिरा, १ जना सुस्तश्रवण, २ जना पूर्ण दृष्टिबिहिन, १ जना दृष्टिबिहिनता, १ जना अटिजम, १ जना सुस्तश्रवण दृष्टिविहिन भएका र ४ जना बालबालिकाहरू बहुअपाङ्गता भएका छन् । अपाङ्गता भएका विद्यार्थीको विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ ।

**१.२.६ साक्षरताको अवस्था**

राष्ट्रिय जनगणना २०७८ ले यस मादी गाउँपालिकाको साक्षरता दर महिला ६९.० प्रतिशत र पुरुष ८६.० प्रतिशत गरी जम्मा ७७.४ प्रतिशत देखाएको छ । अझै २२.६ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको तथ्याङ्कले देखाउँछ । पुरूषको साक्षता दर ८६.० प्रतिशत भन्दा महिलाको साक्षरता दर ६९.० प्रतिशत १७ प्रतिशतले कम रहेको छ ।

विभिन्न वर्षमा सञ्चालन गरिएका साक्षरता कक्षा तथा विद्यालय बाहिर रहेका विद्यार्थीहरूलाई विद्यालयको पहुँचमा ल्याई अध्ययन अध्यापनमा पहल गरी कास्की जिल्लालाई २०७२ आषाढ ३० गते पूर्ण साक्षरता जिल्ला ( करिब ९६%) जिल्ला घोषणा गरिएको थियो ।

**१.३ मुख्य समस्याहरू**

- विद्यालय शिक्षामा सबै बालबालिकाहरूको पहुँच र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु,
- भर्ना भएको विद्यार्थीको निरन्तरता नहुनु र कक्षा तथा तह पुरा गर्ने दर कम हुनु,

- अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसक्नु,
- तहगत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था हुन नसक्नु,
- विद्यालयको लागि प्रर्याप्त बजेट व्यवस्था नहुनु,
- सामुदायिक विद्यालयका शिक्षकहरूको पेसाप्रति लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणामा कमी हुनु,
- शिक्षकहरूलाई शिक्षा ऐन तथा नियमावली अनुसारको पुरस्कार र दण्डको व्यवस्था कार्यान्वयन नहुन,
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोड्न नसक्नु साथै शिक्षकको वृत्ति, विकास वैज्ञानिक र पारदर्शी नहुनु,
- नियमित अनुगमन नहुनु,
- शिक्षा नियमावलीले तोके अनुसार प्रधानाध्यापकको नियुक्ति हुन नसक्नु,
- संघीय शिक्षा ऐन जारी नहुनु,
- शिक्षकले तालिममा हासिल गरेको सीप कक्षाकोठामा प्रयोग हुन नसक्नु,
- स्थानीय शैक्षिक सामाग्रीहरूको प्रयोगमा कमी हुनु,
- सिकाइमा सुचना तथा संचार प्रविधिको प्रयोग कमजोर रहनु,
- विभिन्न प्रकारका शिक्षक रहनु, उचित पारिश्रमिक नहुनु, विद्यालय कर्मचारीको व्यवस्था व्यवस्थित नहुनु,
- विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयलाई समायोजन गर्न नसक्नु,
- पाठ्यक्रम र समसामयीक विषयमा शिक्षकलाई प्रबोधिकरण तालिम नहुनु,
- पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग कम हुनु,
- विद्यालयमा आवश्यक पूर्वाधार जस्तै भवन,कक्षा कोठा, खानेपानी, खेलमैदान, घेराबार,सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय आदिको कमी हुनु,
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उपचारात्मक शिक्षण विधिको प्रयोगमा कमी हुनु,
- विद्यालय व्यवस्थापन समितिको भूमिका प्रभावकारी नहुनु,
- अभिभावकहरूको चासो र सक्रियतामा कमी हुनु,
- स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार बीच समन्वयको कमी,
- उच्च शिक्षा अध्ययनको लागि कुनै पनि संस्था स्थापना नहुनु,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि कुनै अवसर नहुनु ।

**१.४ चुनौतीहरू**

- भौतिक सुधारमा हुने अपर्याप्त लगानी,
- विद्यालय शिक्षाको सर्वसुलभ पहुँच,
- उपयुक्त भौतिक पूर्वाधारको विकास,
- विद्यालय व्यवस्थापनमा सुधार,
- आन्तरिक सक्षमता,
- गुणस्तरको सुनिश्चितता,
- सार्वजनिक शिक्षाप्रति आकर्षण अभिवृद्धि,
- निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यन्वयन,

- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार,
- शिक्षामा सूचना प्रविधिको प्रयोग,
- विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण,
- जीवन पर्यन्त सिकाइ अवसरको सुनिश्चितता,
- व्यवहारीक, बालमैत्री एवम् प्रविधिमा आधारित शिक्षण सिकाइ प्रविधिको विकास,
- सबै बालबालिकालाई विद्यालय भर्ना,
- कक्षा छोड्ने दरलाई शून्यमा ल्याउने,
- शिक्षा क्षेत्रमा सुशासन तथा उत्तरदायित्व वृद्धि,
- सिकाइ उपलब्धिमा वृद्धि,
- संघ, प्रदेश र स्थानीय सरकार बिच समन्वय,
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी मिलान र पूर्नवितरण ।

**१.५ अवसर**

- संवैधानिक तथा कानुनी आधार प्राप्त हुनु,
- शिक्षा क्षेत्रमा लगानी वृद्धि हुनु,
- स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई शिक्षाका अधिकारहरू प्रदान गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यन्वयन हुनु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।
- विद्यमान संरचना, पूर्वाधार र जनशक्तिको उपलब्धता हुनु,
- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको संवैधानिक, कानुन र नीतिगत व्यवस्था हुनु,
- स्थानीय तहमा क्रियाशील संस्थाहरू उपलब्ध हुनु ,
- शिक्षा क्षेत्रको विकासमा विभिन्न साझेदार संस्थाहरूको लगानी र सहभागिता हुन,
- शिक्षा क्षेत्रमा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुन,
- संघ, प्रदेश र स्थानीय सरकारबाट शिक्षामा लगानी, समन्वय र सहकार्य हुनु,
- संघ, प्रदेश र स्थानीय सरकार शिक्षा क्षेत्रको गुणस्तर वृद्धि र विकासका लागि अग्रसर हुनु ।

परिच्छेदः दुई

# लक्ष्य निर्धारण

शिक्षा योजना निर्माणका क्रममा महत्त्वपूर्ण भागका रूपमा परिच्छेद दुई रहेको छ । आगामी १० वर्षभित्रमा स्थानीय तहको शिक्षा क्षेत्र कस्तो हुने भन्ने कुराको प्रतिविम्बन यस भागमा रहन्छ । योजनाको सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारण स्पष्ट हुन नसकेमा योजना प्रभावकारी बन्न सक्दैन । यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, कार्यनीतिहरू, अपेक्षित उपलब्धिहरू र मुख्य मुख्य कार्यसम्पादन सूचकहरूको लक्ष्य निर्धारणका बारेमा उल्लेख गरिएको छ । नेपाल सरकारले दीर्घकालीन सोंचको रूपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ । गण्डकी प्रदेशको दीर्घकालीन सोच "समृद्ध प्रदेश, सुखी प्रदेशवासी" रहेको छ । पन्धौं योजनाले "सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास" दीर्घकालीन सोचको रूपमा उल्लेख गरेको छ भने शिक्षा नीति, २०७६ मा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय रूपान्तरण र समृद्धि" उल्लेख गरेको छ । संघको शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोंच "आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यामबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने लक्ष्य तय गरेको छ । मादी गाउँपालिकाको आवधिक योजनामा समेत" पर्यटन, कृषि, जलस्रोत, वन, र पूर्वाधार; समन्यायीक समृद्धि मादीको मूल आधारः भनी पालिकाको दीर्घकालीन सोंच निर्धारण गरेको छ । माथि विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोंच तथा परिच्छेद १ मा उल्लेख गरेको पालिकाभित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र संभावनाहरूलाई समेत मध्यनजर गरी यस पालिकले निम्नानुसारको दीर्घकालीन सोच र गन्तव्य तय गरी दश वर्षे शिक्षा योजना तय गरेको छ ।

### २.१. दीर्घकालीन सोच ( Long–term Vision)

"कृषि, पर्यटन, स्वास्थ्य र शिक्षा विकासको लागि गुणस्तरीय प्राविधिक शिक्षा;
सभ्य समुन्नत र रोजगारमुखी समाज विकास मादीको इच्छा" ।

### २.२. ध्येय (Mission)

"वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई प्रयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशीतालाई आत्मसाथ गर्ने आफ्नो गाउँपालिका प्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने" ।

### २.३. लक्ष्य ( Aims)

- सबै वालबालिकालाई शिक्षामा समान पहुँचको अवसर प्रदान गरी गुणस्तरीय प्रविधीमैत्री, व्यवसाय मूलक, रोजगारमुखी शिक्षा प्रदान गर्ने र दक्ष सिर्जनशील प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने ।

### २.४. उद्देश्यहरू ( Objectives)

- सबै बालवालिकाहरूको लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
- शिक्षाको पहुँच र सहभगिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
- प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पूर्वधार तयार गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर उपलब्ध गराउनु,

- बालमैत्री तथा प्रविधिमैत्री गुणस्तरीय शिक्षा प्रदान गर्ने आवश्यक संस्थागत क्षमता विकास गर्नु,
- पालिकास्तरमा स्थानीय मूल्य मान्यता प्रविधि र सीपको प्रवर्द्धन गर्नु,
- शैक्षिक सुशासन प्रवर्द्धन गरी बालवालिकालाई सिकाइ प्रति उत्तरदायी बनाउनु,
- बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधारको निर्माण गरी सबै बालबालिकाका लागि शिक्षाको समतामूलक पहुँच र समावेशी शिक्षामा सहभागिताको सुनिश्चित गर्नु,
- विद्यालयहरूमा सुरक्षित भौतिक पूर्वाधार निर्माण गरी आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,
- विषयगत र कक्षागत शिक्षक दरबन्दीको व्यवस्था गर्नु,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित गर्नु,
- संघ र प्रदेश सरकारसँग समन्वय गरी उच्च शिक्षा सञ्चालन गर्नु,
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी कार्यान्वयन गर्नु ।

**२.५. रणनीतिहरू**

- गाउँपालिका भित्रको विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्न प्रत्येक बालबालिकाको हिडाइको १० देखि १५ मिनेटको पैदल दुरी भित्र प्रारम्भिक बालविकास केन्द्रको स्थापना गर्ने,
- सामुदायिक विद्यालयको सहज पहुँच नभएका बालबालिकाको लागि यातायातको साधन तथा छात्रावासको प्रवन्ध गर्ने,
- अभिभावकका लागि सचेतानामूलक तालिमको व्यवस्था गर्ने,
- विद्यार्थीहरूमा सिर्जनशीलता, सहयोग र स्वउत्प्रेरित भावनाको विकास गर्नको लागि खेलकुद, योग र ध्यानको माध्यमबाट सिकाई गर्न उपयुक्त पूर्वाधार तथा जनशक्तिको विकास गर्ने,
- विद्यार्थीहरूमा पठन सिपको विकास गर्न तथा खोज अन्वेषण एवम् प्रयोगात्मक अभ्यास बाट सिकाइ दिगो बनाउन पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधि संयन्त्रको स्थापना तथा विकास गर्न आवश्यक प्रबन्ध गर्ने,
- गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गरी आवश्यक स्थानमा उपयुक्त प्राविधिक शिक्षालयको स्थापनाका लागि संघीय र प्रादेशिक सरकारसँग समन्वय गर्ने,
- सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा सञ्चालन गर्न उपकरणको प्रबन्ध गरी आवश्यक जनशिक्तिलाई तालिमको अवसर प्रदान गरी क्षमता विकासको अवसर सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री र भयरहित वातावरण सिर्जना गर्ने,
- स्थानीय पाठ्यक्रमको समयानुकूल अध्यावधिक गरी कार्यान्वयन गर्ने,
- शैक्षिक सुशासन र गुणस्तरीय शिक्षाको लागि शिक्षक, प्रधानाध्यापक र विद्यालयसँग कार्यसम्पादन सम्झौता गर्ने,
- नक्शाङ्कनका आधारमा विद्यालय, तह तथा कक्षा मिलान गर्ने,
- सामुदायिक विद्यालयमा एक महिनाभन्दा बढी शिक्षकको अनुपस्थिति हुने अवस्थामा सिकाइ सुनिश्चितताका लागि पालिकामा शिक्षक बैंक स्थापना गरी परिचालन गर्ने,
- विद्यालयमा कार्यरत जनशक्तिलाई समयानुकूल क्षमता विकास तालिमको अवसर प्रदान गर्ने,
- सामुदायिक विद्यालय व्यवस्थापन तथा सञ्चालनका लागि उपुयुक्त बजेटको प्रबन्ध गर्ने,

- असाहय तथा अपाङ्गताको प्रकृति हेरी उपुक्त सामाग्री, तालिम, छात्रावृत्ति, स्वास्थ्य उपचार, यातायात तथा सहयोगीको प्रबन्ध गर्ने,
- नजिकको स्वास्थ्य संस्थासँग आवश्यक समन्वय गरी नियमित स्वास्थ्य जाँच, स्वास्थ्य शिक्षा, प्रौष्टिक आहार तथा सरसफाइको व्यवस्थापन गर्ने,
- स्थानीय उत्पादनमा आधारित प्रौष्टिक आहारको दिवा खाजा व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गर्ने,
- आपत्कालीन अवस्थामा प्रविधि तथा अन्य उपयुक्त माध्यमको प्रयोग गरी सिकाइ निरन्तरताको सुनिश्चित गर्ने,
- जुनसुकै कारणले भएको शैक्षिक क्षतिलाई परिपूरण गर्न उपयुक्त रणनीति अख्तियार गर्ने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने,
- विद्यालयमा नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालनको प्रबन्ध गर्ने,
- संघ र प्रदेश सरकारसँग समन्वय गरी उच्च शिक्षा सञ्चालनको लागि अनुरोध गर्ने ।

**२.६. कार्यनीतिहरू**

- सामुदायिक विद्यालयहरूमा आवश्यकताका आधारमा तोकिएको मापदण्ड ढाँचा अनुसार प्रारम्भिक बालविकास केन्द्रको स्थापना र व्यवस्थापन गरिनेछ,
- बालविकास केन्द्रको लागि आवश्यक सिकाइ सामग्री र आधुनिक प्रविधियुक्त कक्षाकोठा व्यवस्थापन सहित विस्तार गरिनेछ,
- प्रचलित कानुन बमोजिम वैज्ञानिक मापदण्डका आधारमा भौगोलिक नक्सांकन गरी आवश्यकता अनुसार विद्यालय स्थापना, समायोजन तथा पुनःस्थापना गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गरिनेछ,
- संघीय र प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणमा विद्यालयहरूको भौतिक, आर्थिक, शैक्षिक तथा मानव संसाधनको व्यवस्थापन गर्दै आधारभूत पूर्वाधारको प्रवर्द्धन गरिनेछ,
- सामुदायिक विद्यालयहरूमा आधारभूत तहमा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहमा निःशुल्क शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गर्नका लागि संघ र प्रदेशको समन्वयमा पालिका स्तरमा शैक्षिक कोषको स्थापन गरिनेछ,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार प्रचलित मूल्याङ्कन प्रणाली बमोजिम परीक्षा सञ्चालन तथा प्रमाणीकरण गर्नको लागि शिक्षकहरूलाई क्षमता विकास तालिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ,
- सम्भाव्यता तथा आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा दिने शिक्षालय स्थापना गरी संस्थागत क्षमता विस्तार गरिनेछ,
- आधारभूत तथा माध्यमिक शिक्षाको सान्दर्भिक र सहजीकरणका लागि सूचना प्रविधियुक्त शिक्षण सिकाइ वातावरण तयार गर्न आवश्यक उपकरण लगायत जनशक्तिको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ,
- विद्यालय शिक्षाको पहुँचबाट बञ्चित समुदायलाई वैकल्पिक सिकाइ सहजीकरण मार्फत शिक्षाको मूल धारमा समाहित गर्नको लागि सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमता सबलीकरण गरिनेछ,
- अभिभावकको आयआर्जन, सीपविकास गर्नको लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन

गरिनेछ,

- सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना दर वृद्धि गर्न, उपस्थिति दर वृद्धि गर्न, विद्यालय छाड्ने दर न्यूनीकरण गर्न,सिकाइ उपलब्धि दर वृद्धि गर्नको लागि संघीय तथा स्थानीय सरकारको सहयोगमा बालबालिकालाई पोषणयुक्त दिवा खाजाको प्रबन्ध गरिनेछ,
- गरिब, सुविधाविहिन,  कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन र सिकाइ निरन्तरताका लागि छात्रावृत्ति,उपयुक्त सिकाइ सामाग्री,यातायात सेवा, सहयोगी सेवा, शिक्षक तालिम साथै उपयुक्त भौतिक पूर्वाधारको प्रबन्ध गरिनेछ,
- विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार र  प्रविधियुक्त शिक्षण व्यवस्था र नतिजामा आधारित उत्तरदायी प्रणालीको विकास गर्न संघीय,प्रादेशिक सरकारको सहयोगमा पेसागत सहयोग र अनुगमन संयन्त्रको व्यवस्था गरिनेछ,
- आपतकालीन तथा संकटको अवस्थामा सिकाइ निरन्तरताका लागि विद्यालय, अभिभावक तथा समुदायहरूलाई पूर्व तयारी सचेतना सम्बन्धी तालिम र आवश्यक सामाग्रीको प्रबन्ध गरिनेछ ।

**२.७. उपलब्धिहरू**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भइ गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**२.८. नतिजाहरू**

- आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ,
- सबै विद्यालयमा प्रथामिकता प्राप्त आवश्यकता पूरा भएको हुनेछ,
- विद्यार्थीको औसत सिकाइ उपलब्धिमा वृद्धि भएको हुनेछ,
- सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ,
- आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क, माध्यमिक शिक्षा निःशुल्क र प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ,
- सबै विद्यालयमा सूचना तथा प्रविधि सहितको शिक्षण सिकाइ क्रियाकलाप कार्यान्वयन भएको हुनेछ,
- गरीबी तथा सुविधाबाट बञ्चित भएका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन भई सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ,
- गाउँपालिका तथा विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ,
- योग्य, सक्षम, प्रविधिमा निपूर्ण, शिक्षकको व्यवस्थापन भई विद्यार्थीहरूको सिकाइमा सुधार हुनेछ,
- शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ,
- राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारमूलक नागरिक तयारको आधार निर्माण हुनेछ,
- सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुनेछ,
- विपद् तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चिता

भएको हुनेछ,

- विद्यार्थीहरूलाई सुरक्षित र प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध भएको हुनेछ,
- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार भई विद्यार्थीलाई प्रविधियुक्त समयानुकूल गुणस्तरीय सिकाइको अवसर प्राप्त हुनेछ,
- विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षाको प्रबन्ध, प्रयोगशाला, पुस्तकालय लगायतका संरचना स्थापना गरी गुणस्तरीय शिक्षा प्राप्त भएको हुनेछ ।

**२.९. कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य**

- यस योजनामा मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्यहरू निम्न बमोजिम निर्धारण गरिएको छ ।

| सूचकाङ्क | आधार वर्ष २०८०/०८१ (राष्ट्रिय) | आधार वर्ष २०८०/०८१ (पालिका) | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८५/०८६ | २०९१ ०९२ |
| प्रारम्भिक बालविकास शिक्षामा कुल भर्नादर | १००.७ | ९८.९ | ९९.० | १००.० |
| प्रारम्भिक बालविकास शिक्षामा खुद भर्नादर | ७९.० | ६४.२ | ८४.० | १००.० |
| प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने वालबालिकाको प्रतिशत | ७६.९ | ९३.२ | ९६.० | १००.० |
| कक्षा १ मा कुल नयाँ भर्ना दर (GIR ) | ११५.९ | १०६.९ | १०३.० | १००.० |
| कक्षा १ मा खुद नयाँ भर्ना दर (NIR ) | ९५.७ | ९६.४ | ९८.० | १००.० |
| आधारभूत तहमा कुल भर्ना दर (GER ) | | | | |
| कक्षा १-५ | १२४.८ | १००.५ | १००.० | १००.० |
| कक्षा १-८ | १२१.६ | ९८.४ | ९९.० | १००.० |
| आधारभूत तहमा खुद भर्ना दर (NER ) | | | | |
| कक्षा १-५ | ९५.६ | ९५.९ | ९८.० | १००.० |
| कक्षा १-८ | ९५.२ | ९५.० | ९७.० | १००.० |
| माध्यमिक तहमा कुल भर्ना दर (GER) | | | | |
| कक्षा ९-१० | ९८.७ | ८८.२ | ९५.० | १००.० |
| कक्षा ९-१२ | ८३.२ | ६७.२ | ७५.० | ९०.० |
| माध्यमिक तहमा खुद भर्ना दर (NER) | | | | |
| कक्षा ९-१० | ७६.५ | ७२.८ | ८०.० | ९१.० |
| कक्षा ९-१२ | ५६.८ | ४७.६ | ६०.० | ७२.० |
| साक्षरता प्रतिशत | ७६.२ | ७७.४ | ८०.० | ८५.० |
| आधारभूत तह कक्षा ५ पूरा गर्ने दर | ८९.१ | ८८.४ | ९२.० | ९६.० |
| आधारभूत तह कक्षा ८ पूरा गर्ने दर | ८७.३ | ८३.२ | ८८.० | ९५.० |
| बाल विकासको लैङ्गिक अनुपात | | १:१.६ | १:१.३ | १:१.१ |
| कक्षा १-५ को लैङ्गिक अनुपात | | १:०.८४ | १:१.३ | १:१ |
| कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ८७.३ | ९१.७ | ९४.० | ९७.० |
| कक्षा ६-८ को लैङ्गिक समता अनुपात | | १:०९३ | १:०९७ | १:१ |
| कक्षा ९-१० को लैङ्गिक अनुपात | | १:०९८ | १:०९९ | १:१ |

| | | | | |
|---|---|---|---|---|
| कक्षा ११-१२ को लैङ्गिक अनुपात | | १:१ | १:१ | १:१ |
| कक्षा ५ सम्म टिकाउ दर | | ८७.२ | ९०.५ | ९२.५ |
| कक्षा ८ सम्मको टिकाउ दर | ८६.४ | ८७.० | ९१.० | ९८.० |
| आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | | ५९.५ | ६०.१ | ६१.१ |
| कक्षा ५ का विद्यार्थी औषत सिकाइ उपलब्धि प्रतिशत | | ४३ | ५३ | ६३ |
| कक्षा ८ का विद्यार्थी औषत सिकाइ उपलब्धि प्रतिशत | | ५३ | ६३ | ६४ |
| माध्यमिक तह कक्षा १० को औषत सिकाइ उपलब्धि प्रतिशत | | २:११ | २.८ | ३.४ |
| आधारभूत तह कक्षा १-५ को उत्तीर्ण प्रतिशत | ९०.५ | ८४.४ | ८८.५ | ९३.५ |
| आधारभूत तह कक्षा ६-८ को उत्तीर्ण प्रतिशत | ९३.१ | ८७.३ | ९१.५ | ९५.५ |
| माध्यमिक तह कक्षा ९-१० को उत्तीर्ण प्रतिशत | ८९.७ | ८६.८ | ९०.५ | ९५.५ |
| माध्यमिक तह कक्षा ११-१२ को उत्तीर्ण प्रतिशत | ७०.३ | ८७.९ | ९२.५ | ९४.५ |
| कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात | १:८ | १:६ | १:८ | १:१२ |
| कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात | १:११ | १:१० | १:१२ | १:१५ |
| कक्षा ९-१० मा विद्यार्थी शिक्षक अनुपात | १:१९ | १:८ | १:१२ | १:१५ |
| कक्षा ११-१२ मा विद्यार्थी शिक्षक अनुपात | १:३१ | १:१६ | १:२० | १:२५ |
| पालिकाको कुल बजेटमा शिक्षाको लगानी प्रतिशत | | १४.१४ | १५ | १६ |

**परिच्छेद ३:**

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उप-क्षेत्रहरू

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य मुख्य उपक्षेत्रहरू, जस्तै- प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, साक्षरता र जीवनपर्यन्त शिक्षा, शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका उपक्षेत्रहरूलाई परिचय, वर्तमान अवस्था, समस्या, चुनौती, अवसर, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू र मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता ११ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाङ्गिण विकास अन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्नसक्ने भएकाले बालबालिकाका उल्लेखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक हुन्छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । विभिन्न समयावधिका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्धौं योजनामा पनि सोही व्यवस्था उल्लेख गरि एको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ ।

नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ । यसैगरी ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ । शिक्षा (नवौँ संशोधन) ऐन २०२८ ले चारवर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षाको परिकल्पना गरेको छ । यसै गरी सोही ऐनको दफा ११ त (१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमो जिम हुने छ" भनी उल्लेख गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । विद्यालय क्षेत्र विकास योजनाले पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालविकास र शिक्षालाई अधिकार

मा आधारित बनाउने र विद्यालय प्रवेशको तयारी गराउने उद्देश्य तथा रणनीति लिएको छ । यसैगरी पन्ध्रौँ योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने रणनीति तय गरेको छ । यसले कम्तिमा एक विद्यालय "एक बालविकास केन्द्र" को अवधारणा अन्तर्गत स्थानीय तहमार्फत बालविकास केन्द्रहरूको पुनर्वितरण गरी संघीय सरकारबाट हाल उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रदेश तथा स्थानीय तहबाट समेत लगानी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने कार्यनीति तय गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन स्थानीय तहबाट नै हुने व्यवस्था गरेको छ ।

विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न संघ सस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा यसलाई नियमन र नियन्त्रण गर्न २०६२ सालमा तत्कालिन शिक्षा विभागले पाठ्यक्रमको रूपमा "प्रारम्भिक बालविकास दिग्दर्शन" र २०६८ सालमा "प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्ड" तयार गरी कार्यान्वयन गर्दै आएको छ । शिक्षा ऐनको नवौँ संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएको हुनाले शिक्षा विभागबाट विकसित दिग्दर्शन तथा मापदण्ड समेतका आधारमा चारवर्ष (४८महिना पूरा गरेका) उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि विद्यालय, समुदाय वा निजीस्तरबाट सञ्चालित बालविकास कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम विकास गरिएको छ । यस पाठ्यक्रमले बालबालिकाको रूचि, क्षमता र आवश्यकता साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका साथै बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका र अन्य स्रोतको प्रयोग गरी प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने पक्षमा जोड दिएको छ । वर्तमान परिप्रेक्ष्यमा यसका लक्ष्य, सक्षमता, विकास तथा सिकाइका क्षेत्र र सिकाइ उपलब्धिहरू, सिकाइ सहजीकरण प्रक्रिया, पाठ्यक्रम कार्यान्वयनका मापदण्ड, मूल्याङ्कन प्रक्रिया र शिक्षकको भूमिकाका बारेमा यहाँ उल्लेख गरिएको छ । पालिकाको शिक्षा ऐन, २०७५ ले समेत एकवर्षे पूर्व प्राथमिक शिक्षामा जोड दिएको छ । चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यत्रम सञ्चालन गरिने नीतिगत प्रबन्ध पन्ध्रौं यो जना, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ राष्ट्रिय शिक्षा नीति, २०७६ र प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०७८ सम्ममा समेत उल्लेख गरि एको छ ।

### ३.१.२. वर्तमान अवस्था

मादी गाउँपालिकामा जम्मा ४९ वटा सरकारी अनुदान प्राप्त प्रारम्भिक बालबिकास केन्द्र रहेका छन् । ४ वर्ष उमेरका केटाकेटीको संख्या २७४ रहेको छ भने बालबिकास केन्द्रमा भर्ना भएका बालबालिको सङ्ख्या ४२७ रहेको छ । ४९ वटै प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा सञ्चालन भएका छन् । जसमा अनुदान प्राप्त विद्यालयमा आधारित बालविकास केन्द्र ४९ वटा छन् । वालविकास केन्द्रका सहज कर्ता ५५ जना छन् जसमध्ये पालिकाको अनुदानमा ६ जना सहजकर्ताको व्यवस्था गरिएको छ । सम्पूर्ण बालविकास केन्द्रमा ४२७ जना बालबालिका छन् जसमध्ये तीन वर्ष मुनिका ३० जना, ३ वर्षका ६४, चार वर्षका २७ जना र ४ वर्षभन्दा माथिका ५९ रहेका छन् ।

जनसङ्ख्या भन्दा भर्ना भएका बालबालिकाको सङ्ख्या बढी हुनुले बालविकास केन्द्रमा भर्ना भएका सबै बालबालिका ४ वर्ष उमेरका मात्र नभई ३ वर्ष र ५ वर्ष उमेरका समेत रहेका छन् भन्ने

बुझिन्छ । प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर (GER) ९८.९ प्रतिशत रहेको छ भने खुद भर्नादर (NER) ६४.२ प्रतिशत रहेको छ । यसबाट स्पष्ट हुन्छ की अझै ३५.८ प्रतिशत ४ वर्ष उमेरका बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना हुन सकेका छैनन् । कसरी उमेर अनुसार भर्ना गर्ने भन्ने विषय समस्या बनेको छ । बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिका ९६ प्रतिशत हुनुले अझै ४ प्रतिशत बालबालिका विद्यालयको कक्षा १ भर्ना हुनु पूर्व बालविकास केन्द्रमा भर्ना भई अनुभव हासिल गरेको देखिदैन । प्रारम्भिक बालविकास र शिक्षामा बालबालिकाको लैङ्गिक समतासूचक १:१.६ रहेको छ । प्रारम्भिक बालविकासमा कार्यरत सबै शिक्षकहरू महिला रहेका छन् । सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा कार्यरत ५५ जना सहयोगी कार्यकर्ता मध्ये ७ जना कक्षा आठसम्म योग्यता भएका, ४ जना कक्षा दश सम्म योग्यता भएका र ४३ जना कक्षा १० भन्दा माथिल्लो योग्यता भएका सहयोगी कार्यकर्ता छन् भने जम्मा ५५ जना सहयोगी कार्यकर्ता मध्ये ३२ जना तालिमप्राप्त छन् बाँकी २३ जनाको लागि तालिमको आवश्यकता छ । विद्यालयमा बालविकास केन्द्रको लागि छुट्टै कक्षाकोठाको व्यवस्था गरिएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी प्रारम्भिक बालविकास र शिक्षामा लगानीको सुनिश्चितताको लागि लागत सहभागिता मापदण्ड २०७७ कार्यान्वयनमा ल्याइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने केन्द्रहरूको कार्यसम्पादन परीक्षण र बाल बालिकाहरूको सिकाइ तथा विकासस्तर परीक्षणको कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भइरहेको छ । शिक्षकहरूको पेसागत विकासका लागि तालिमका प्याकेजहरू निर्माण गरी शिक्षकको पेसागत विकास तालिम सञ्चालन भइरहेको छ । विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था छ भने सञ्चालनको लागि स्थानीय तहले अनुमति तथा स्वीकृति दिने व्यवस्था रहेको छ ।

### ३.१.३ समस्याहरू

- सबै बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना नहुनु,
- शिक्षकको योग्यता र तालिम नहुनु,
- शैक्षिक सामग्री अभाव हुनु,
- अभिभावकमा चेतनाको कमी हुनु,
- पूर्वाधार विकासको लागि अर्थिक अभाव हुन,
- नियमित अनुगमन र सुपरीवेक्षण नहुनु,
- स्थानीय संघ संस्था र सरोकारवलाहरू सँग समन्वय नहुनु,
- बालमैत्री र अपाङ्गमैत्री संरचना नुहुनु,
- न्यून सङ्ख्यामा बालवालिका भर्ना हुनु,
- पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध नहुनु,
- बालबालिकाको व्यवस्थित बसाइ व्यवस्था नहुनु,
- बालबालिकाको स्वास्थ्य जाँच नहुनु,
- आयाको व्यवस्था नहुनु,
- कक्षा व्यवस्थापन र सिकाइ क्षेत्रको व्यवस्थापन नहुन,

- बालविकासको सिद्धान्त अनुसार सिकाइ व्यवस्था नहुनु ।

### ३.१.४ चुनौतीहरू

- सिमान्तकृत र भौगोलिक हिसाबले पछाडि परेका र अपाङ्गता भएका बालबालिकाहरूको प्रारम्भिक बालविकास शिक्षामा पहुँच,
- प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्डको कार्यन्वयन,
- प्रारम्भिक बालविकास शिक्षाका शिक्षकहरूको पारिश्रमिक वृद्धि तथा क्षमता विकास,
- बालविकास केन्द्रप्रति अभिभावक तथा सरोकारवालाको आकर्षण,
- आन्तरिक सक्षमता,
- अभिभावकको अस्थायी बसाइँसराइ,
- बालविकास केन्द्रमा सिकाइ क्षेत्रको व्यवस्था,
- बालबालिकाको सञ्चित अभिलेख (Portfolio) ,
- बालमैत्री र अपाङ्गमैत्री भौतिक संरचना,
- बालविकास शिक्षाको मर्म अनुसार सिकाइ व्यवस्था,
- सिक्दै खेल्दैको सिद्धान्त अनुसार खेल तथा शैक्षिक सामाग्रीको व्यवस्था,
- बालविकास शिक्षकको पेसागत सुरक्षा स्थायीत्व र वृत्ति विकास ।

### ३.१.५ अवसर

- संवैधानिक तथा कानुनी अधिकार प्राप्त हुनु,
- सहजकर्ताको व्वस्था हुनु,
- स्थानीय सरकारको सक्रियता हुनु,
- गैह्र सरकारी संस्थाको सहयोग प्राप्त हुनु,
- अभिभावकको चासो बढ्नु ।

### ३.१.६ लक्ष्य

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

### ३.१.७ उद्देश्य

- प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षामा भौतिक सुधार, शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गर्नु,
- प्रारम्भिक बालविकासको गुणस्तर सुनिश्चित गर्नु,
- बालबालिकालाई आधारभूत शिक्षाको लागि तयारी गर्नु ।

### ३.१.८ रणनीतिहरू

- सबै बालबालिकाको बाल विकास शिक्षामा पहुँच सुनिश्चित गर्न बालविकास शिक्षालाई अनिवार्य गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा तोकिएको मापदण्ड, नम्स र ढाँचा अनुसार सञ्चालन गर्ने ,
- केन्द्रको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र सथापना गर्ने,
- विभिन्न लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न समतामूलक वैकल्पिक नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

- नमुना बालविकास केन्द्रहरू स्थापना गर्ने,
- सहजकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने,
- संघ र प्रदेश सरकार तथा संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी बालविकास केन्द्रको भौतिक सुधार, खेल सामग्री, शैक्षिक सामग्रीको विकास गर्ने,
- बालकक्षा व्यवस्थापन, कक्षा सजावट, शैक्षिक सामग्रीहरू व्यवस्थापन गर्ने ।

### ३.१.९ उपलब्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ,
- सबै बालविकास केन्द्रमा भौतिक तथा खेल सामग्री र शैक्षिक सामग्रीको व्यवस्था भई बालमैत्री कक्षा सञ्चालन भएको हुनेछ ।

### ३.१.१० प्रमुख नतिजा

- प्रारम्भिक बालविकास तथा शिक्षाको खुद भर्नादर १०० पुगेको हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कुल भर्नादर १०० पुगेको हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर १०० पुगेको हुनेछ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्,
- १०० प्रतिशत सहयोगी कार्यकर्ताहरले तालिम प्राप्त गरेका हुनेछन्,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछन् ।

### ३.१.११ प्रमुख क्रियाकलाप र लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड ऐन, नियम,निर्देशिकाको प्रबोधिकरण | जना | ५० | १०० | ५० | १०० | - | - | - | - | - | - | १०० | २०० | २०० | ४०० |
| प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्न तथा पुनर्वितरण | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| समुदाय, गैरसरकारी संघसंस्था, निजीक्षेत्र सँगको सहकार्यमा पहुँच र गुणस्तर सुनिश्चित हुने कार्यक्रम सञ्चालन | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| बालबालिकाको अभिलेखीकरण पोर्टफोलियो | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | जना | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | २५ | २५० | ५० | ५०० |
| पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | २५०० | १०० | ५००० |
| शिक्षकको योग्यता र क्षमता विकास | जना | ५० | २०० | ५० | २०० | ५० | २०० | ५० | २०० | ५० | २०० | २५० | १००० | ५०० | २००० |
| बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख | पटक | २ | ५० | २ | ५० | २ | ५० | २ | ५० | २ | ५० | १० | २५० | २० | ५०० |
| बालविकास केन्द्र सञ्चालन तथा शिक्षक/विद्यालय कर्मचारी तलब भत्ता | पटक | १ | ३०००० | १ | ३०००० | १ | ३०००० | १ | ३०००० | १ | ३०००० | ५ | १५०००० | १० | ३००००० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | ३१३५० | | ३१३५० | | ३१२५० | | ३१२५० | | ३१२५० | | १५६४५० | | ३१२९०० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार नेपालमा प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ । यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याइ गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।

### ३.२.२.वर्तमान अवस्था

मादी गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ कक्षा १-३  सञ्चालन भएका १० वटा, कक्षा १-५ सञ्चालन भएका २० वटा, कक्षा १-८ सञ्चालन भएका १० वटा, कक्षा १-१० सञ्चालन भएका ५ वटा, कक्षा १-१२ सञ्चालन भएका ४ वटा र कक्षा ६-१० सञ्चालन भएका १ वटा विद्यालय गरी जम्मा ५० वटा विद्यालय छन् भने निजी संस्थागत तर्फको कुनै पनि विद्यालय छैनन् । आधारभूत तहमा (१-५) अध्ययन गर्ने बालबालिकाको सङ्ख्या १०७४, कक्षा १-५ मा सबैभन्दा धेरै विद्यार्थी रहेका छन् ।  प्रारम्भिक बालविकासमा ४२७ ,कक्षा ६-८ मा ५७१  गरी १-८ मा जम्मा १६४५ विद्यार्थी रहेका छन् । हाल ४९ वटा विद्यालयमा बालविकास केन्द्र सञ्चालनमा रहेका छन । संघीय सरकारबाट ४९ र स्थानीय सरकारबाट ६ जना थप गरी जम्मा ५५ जना बालविकास सहजकर्ता कार्यरत छन् ।

बालबालिकाको औपचारिक शिक्षाको सुरूवात र माध्यमिक शिक्षाको जग आधारभूत शिक्षा हो । मादी गाउँपालिकाका ५० वटा सामुदायिक विद्यालयहरूमा आधारभूत तह सञ्चालनमा रहेको छ ।  यस पालिकामा आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्था र अभिभावकमा चेतनाको कमी आदि कारणले प्रभाव पारेको छ । मादी गाउँपालिकाको आधारभूत शिक्षामा सबै बालबालिकाहरूको पहुँच वृद्धि गर्न र बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन बालमैत्री वातावरण, सरसफाइ, दिवा खाजा, सचेतना कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन भएको छ । तथापि सबै बालबालिकाहरू विद्यायलमा भर्ना हुन सकेका छैनन् । यस पालिकामा कक्षा १-५ सञ्चालन भएका विद्यालय २० वटा छन् । पालिकामा ५-९ वर्ष उमेरको जनसङ्ख्या १११४ रहेको छ भने आधारभूत तह १-५ मा भर्ना भएको बालबालिकाको सङ्ख्या १०७४ रहेको छ । यसरी हेर्दा यस पालिकाको आधारभूत तह १-५ को कुल भर्ना दर (GER) १००.५% देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने आधारभूत तह १-५ मा अध्ययनरत सबै बालबालिकाहरू ५-९ वर्ष उमेरका मात्र छैनन् । ५ वर्ष मुनिका र ९ वर्ष माथिका उमेर समूहका

बालबालिकाहरू पनि अध्ययन गरिरहेका छन् । त्यसैगरी यस गाउँपालिकाको खुद भर्ना दर (NER) ९५.९% रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने अझै आधारभूत तह कक्षा १-५ को उमेर समूह ५-९ वर्षका करिब ४.१% बालबालिकाहरू विद्यालय आएका छैनन् । यी बालबालिकाहरूलाई विद्यालय भर्ना गराइ शिक्षाको मूल धारमा ल्याउन आवश्यक देखिन्छ । यसो हुनुमा भौगोलिक विकटता अभिभावकको चेतना, आर्थिक सामाजिक अवस्था जिम्मेवार रहेका छन् । त्यसै गरी आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालय सङ्ख्या १० वटा रहेका छन् । जसमा १६४५ विद्यार्थीहरू अध्ययनरत छन् । आधार भूत तह १-८ को कुल भर्ना दर (GER) ९८.४ प्रतिशत रहेको छ । तसर्थ यस तहमा पनि १०-१२ वर्ष उमेरका बालबालिका मात्र नभइ कम तथा बढी उमेर भएका बालबालिका समेत संलग्न रहेको पुष्टि हुन आउँछ । कसरी उमेर समूहमा ल्याउने भन्ने चुनौतीको विषय बनेको छ भने यस तहको खुद भर्नादर (NER)९५.० प्रतिशत रहेको छ । यसबाट ५ प्रतिशत १०-१२ वर्ष समूहका बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । तिनीहरूलाई विद्यालयभित्र ल्याउनु समस्याको विषय बनेको छ । आधारभूत तह १-५ मा कार्यरत शिक्षक दरबन्दी सङ्ख्या १७९ रहेको छ । शिक्षक विद्यार्थी अनुपात १:६ रहेको छ । त्यसैगरी ६-८ मा ५८ जना शिक्षकहरू कार्यरत रहेका छन् । यस तहको शिक्षक विद्यार्थी अनुपात १:१० रहेको छ । आधारभूत तह कक्षा ५ को औसत सिकाइ उपलब्धि ४३ प्रतिशत रहेको छ भने कक्षा ८ को ५३ प्रतिशत रहेको छ । यो उपलब्धिलाई वृद्धि गर्नु पनि अर्को समस्याको विषय बनेको छ । भौतिक अवस्था हेर्दा आधारभूत तहका ५ वटा विद्यालयहरूमा पक्की साथै टिनको छानो भएका कच्ची भवन समे त रहेका छन ४० वटा विद्यालयमा टिनको छानो भएका कच्ची भवनहरू छन् । विद्यालयहरूमा प्रर्याप्त कक्षा कोठा छैनन् । ३८ वटा विद्यालयमा शौचालयको व्यवस्था छ भने २ वटामा छैन । ११ वटामा पुस्तकालय, ३ वटामा विज्ञान कक्ष, ४ वटामा सूचना प्रविधि कक्ष छैन । २३ वटामा खेल मैदान, ३१ वटा विद्यालयमा घेराबार, ११ वटा विद्यालयमा पुस्तकालय, ४ वटा विद्यालयमा ICT ल्याबको व्यवस्था भए पनि पर्याप्त छैन ।

मादी गाउँपालिकाले बालबालिकाहरूको पहुँच वृद्धि गर्न विभिन्न किसिमका छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक, भौतिक निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको भए तापनि अझै पर्याप्त मात्रामा हुन सकेको छैन ।

### ३.२.३ समस्याहरू

- विद्यालय उमेरका सबै बालबालिकाको पहुँच नहुनु,
- शिक्षाको राष्ट्रिय नीति र न्यूनतम मापदण्ड जारी नहुनु,
- संघीय शिक्षा ऐन जारी नहुनु,
- विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान हुन नसक्नु,
- शिक्षा शाखामा प्रर्याप्त कर्मचारी नहुनु,
- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सिकाइमैत्री वातावरण नहुनु,
- आवश्यक मापदण्ड अनुसारका भौतिक पूर्वाधार नहुनु,
- शिक्षकको पेसागत विकास तथा कार्यसम्पादन स्तर मूल्याङ्कन नहुनु,
- अव्यवस्थित विस्तार हुनु,
- स्थानीय तहको भूमिकामा स्पष्टता नहुनु,
- शिक्षण सिकाइ प्रभावकारी हुन नसक्नु,

- कक्षा छोड्ने दर बढी हुनु,
- उत्तीर्ण हुने दर कम हुनु,
- विद्यालय व्यवस्थापन समिति र अभिभावक-शिक्षक संघको सक्रिय सहभागिता नहुनु ।

### ३.२.४ चुनौतीहरू

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन,
- आधारभुत शिक्षामा सबै बालबालिकाको पहुँचको सुनिश्चितता,
- विद्यार्थीहरूको सिकाइ उपलब्धिमा र गुणस्तरमा सुधार,
- बालबालिकालाई सुरक्षित, भौतिक तथा बालमैत्री वातावरणको व्यवस्था,
- शिक्षकहरूले लिएको तालिमको कक्षाकोठामा प्रयोग,
- आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य शिक्षक व्यवस्थापन,
- शिक्षक तथा विद्यार्थीमा प्रविधिको पहुँच,
- विद्यालय शिक्षामा समता र समावेशिता,
- आन्तरिक सक्षमता,
- सान्दर्भिकता,
- शिक्षकको योग्यता र स्तर,
- विद्यालय व्यवस्थापन,
- शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि,
- व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित शिक्षण सिकाइको व्यवस्था,
- विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण,
- नियमित विद्यालय अनुगमन तथा निरीक्षण ।

### ३.२.५ अवसरहरू

- स्थानीय तहमा शिक्षा ऐन, नियम तथा नीतिहरूको निर्माण हुनु,
- संवैधानिक तथा कानुनी अधिकार प्राप्त हुनु,
- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था हुनु,
- विद्यमान भौतिक संरचना, शिक्षक तथा कर्मचारीको व्यवस्था हुनु,
- स्थानीय सरकारको सक्रियता र प्रतिबद्धता हुनु,
- गैरसरकारी संस्थाको साझेदारी तथा लगानी हुनु,
- विद्यालयमा विद्यालय व्यवस्थापन समितिको व्यवस्था हुनु,
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन हुनु,
- मोबाइल नेटवर्क, इन्टरनेटको पहुँच हुनु,
- स्थानीय तहबाट योजना निर्माण र कार्यान्वयन गर्न सक्ने व्यवस्था हुनु ।

### ३.२.६ लक्ष्य

- आधारभूत शिक्षामा समतामूलक समावेशी पहुँच वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

### ३.२.७ उद्देश्य

- आधारभूत शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर सुनिश्चित

गर्नु,

- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित गर्नु ।

**३.२.८. रणनीतिहरू**

- सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क उपलब्ध गराउन संघ, प्रदेश र गैरसरकारी संस्था लगायतका निकायहरूसँग समन्वय र सहकार्य गर्ने,
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको विवरण संकलन गरी आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित हुनेगरी विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्ने कामलाई निरन्तरता दिने,
- आवश्यक नीति तथा कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने,
- विद्यालयमा प्रर्याप्त मात्रामा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री तथा सुरक्षित सिकाइ वाताबरण तयार गर्ने,
- शिक्षण संस्थाहरूलाई प्रविधिमैत्री, अपाङ्गता मैत्री र बहुप्रकारका विपदप्रति संवेदनशील बनाउने कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्ने,
- विद्यार्थीलाई सामाजिक अध्ययन र नैतिक शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने,
- शिक्षक, विद्यार्थी एवं युवाहरूलाई प्राविधिक विषयमा व्यावसायिक र उद्यमशिलता तालिमको अवसर प्रदान गर्ने,
- स्थानीय पाठ्यक्रमलाई समयअनुकूल परिमार्जन गर्दै कार्यान्वयन गर्ने,
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायतका कार्यकारी समिति र पदाधिकारीको क्षमता विकास तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- एकिकृत पाठ्यक्रम तथा मूल्याङ्न प्रणालीलाई प्रभावकारी कार्यान्वयन तथा सहजीकरण गर्ने,
- गाउँपालिका अन्तर्गत रहेका संघ संस्थाहरूसँग सहकार्य गरी विद्यार्थी पोषण तथा स्वास्थ्यमा सुधार कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय उत्पादनमा आधारीत पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको प्रबन्ध गर्न संघ तथा प्रदेश सरकारसंग सहकार्य गरी स्रोतको सुनिश्चित गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ सुनिश्चितताको लागि योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने,
- संघीय सरकारबाट प्राप्त दरबन्दीलाई विद्यार्थी अनुपात अनुसार मिलान तथा पुनर्वितरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरी सिकाइ केन्द्र मार्फत साक्षरता अभियान सञ्चालन गर्ने,
- विद्यालय र विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्ड बनाइ प्रोत्साहन गर्ने,
- आधारभूत तह सञ्चालन भएका विद्यालयको सूचक निर्धारण गरी नतिजामूलक अनुगमन,

निरीक्षण गरी शिक्षकको पेसागत सहयोग प्रणालीको विकास गर्ने,

- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन शिक्षक प्रधानाध्यापक र प्रधानाध्यापक गाउँपालिका प्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने,
- कक्षाकोठामा शिक्षक र विद्यार्थी विचको सिकाइ समय बढोत्तरी गर्ने समय व्यवस्थापन कार्ड लागू गर्ने,
- शिक्षकले अनिवार्य रूपमा पाठयोजना तयार गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- अतिरिक्त क्रियाकलाप सञ्चालन गरी बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउने,
- आवश्यक शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय शिक्षालाई विविधता अनुकूल समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम, भाषाको उपयोग तथा सामाजिक, सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

**३.२.९ उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**३.२.१० नतिजाहरु**

- आधारभूत तहको खुद भर्ना दर १०० प्रतिशत पुगेको हुनेछ,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त आवश्यकता पूरा भएको हुनेछ,
- विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ,
- आवश्यक सङ्ख्यामा योग्य शिक्षकको व्यवस्था भएको हुनेछ,
- विद्यालयहरूमा बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ,
- आधारभूत शिक्षा पूरा गर्ने सबै बालबालिकाले न्यूनतम सक्षमता हासिल गरेका हुनेछन्,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायत परिस्थितिमा पनि सिकाइ सुनिश्चितता भएको हुनेछ,
- शैक्षिक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास भइ आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम भएको हुनेछ,
- शिक्षण सिकाइ समयावधि सुधार योजना लागू भई शिक्षण सिकाइमा शतप्रतिशत समयावधि प्रयोग भएको हुनेछ ।

### ३.२.११ प्रमुख क्रियाकलाप र लक्ष्यः

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| विद्यालय नक्शाङ्न, पुनर्वितरण तथा समायोजन | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| सिकाइ सामग्री व्यवस्था | पटक | १ | ४५० | १ | ४५० | १ | ४५० | १ | ४५० | १ | ४५० | ५ | २२५० | १० | ४५०० |
| शिक्षकको क्षमता विकास तालिम सञ्चालन | जना | ५० | २०० | ५० | २०० | ५० | २०० | ५० | २०० | ५० | २०० | २५० | १००० | ५०० | २००० |
| SIP अध्यावधिक र सामाजिक परीक्षण | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १० | १०००० |
| अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | २० | १०० | २० | १०० | २० | १०० | २० | १०० | २० | १०० | १०० | ५०० | ५०० | १००० |
| छात्रबृत्ति, विपन्न लक्षित समेत | जना | १०० | ७५० | १०० | ७५० | १०० | ७५० | १०० | ७५० | १०० | ७५० | ५०० | ३७५० | १००० | ७५०० |
| निरन्तर विद्यार्थी मूल्याङ्न | जना | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| विव्यस, शि. अ. सं. का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | १००० | ३००० |
| अभिभावकलाई अभिमुखिकरण तालिम | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | १००० | ३००० |
| विद्यालय सञ्चालन तथा शिक्षक तलब भत्ता, बस भाडा समेत | पटक | १ | १३५१०० | १ | १३५१०० | १ | १३५१०० | १ | १३५१०० | १ | १३५१०० | ५ | ६७५५०० | १० | १३५१००० |
| जम्मा | | | १३८७०० | | १३८७०० | | १३८७०० | | १३८७०० | | १३८७०० | | ६९३५०० | | १३८७००० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १-८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैका पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त

गर्ने हक स्थापित गरी आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षाअन्तर्गत कक्षा ९-१२ मा सञ्चालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्र रहेका छन् । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

### ३.३.२. वर्तमान अवस्था

मादी गाउँपालिकाभित्र ३ वर्ष देखि १६ वर्ष उमेर समुहका बालवालिकाहरू जम्मा २५०४ रहेका छन् । आधारभूत तह १-८ मा भर्ना भएका बालवालिका १६४५ रहेका छन् भने माध्यमिक तहमा (९-१२) ४७१ बालवालिकाहरू अध्ययनरत छन् । यस गाउँपालिकाभित्र जम्मा ५० वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी सबै विद्यालयहरू सामुदायिक विद्यालयहरू हुन । संस्थागत विद्यालयहरू तथा उच्च शिक्षा प्रदायक संस्थाहरू यस पालिकाभित्र सञ्चालनमा छैनन् । यस पालिकामा बालविकास केन्द्र ४९ वटा, आधारभूत तह कक्षा १-३ सञ्चालित १० वटा, आधारभूत तह कक्षा १-५ सञ्चालित विद्यालय २० वटा, आधारभूत तह कक्षा १-८ सञ्चालित १० विद्यालय , माध्यमिक तह कक्षा १-१० सञ्चालित विद्यालय ५ वटा, माध्यमिक तह कक्षा १-१२ सञ्चालित ४ र माध्यमिक तह कक्षा ६-१० सञ्चालित १ वटा विद्यालयहरू रहेका छन् । प्राविधिक धार सञ्चालित विद्यालय हालसम्म नभएकोले यसै यो जना अवधिमा प्राविधिक धार भएका विद्यालय सञ्चालन गर्ने लक्ष्य राखिएको छ । शैक्षिक सत्र २०८० को तथ्याङ्क अनुसार माध्यमिक तह कक्षा ९-१० मा खुद भर्नादर ७२.८ प्रतिशत रहेको छ भने कुल भर्नादर ८८.२ प्रतिशत रहेको छ । माध्यमिक तह कक्षा ९-१२ मा खुद भर्नादर ४७.६ प्रतिशत रहेको छ भने कुल भर्नादर ६७.२ प्रतिशत रहेको छ ।

यसबाट विद्यालय उमेरका १३-१४ वर्षको जनसङ्ख्या मात्र नभइ कम तथा बढी उमेरका बालबालिकाहरू पनि समावेश भएका छन् भन्ने स्पष्ट हुन्छ । त्यस्तै खुद भर्ना दर ७२.८ प्रतिशत हुनुले १३-१४ वर्षको बालबालिका अझै २७.२ प्रतिशत विद्यालय बाहिर रहेको स्पष्ट हुन्छ । यी विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको मूल धारमा ल्याउनु पर्ने देखिन्छ । त्यसैगरी माध्यमिक तह कक्षा ९-१० मा ४१ जना शिक्षक कार्यरत रहेको देखिन्छ भने । माध्यमिक तहको शिक्षक विद्यार्थी अनुपात १:८ रहेको छ भने कक्षा ११-१२ को विद्यार्थी सङ्ख्या १२८ रहेको छ, शिक्षक सङ्ख्या ८ जना मात्र रहेको हुँदा शिक्षक विद्यार्थी अनुपात १:१६ रहेको देखिन्छ । भौतिक अवस्था तर्फ १ वटा माध्यमिक विद्यालयमा पक्की भवन तथा कक्षाकोठा रहेका छन् र अन्य ९ वटामा कक्षाकोठा कच्ची र पक्की समेत रहेको भए पनि अपुग रहेको हुँदा निर्माण गर्नुपर्ने देखिन्छ । ९ वटा विद्यालयमा खानेपानी व्यवस्था भएको, एउटा विद्यालयमा नभएको देखिन्छ, ८ वटा विद्यालयमा घेराबार भए पनि पर्याप्त छैन, २ वटा विद्यालयमा घेराबारको व्यवस्था छैन । त्यसैगरी ७ वटा विद्यालयमा खेल मैदानको व्यवस्था भएको, ३ वटामा खेल मैदान नभएको देखिन्छ । सबै विद्यालयमा शौचालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालयको व्यवस्था छ तापनि पुग्दो मात्रामा छैन । माध्यमिक तह कक्षा १० को सिकाइ उपलब्धि जि.पि.ए. २.१ रहेको छ ।

### ३.३.३ समस्याहरू

- विद्यालय उमेरका सबै बालबालिकाहरूको पहुँच नहुन,

- अभिभावकको चासो कमी हुनु,
- आन्तरिक तथा वाह्य सक्षमतामा वृद्धि हुन नसक्नु,
- गुणस्तर वृद्धि हुन नसक्नु,
- पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवहारिक नहुनु,
- योजना बिहीन विस्तार हुनु,
- कक्षा ११ र १२ सञ्चालनको नीतिगत व्यवस्थामा स्पष्ट नहुनु,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा आंशिक शिक्षकको बाहुल्यता हुनु,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा शुल्कमा विविधता हुनु,
- भौतिक पूर्वाधारको कमी हुनु,
- सहकार्यको अभाव हुनु,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा शिक्षक तालिमको कमी,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा शिक्षकको स्थायीत्व र वृत्ती विकासको व्यवस्था नहुनु,
- कक्षा ११ र १२ सञ्चालित विद्यालयमा संवेदनशील उमेरका बालबालिकाहरू अध्ययनरत हुनु,
- शिक्षण उपकरण तथा ICT को प्रयोग कम हुनु,
- माध्यमिक तहका विद्यालयहरूमा भवन, प्रयोगशाला, पुस्तकालय, कम्प्युटर लगायतका भौतिक संरचनाको कमी हुनु,
- विज्ञान, गणित, कम्प्युटर, प्राविधिक विषयहरूका लागि योग्य तालिमप्राप्त शिक्षकको अभाव हुनु,
- निरन्तर तालिम (in–service training) को अभाव,
- अपांगता भएका विद्यार्थीहरूका लागि पहुँचयुक्त संरचना (Disability–friendly infrastructure) को अभाव,
- स्थानीय भाषा/सन्दर्भ अनुसार शिक्षण विधि प्रयोग नहुनु,
- कक्षा छोड्ने दर बढी हुनु,
- विद्यार्थीहरूका लागि आवास तथा यातायातको व्यवस्था नहुनु,
- जनजाति, दलित, अपांगता भएका विद्यार्थीहरू शिक्षामा पहुँच कम हुनु,
- सीपमूलक र प्राविधिक शिक्षा सञ्चालन हुन नसक्नु,
- विद्यालयहरूमा व्यवस्थापन समितिको सक्रियता कम हुनु,
- शिक्षकहरूको लागि पेसागत सहयोगको कमी हुनु,
- माध्यमिक तहमा विषयगत दरबन्दीको व्यवस्था नहुनु ।

**३.३.४ चुनौतीहरू**

- सिकाइ उपलब्धिमा वृद्धि र गुणस्तरमा सुधार,
- समावेशी शिक्षा कार्यान्वयन,
- संघ प्रदेश र स्थानीय सरकार र सरोकारवाला बीच समन्वय र सहकार्य,
- नियमित अनुगमन मूल्याङ्कन,
- शिक्षकलाई पेसागत सहयोग,
- तथ्याङ्क व्यवस्थापन,
- विपद्को समयमा सिकाइमा वैकल्पिक व्यवस्था,
- सूचना प्रविधिको प्रयोग,

- माध्यमिक तहमा विषयगत दरबन्दी व्यवस्थापन,
- अपांगता भएका विद्यार्थीहरूका लागि समावेशी पहुँच सुनिश्चित,
- प्राविधिक विषयमा योग्य र तालिम प्राप्त शिक्षकको व्यवस्थापन,
- शिक्षकहरूमा नवीनतम शिक्षण विधिको प्रयोग,
- व्यावसायिक तथा जीवनोपयोगी सीपको विकास,
- सबै शिक्षकहरूलाई क्षमता विकास सम्बन्धी तालिममा जोड्नु,
- विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा, पुस्तकालय, शौचालयको उचित व्यवस्थापन,
- विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थित ।

**३.३.५ अवसरहरू**

- संवैधानिक तथा कानुनी अधिकार प्राप्त हुनु,
- माध्यमिक तहमा निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था,
- विद्यमान भौतिक संरचना, शिक्षक तथा कर्मचारीको व्यवस्था,
- स्थानीय सरकारको सक्रियता र प्रतिबद्धता,
- स्थानीय तहमा शिक्षा ऐन, नियम तथा नीतिहरूको निर्माण,
- गैरसरकारी संस्थाको साझेदारी तथा लगानी,
- विद्यालयमा विद्यालय व्यवस्थापन समितिको व्यवस्था,
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन ।

**३.३.६ लक्ष्य निर्धारण**

- माध्यमिक शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गरी मानवीय मूल्य मान्यता, कला संस्कृति, विज्ञान र प्रविधि क्षेत्रको ज्ञान, सीप आर्जन गरेको सक्षम जनशक्ति उत्पादन गर्ने ।

**३.३.७ उद्देश्य**

- माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री समावेशी र सुरक्षित गर्नु,
- शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
- नक्साङ्कनका आधारमा विद्यालय समायोजन गरी शिक्षक दरबन्दी पुनर्वितरण गर्नु ।

**३.३.८ रणनीतिहरू**

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको स्थापना, समायोजन तथा पुनर्वितरण गर्ने ,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- बालवालिकालाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गन,
- विद्यालयहरूलाई प्रकोप, सङ्ट महामारी लगायतका परिस्थिति प्रति उत्थानशील गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्ने पूर्वाधारसहितको व्यवस्था गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,
- शिक्षकको पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
- संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,
- निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्ने,
- सिकाइ उपलब्धि कम भएका विद्यार्थीको लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने,
- 'गरेर सिक्ने' (Learning by doing) को सिद्धान्तलाई प्रयोगमा ल्याउने,
- विद्यालयमा सुरक्षा गार्डको व्यवस्था गर्ने,
- सुविधा सम्पन्न बालमैत्री, अपाङ्गमैत्री तथा सिकाइमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गर्ने,
- घेराबार, स्वच्छ खानेपानी, खेलमैदान, शौचालय र हरित विद्यालय व्यवस्थापनमा जोड दिने,
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाउने,
- विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन प्रभावकारी र जवाफदेही बनाउने,
- आवश्यकताका आधारमा प्राविधिक धारका विद्यालय स्थापना गर्ने,
- विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गरी स्वास्थ्य तथा पोषणमा गुणस्तरीय सुधार ल्याउने,
- आपतकालिन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमता विकास गर्ने,
- दुर्गम क्षेत्रका विद्यार्थीको लागि आवासको व्यवस्थापन गर्ने,
- सूचना प्रविधिको पहुँच विस्तार गरी प्रभावकारी शिक्षण सिकाइ वातावरण निर्माण गर्ने,
- विद्यार्थीको जीवनउपयोगी सिप र सिकाइलाई प्रयोगात्मक मूल्याङ्न प्रणालीमा समाहित गर्ने,
- STEM को अवधारणा अनुसार विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयहरूलाई दैनिक जीवनसँग जोडेर सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने,
- विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न नीतिगत सुधार गरी क्षमता विकासका कार्यक्रम गर्ने,
- विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने बजेटको प्रवन्ध गरी व्यवस्थापकीय तथा प्रशासनिक पक्षको सुधार गर्ने,
- समुदायलाई विद्यालय प्रति अपनत्वको भावना विकास गर्न अभिभाकीय शिक्षा तथा सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- विषयगत शिक्षकलाई दक्ष बनाउन तालिमको व्यवस्था गर्ने र प्रोत्साहनको लागि पुरस्कार, सम्मान जस्ता उत्प्रेणात्मक कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थीको सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यक स्रोत तथा

जनशक्तिको व्यवस्था गर्ने,

- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेसागत सहयोग प्रणालीको विकास गरी शैक्षिक सुशासन र गुणस्तर अभिवृद्धि गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रयोगशाला, पुस्तकालय, लगायत प्रविधियुक्त शैक्षिक सामग्रीको व्यवस्था गर्न आवश्यक प्रवन्ध गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्राविधिक धारका विद्यालय सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक व्यवस्था गर्ने,
- नमूना माध्यमिक विद्यालय स्थापना गर्नका लागि संघ, प्रदेश सरकारको सहयोग र समन्वयमा आवश्यक स्रोत, साधन र जनशक्ति व्यवस्था गर्ने ।

**३.३.९ उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**३.३.१० प्रमुख नतिजाः**

- सबै बालबालिकामा निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चतता भइ खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ,
- सबै माध्यमिक विद्यालयमा न्यूनतम आवश्यक आधारभूत मापदण्ड पुरा भएको हुनेछ,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्था, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ,
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ सक्षमता हासिल गरेका हुनेछन्,
- माध्यमिक शिक्षामा विद्यार्थीको भर्नादर, सहभागिता, लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका सूचकमा सुधार भएको हुनेछ,
- माध्यमिक विद्यालयहरूमा संकट, प्रकोप तथा महामारीलगायतका परिस्थितिमा पनि सिकाइ सुनिश्चितता भएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोग भइ विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ,
- माध्यमिक तहको शिक्षा गुणस्तरीय तथा शैक्षिक प्रशासनमा सुशासन कायम भएको हुनेछ,
- माध्यमिक विद्यालयमा विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुनेछ,
- विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू (जु.रे.स., बाल क्लब, स्काउट आदि) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपतमा सहयोगीका रूपमा सहभागी भएका हुनेछन्,
- माध्यमिक विद्यालयमा छात्रावास र यातायात सुविधा भएको हुनेछ,
- कम्तिमा एउटा नमूना माध्यमिक विद्यालय स्थापना भएको हुनेछ,
- विद्यालयमा स्वास्थ्य शिक्षा प्राप्त भइ स्वस्थकर भोजन, सरसफाई, व्यायाम, योग र ध्यान साथै आधारभूत स्वास्थ्य उपचार सेवा उपलब्ध भएको हुनेछ,
- विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षीत हुनेछन् ।

### ३.३.११ प्रमुख क्रियाकलाप र लक्ष्यः

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| निः शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी, प्रवोधीकरण | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| विद्यालय नक्शाङ्न, पुनर्वितरण तथा समायोजन र दरबन्दी मिलान | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| SIP अद्यावधिक र सामाजिक परीक्षण | पटक | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | ५ | १७५० | १० | ३५५० |
| शिक्षक क्षमता विकास तालिम | जना | २५ | १५० | २५ | १५० | २५ | १५० | २५ | १५० | २५ | १५० | १२५ | ७५० | २५० | १५०० |
| सूचना प्रविधिको प्रयोग तथा स्मार्ट वोर्डको व्यवस्था | विद्यालय | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | १० | ३००० | २० | ६००० |
| अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | ५ | ५० | २५ | २५० | ५० | ५०० |
| सिकाइ सामग्री | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | १००० |
| लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध | जना | १० | ५० | १० | ५० | १० | ५० | १० | ५० | १० | ५० | ५० | २५० | १०० | ५०० |
| बाल क्लव र स्काउट गठन र परिचालन | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| प्र. अ. नेतृत्व विकास तालिम | जना | ५० | ३०० | ५० | ३०० | ५० | ३०० | ५० | ३०० | ५० | ३०० | २५० | १५०० | ५०० | ३००० |
| छात्रवृत्ति विपन्न लक्षित समेत | पटक | १ | १६५ | १ | १६५ | १ | १६५ | १ | १६५ | १ | १६५ | ५ | ८२५ | १० | १६५० |
| सहक्रियाकलाप प्रतिभा पहिचान | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| अतिरिक्त कक्षा व्यवस्था | विद्यालय | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | ५० | ५००० | १०० | १०००० |
| शिक्षक तलव भत्ता वस चालक तलव समेत | पटक | १ | ३१८०० | १ | ३१८०० | १ | ३१८०० | १ | ३१८०० | १ | ३१८०० | ५ | १५९००० | १० | ३१८००० |
| जम्मा | | | ३५१६५ | | ३५१६५ | | ३५१४६५ | | ३५१६५ | | ३५१६५ | | १७५८२५ | | ३५१६५० |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकास

### ३.४.१ परिचय

नेपालमा प्राविधिक शिक्षाको थालनी १९८७ तिर आयुर्वेद विद्यालयको स्थापनाबाट भएको हो । २०१३ सालमा आधारभूत माध्यमिक शिक्षा लागु गरी ५० वटा माध्यमिक विद्यालयमा आधारभूत, पेसागत सीपहरू पाठ्यक्रममा एकीकृत गर्ने प्रयास गरियो । २०१८ सालमा बहुउद्देशीय विद्यालय कार्यक्रम लागु गरियो र ७५ वटै जिल्लाहरूमा यस्ता विद्यालय खोलियो । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले निम्न माध्यमिक र माध्यमिक तहमा अनिवार्य व्यवसायिक शिक्षा लागु गऱ्यो र छुट्टै प्राविधिक धार पनि प्रारम्भ गऱ्यो । २०३७ सालमा प्राविधिक शिक्षा योजना लागु भयो र २० वटा प्राविधिक शिक्षालय स्थापना गर्ने लक्ष्य राख्यो र राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम समिति गठन गरियो । त्यस अन्तर्गत प्राविधिक तथा व्यवसायिक तालिम निर्देशनालय स्थापना गरियो । २०४५ सालमा ऐनद्वारा प्राविधिक तथा व्यवसायिक तालिम परिषद्को गठन भयो । प्राविधिक तथा व्यवसायिक तालिम परिषद्ले दीर्घकालिन र अल्पकालिन गरी दुई प्रकारका तालिमहरू सञ्चालन गरेको छ । दीर्घकालिन तालिम यस संस्था र त्रिभुवन विश्वविद्यालयमा सञ्चालन हुन्छ भने अल्पकालिन तालिममा हेयर ड्रेसिङ, वेतवास,

सिलाइ बुनाई, सिकर्मी, डकर्मी जस्ता तालिमहरू परिषदद्वारा सञ्चालन हुन्छन् ।

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको थियो । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यावसायिक धारको सुरूवात गरिएको छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ । सुरूवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने देखिन्छ । वि.सं. २०७२ को संविधान सँगसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् रोजगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

मादी गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन आफ्नै गाउँपालिकामा उपलब्ध स्रोत र साधनलाई अधिकतम प्रयोग गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु अपरिहार्य छ । प्राविधिक तथा व्यवसायिक सिप विकास गरी प्राविधिक क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उत्पादन गरेमा मात्र सुखी ने पाली समृद्ध नेपालको नारा पुरा हुनेछ । शिक्षालाई सिप, सिपलाई  रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई  बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकेमा परनिर्भरताको अन्त्य भई समृद्ध समाजको निर्माण हुनेछ । हाल नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्राविधिक धारका विद्यालयहरू र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) द्वारा प्राविधिक तथा व्यवसायिक विषयहरू सञ्चालन भइरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय भन्ने नीति भए पनि हालसम्म मादी गाउँपालिका क्षेत्रमा कुनै पनि प्राविधिक तथा व्यावसायिक धारका विद्यालय स्थापना नभएकाले गाउँपालिकाको भौगोलिक अवस्था, क्षेत्रफल, उपलब्ध स्रोत र साधनलाई मध्यनजर गरी प्राविधिक तथा व्यवसायिक धारका विद्यालय स्थापना गर्न आवश्यक छ ।

### ३.४.२. वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७

प्राविधिक एस.एल.सी. तहका कार्यक्रमहरू ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत वार्षिक प्रतिवेदन, २०७६) । मादी गाउँपालिकामा कृषि तथा पशुपालन, पर्यटन, वनपैदावर, खानी तथा खनिज आदि स्रोतहरू उपलब्ध छन् । यी स्रोत समुचित प्रयोग गर्न नसकी खेर गइरहेको छ । कस्तुरीले आफ्नो बिना नचिनेर खोज्न भौतारिए झैं मादी गाउँपालिकामा उपलब्ध स्रोत साधनको प्रयोग र परिचालन गर्नका लागि उपयुक्त जनशक्तिको अभावमा रोजगारीको लागि बाहिरिनुपर्ने र गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिका लागि परनिर्भर हुनुपर्ने बाध्यता रहेको छ भने अर्कोतिर गाउँमा उत्पादन हुन सक्ने सामग्रीहरूको समेत उत्पादन नभई दिनहुँ आयत गर्नुपर्ने अवस्था विद्यामान रहेको छ । मादी गाउँपालिकाको जुनसुकै क्षेत्रमा पनि प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालन गर्न सहज हुने खालको वातावरण तथा स्रोत उपलब्धता रहेको छ र पनि हालसम्म प्राविधिक तथा व्यवसायिक विद्यालयको स्थापना गर्न सकिएको छैन । गाउँपालिकाले प्राविधिक र व्यावसायिक शिक्षाको सुरूवात गर्नुपर्छ भन्ने महसुस गर्दै आएको छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको स्थापना, विकास र विस्तारका लागि आम सरोकारवाला, संघ, प्रदेश, स्थानीय सरकार समेतको ध्यान जान जरूरी छ ।

### ३.४.३ समस्याहरू

- प्रभावकारी सूचना प्रणाली नहुनु,
- आवश्यक ठाउँमा कार्यक्रम विस्तार हुन नसक्नु,
- योग्यताको समकक्षता निर्धारण हुन नसक्न,
- प्राविधिक शिक्षा तर्फका कर्मचारी तथा शिक्षकको वृत्तिविकास सुनिश्चित नहुनु,
- प्राविधिक तथा व्यवसायिक शिक्षामा लगानी कम हुनु,
- प्राविधिक जनशक्तिको कमी हुनु,
- CTEVT अन्तर्गतका कार्यक्रमहरू (जस्तैः Agriculture, Computer, Electrical, Hotel Management आदि) सीमित मात्रामा सञ्चालन हुनु,
- गाउँमै रोजगारी सिर्जना गर्न सक्ने सीपमुलक तालिमको संभावना नहुनु,
- व्यवसायिक तालिम सञ्चालन गर्न आवश्यक प्रयोगशाला, उपकरण, कार्यशाला भवन प्राप्त नहुनु,
- व्यवसायिक तालिम दिन सक्ने सीपयुक्त प्रशिक्षकको कमी,
- शिक्षकको स्थायीत्व नहुनु,
- विद्यार्थी तथा अभिभावकमा प्राविधिक शिक्षा तथा तालिमबारे जानकारी नहुन,
- तालिम प्राप्त जनशक्तिलाई रोजगारको बजार व्यवस्था नहुनु,
- आर्थिक रूपले पछाडी परेका वर्गका लागि पहुँच नहुनु,
- प्राविधिक शिक्षालाई योजनामा प्राथमिकता नदिनु ।

### ३.४.४ चुनौतीहरू

- संरचना तथा व्यवस्थापन,
- पाठ्यक्रम तथा पाठ्य सामग्री,
- गरीब, पिछडिएको वर्ग र सीमान्तकृत समुदायको शिक्षामा पहुँच विस्तार,
- गुणस्तर वृद्धि,
- सूचना प्रणालीको विकास,

- कार्यक्रमको विस्तार,
- उद्यमशीलता र प्राविधिक तथा व्यवसायिक क्षेत्रमा सार्वजनिक क्षेत्रको लगानी वृद्धि,
- शिक्षालाई सिप, सिपलाई  रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणाली सम्म आवद्ध,
- व्यावसायिक तथा प्राविधिक शिक्षालाई प्रणालीगत रूपमा स्थापना विकास,
- लागत साझेदारीको सिद्धान्तमा स्रोतको परिचालन,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान ।

**३.४.५ अवसरहरू**

- प्राविधिक तथा व्यवसायिक परिषद्को गठन हुनु,
- संवैधानिक तथा कानुनी व्यवस्था हुनु,
- स्थानीय तहलाई स्वीकृति तथा अनुमतिको लागि अधिकार प्राप्त हुनु,
- विद्यमान जनशक्ति तथा संरचना उपलब्ध हुनु,
- संघ, प्रदेश तथा स्थानीय तहबाट लगानी हुनु,
- पाठ्यक्रम तथा स्रोत सामग्रीको विकास हुनु,
- सिप वर्गीकरण, स्तरीकरण र प्रमाणीकरणको व्यवस्था हुनु,
- शिक्षकहरूको लागि तालिम सञ्चालन हुनु,
- तालिम केन्द्रको संस्थागत विकास तथा सञ्चालन हुन,
- जनचासो बढ्दै जानु,
- प्राकृतिक स्रोत साधन उपलब्ध हुनु ।

**३.४.६ लक्ष्य**

- उत्पादनशील जनशक्तिलाई आवश्यकता अनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराइ आर्थिक स्तरमा सुधार ल्याउने ।

**३.४.७ उद्देश्य**

- सम्भाव्यता अध्ययनका आधारमा बहुप्राविधिक तथा व्यवसायिक शिक्षालय  स्थापना गर्नु,
- प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षा मार्फत गुणस्तरीय जनशक्ति उत्पादन गरी शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरलाई समावेशी, समतामूलक पहुँच सुनिश्चित गर्नु,
- उपलब्ध स्रोत र साधनका आधारमा उद्यमशील, सक्षम र सिपयुक्त जनशक्ति तयार गर्नु ।

**३.४.८. रणनीतिहरू**

- संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा प्राविधिक तथा व्यवसायिक शिक्षालय खोल्न आवश्यक प्रवन्ध गर्ने,
- गाउँपालिकामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको पहुँच हुने गरी प्राविधिक तथा व्यवसायिक धारका विद्यालय सञ्चालन गर्ने,
- प्राविधिक र व्यवसायिक धारमा विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने प्रयोगात्मक फिल्ड र जग्गाको व्यवस्था गर्ने,
- विद्यार्थीलाई आवास गृहको व्यवस्था गर्ने,
- प्राविधिक विद्यालयमा अध्ययन गर्ने लक्षित वर्गका बालबालिकालाई शैक्षिक सहुलियतका लागि

छात्रवृत्ति उपलब्ध गराउने,

- प्राविधिक शिक्षाको लागि आवश्यक प्रयोगशाला स्थापना गर्ने,
- प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरूको रोजगारीका लागि सरकारी र गैरसरकारी संघ संस्था, उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँगको सम्झौता र सम्बन्ध विस्तार गर्ने,
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

**३.४.९. उपलब्धि**

- आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने मध्यम स्तरको प्राविधिक व्यवसायिक र उद्यमशील जनशक्ति उत्पादन भएको हुनेछ ।

**३.४.१० नतिजाहरू**

- स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भइ सञ्चालन हुने र व्यवसायी, उद्योगी जस्ता जनशक्ति विकास भएको हुनेछ,
- स्वरोजगारको अवसर सृजना भइ बेरोजगारको न्यूनीकरण भएको हुनेछ,
- पालिकामा विभिन्न कृषि, पर्यटन, इन्जिनियरिङ, पशुपालनका लागि आवश्यक जनशक्ति परिपूर्ति भएको हुनेछ,
- प्राविधिक तथा व्यवसायिक शिक्षामा गाउँपालिकाको स्थानीय स्रोत र साधन उपयोग भइ सम्वृद्ध गाउँपालिका निर्माणमा योगदान भएको हुनेछ,
- प्राविधिक तथा व्यवसायिक क्षेत्रमा पिछडीएका वर्ग, क्षेत्र र समुदायको सहभागिताको अभिवृद्धि भएको हुनेछ,
- प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्डको व्यवस्था भएको हुनेछ,
- प्राविधिक शिक्षाप्रति आमसरोकारवाला, स्थानीय सरकार, प्रदेश र संघीय सरकारको संयुक्त

लगानी गर्ने वातावरण सिर्जना भएको हुनेछ,

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुनेछ,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको हुनेछ,
- स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन भएको हुनेछ ।
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना भएको हुनेछ,
- खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुनेछ,
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि भएको हुनेछ ।

### ३.४.११ प्रमुख क्रियाकलाप र लक्ष्यः

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाई | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | पटक | १ | ३०० | | | | | | | | | १ | ३०० | २ | ६०० |
| छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | जना | २५ | १०० | २५ | १०० | २५ | १०० | २५ | १०० | २५ | १०० | १२५ | ५०० | २५० | १००० |
| छात्रबृत्ति कार्यक्रम | जना | २० | ६०० | २० | ६०० | २० | ६०० | २० | ६०० | २० | ६०० | १०० | ३००० | २०० | ६००० |
| स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | १०० | - | - | - | - | - | - | - | - | १ | १०० | २ | २०० |
| सीपहरूको पहिचान र प्रमाणीकरण | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| शिक्षक तलव भत्ता | जना | २ | १००० | २ | १००० | ४ | २००० | ४ | २००० | ४ | २००० | १६ | ८००० | ३२ | १६००० |
| जम्मा | | | २९०० | | २५०० | | ३५०० | | ३५०० | | ३५०० | | १५९०० | | ३१८०० |

## ३.५ उच्च शिक्षा

### ३.५.१ परिचय

नेपालमा उच्च शिक्षाको पठनपाठन १९७६ सालमा त्रिभुवन चन्द्र इन्टर्मिडियट कलेजको स्थापनासँगै भएको हो । २०१६ साल जेष्ठ १३ गते त्रिभुवन विश्वविद्यालय स्थापना गर्ने ऐन जारी भयो र असार ३० गते विधिवत रूपमा स्थापना भयो । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले छरिएर रहेका सबै क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयमा आवद्ध गरियो । हाल त्रिभुवन विश्वविद्यालय

अन्तर्गत ६१ वटा आंगिक र १४० भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसहरू छन् । संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय जस्ता विश्वविद्यालय स्थापना भइ सञ्चालन भइरहेका छन् । नेपालको संविधान २०७२ ले उच्च शिक्षा सञ्चालनका अधिकार तथा जिम्मेवारी संघ र प्रदेश सरकारलाई दिएको छ ।

**३.५.२ वर्तमान अवस्था**

मादी गाउँपालिकामा उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पसहरू खुलेका छैनन् । गाउँपालिकामा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धेरै जसो बालबालिकाहरू गाउँपालिका भन्दा बाहिर अध्ययन गर्न गएका छन् । गुणस्तरीय शिक्षा तथा आवश्यक सुविधा आदि कारण देखाइ बजार क्षेत्रमा जाने क्रम बढीरहेको हुँदा आफ्नै गाउँठाउँमा पढ्ने इच्छा राख्ने, आफ्नो घरको बाबुआमाले बनाएको खाना, खाजा, खाएर पढ्छु भन्ने उद्देश्य राख्ने र न्यून आमदानी हुने बालबालिकाको लागि उच्च शिक्षा अध्ययनको व्यवस्था गर्न आवश्यक देखिएको छ । तसर्थ संघ र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी उच्च शिक्षा सञ्चालन गर्ने आवश्यकता छ ।

**३.५.३ समस्याहरु**

- भौतिक पूर्वाधारको कमी,
- दक्ष जनशक्ति व्यवस्थापनमा कठिनाई,
- स्रोत साधानको अभाव ।

**३.५.४. चुनौतीहरु**

- संवैधानिक तथा कानुनी अधिकार,
- सर्वसुलभ पहुँच,
- सान्दर्भिकता,
- जनशक्ति व्यवस्थापन ।

**३.५.५ अवसरहरु**

- उच्च शिक्षा सञ्चालन गर्न गाउँपालिकाको प्रतिबद्धता हुनु,
- संघ तथा प्रदेश सरकारसँग समन्वय हुनु,
- उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको उपलब्धता र चाहना हुनु,

**३.५.६ लक्ष्यहरु**

- संघ तथा प्रदेश सरकारसँग समन्वय गरी उच्च शिक्षा प्रदायक संस्थाको स्थापना गर्ने र पहुँच वृद्धि गर्ने ।

**३.५.७ उद्देश्यहरू**

- संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नु,
- उच्च शिक्षा प्रदायक संस्था स्थापना गर्नु,
- उच्च शिक्षामा पहुँच तथा गुणस्तर वृद्धि गर्नु ।

**३.५.८ रणनीतिहरू**

- उच्च शिक्षा सञ्चालन गर्न आवश्यक नीति निर्माण गर्ने,
- संघीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँग आवश्यक समन्वय गरी क्याम्पस सञ्चालन गर्ने,
- क्याम्पस सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गरी आवश्यक सहयोग गर्ने,
- पहुँच वृद्धि गर्न प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्था गर्ने,

- दक्ष जनशक्तिको व्यवस्था गर्ने,
- उच्च शिक्षालाई रोजगार उन्मुख र सान्दर्भिक बनाउने ।

### ३.५.९ उपलब्धिहरू

- उच्च शिक्षा हासिल गर्न उमेरका सबै बालिबालिकालाई उच्च शिक्षाको पहुँच सुनिश्चितता हुने ।

### ३.५.१० नतिजाहरू

- उच्च शिक्षा अध्ययन गर्ने सबै बालबालिकाहरू क्याम्पस भर्ना भएका हुनेछन्,
- क्याम्पस सञ्चालनको नीति तथा भौतिक संरचना तयार हुनेछ ।

### ३.५.११ प्रमुख क्रियाकलापहरू र लक्ष्य

बजेट रु. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य | पटक | १ | | १ | | १ | | १ | | १ | | ५ | | १० | |
| भौतिक संरचना निर्माणमा सहयोग | पटक | १ | १००० | | | | | | | | | १ | १००० | २ | २००० |
| जनशक्ति व्यवस्थापनको लागि सहयोग | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | २५ | ५००० |
| | जम्मा | | १५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | ३५०० | | ७००० |

## ३.६ पाठ्यक्रम,पाठ्यपुस्तक तथा मूल्याङ्कन

### ३.६.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्न महत्वपूर्ण आधार पाठ्यक्रम हो । यो एउटा परिवर्तनशील, गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप र प्रवृत्तिबाट व्यक्तिलाई समाज र परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समानतामुलक, समावेशी, प्रविधिमैत्री, सिकारू केन्द्रित र तथ्यपरक हुनुपर्दछ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रूचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा परिवेश रहेको दस्तावेज हो ।

नेपालमा विद्यालय पाठ्यक्रमको दस्तावेजीकरणको विकास वि. सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको हो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि. सं २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रममा विकास र प्रचार गने क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भइ वि.सं. २०८० सम्म विद्यालयका सबै कक्षाहरूमा कार्यान्वयन रहेको छ । माध्यमिक तह ९-१० र ११-१२ मा पनि छुट्टाछुट्टै पाठ् यक्रम तयार गरी कार्यान्वयन भएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सिप समावे श हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, साहित्य, परम्परागत सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रममा सान्दर्भिक

र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य, समुह कार्य लगायतका व्यवहारिक अभ्यासमा जोड दिइएको छ । पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सिपमा रूपान्तरण गर्न, सह क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । आदर्श नागरिक तयार पार्ने उद्देश्यले पूर्वीय दर्शनका वेद, संस्कृत भाषा, व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ । शारीरिक र वातावरण शिक्षा, सिर्जनशीलता तथा अभिव्यक्तिशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउन न्यायसंगत देखिन्छ । विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा तथा बहुभाषाको प्रयोग  गरी सिकाइ सहजीकरण गर्न सूचना तथा प्रविधिलाई जीवन उपयोगी तथा व्यवहार कुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ । विद्यार्थी मूल्याङ्नलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा लिइएको छ ।  माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू पछिल्लो चरणमा सिकाइलाई कामको  संसारसँग जोड्न शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाइ विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुर्याउँदछ । साथै उनीहरूमा रचनात्मकता, तार्किक क्षमता, विश्लेषणात्मक सीप प्रवर्द्धन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास गर्दछ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । जसले गर्दा सिकारूहरू कामको सञ्चारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछन् । प्रारम्भिक कक्षाहरूमा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषाको प्रयोगमा जोड दिँदै विद्यालयको प्राविधिक धारको पाठ्यक्रम सुधार, परिमार्जन, समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ् यक्रममा लचकता प्रदान गर्न, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई "सिकाइका लागि मूल्याङ्कन"को अवधारणा विकास गरी सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक प्रयोग वर्तमान नयाँ पाठ्क्रमका अवसरका रूपमा रहेका छन् ।

### ३.६.२ वर्तमान अवस्था

नेपालमा विक्रम संवत २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजनामा पहिलो पटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि. सं २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयनको परि पाटी सुरू भएको थियो ।  नेपालको वर्तमान बदलिँदो परिवेश अनुसार वि. स. २०७६ सालमा विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप, २०७६ तयार लागू भयो । वि. स. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूप पाठ्यक्रममा आधारभूत तह कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरिएको छ । आधारभूत तहको कक्षा ४-८ र माध्यमिक तहको कक्षा ९-१२ सम्मको पाठ्यक्रमको विकास, अध्यावधिक, परिमार्जन गर्ने क्षेत्र अधिकार पाठ्यक्रम विकास केन्द्रसँग रहेको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा १-८ सम्म मातृभाषाहरू, स्थानीय विषय वा संस्कृति विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था भएको छ । यसै सन्दर्भमा मादी गाउँपालिकाले

पनि स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आधारभूत तह कक्षा १-८ सम्मका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालनको आवश्यकता छ ।

**३.६.३ समस्याहरू**

- पाठ्यक्रम व्यवहारिक नहुनु,
- मातृभाषामा शिक्षा दिने संबैधानिक व्यवस्थालाई सुनिश्चित गर्न नसक्नु,
- विद्यालय तहमा कार्यान्वयन भएका पाठ्यक्रममा (critical thinking, digital literacy) नसमेटिएनु,
- विद्यालयमा समयमै पाठ्यपुस्तक नपुग्नु,
- पुस्तक त्रुटिपूर्ण र अशुद्ध छपाइ तथा बालमैत्री नहुन,
- मातृभाषामा पाठ्यपुस्तक उपलब्ध नहुनु,
- प्रयोगात्मक सिकाइका लागि आवश्यक सामग्रीको कमी,
- डिजिटल सामग्री, अडियो-भिजुअल शिक्षण उपकरण, इन्टरनेट जस्ता प्रविधिमा आधारित सिकाइ सामग्रीको न्यूनता,
- शिक्षकहरूलाई स्थानीय स्तरमै उपयोगी सिकाइ सामग्री तयार गर्ने सीपमा कमी हुनु,
- अभिभावकहरूलाई पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी ज्ञानको कमी हुनु,
- बालबालिकाको समग्र क्षमताको मूल्याङ्कन हुने प्रणालीको विकास नहुन,
- मूल्याङ्कनको निष्पक्षता र विश्वासनीयतामा कमी,
- पाठ्क्रममा उल्लेखित ज्ञान सीपलाई व्यवहारमा उतार्न नसक्नु ।

**३.६.४ चुनौतीहरू**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तयारी,
- विषयगत शिक्षकको व्यवस्था,
- विद्यालयमा आधारित पेसागत सहयोगको स्थापना र सञ्चालन,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्रीको विकास,
- पाठ्यक्रम विकास र परियोजनामा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता,
- पाठ्यक्रम विकास र अध्यावधिक कार्यको लागि अनुसन्धान,
- गुणस्तरीय पाठ्यपुस्तक निर्माण,
- प्रयोगात्मक तथा डिजिटल सामग्रीको व्यवस्थापन,
- व्यवहारिक ज्ञान, सीप र विकासलाई मूल्याङ्कनसँग जोड्नु,
- निरन्तर मूल्याङ्कनको प्रभावकारी प्रयोग,
- पाठ्यक्रमको प्रयोग र मूल्याङ्कन प्रक्रियामा एकरूपता कायम गर्नु,
- समय अनुसारको पाठ्यक्रमको गुणस्तर र समावेशी शिक्षाको विकास ।

**३.६.५ अवसरहरू**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार हुनु,
- बहु पाठ्यपुस्तक नीतिको व्यवस्था हुनु,
- स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम निर्माण हुनु,

- समावेशी शिक्षा अवधारणा अनुसार पठ्यक्रमको विकास हुनु,
- सवैधानिक तथा कानुनी व्यवस्था हुनु,
- विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु,
- डिजिटल प्रविधिको विकास हुनु,
- विभिन्न संघ संस्थाहरूसँग समन्वय र सहकार्य हुनु,
- स्तरीकृत मुल्याङ्कनको व्यवस्था हुनु,
- प्राथमिक कक्षामा मातृभाषाको प्रयोग गर्न सकिने व्यवस्था हुनु ।

**३.६.६ लक्ष्य**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृद्धिको विकास भई सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

**३.६.७ उद्देश्य**

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारूमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकाइ समस्याको समाधान गर्ने निरन्तर र आवधिक एवं स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

**३.६.८ रणनीतिहरूः**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार पाठ्यक्रम कार्यन्वयन गर्ने पाठ्यक्रमको प्रवोधिकरण गरी लागु गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि संघीय सरकारको सहकार्यमा आवश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्न आवश्यक प्रवन्ध गर्ने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र सिकाइ सामग्री, डायरी, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक कार्यकलापबाट पाठ्यक्रमको मर्मलाई पुरा गर्ने,
- भाषाको माध्यमका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
- पाठ्यक्रमको उद्देश्य हासिल गर्न सहपाठी सिकाइ समूह मार्फत कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पाठ्यक्रम कार्यन्वयन गर्न सहजीकरण गर्ने,
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रमका लागि आवश्यक पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्न आवश्यक प्रवन्ध गर्ने,
- संघ, प्रदेश, र स्थानीय तहको समन्वय र सहकार्यमा विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने र आवश्यक मापदण्ड तयार गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,
- बिपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने ,
- विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास गर्ने ।

### ३.६.९ उपलब्धि:

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सकारात्मक सोच भएका सृजनशील र सिकाइप्रति प्रतिबद्ध नागरिक तयार भएको हुनेछ,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ,
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

### ३.६.१० प्रमुख नतिजा:

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ,
- विद्यार्थीको ज्ञान, सिप र व्यवहारमा परिवर्तन भएको हुनेछ,
- विद्यार्थीको निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन भएको हुनेछ,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण, अध्यावधिक भई कार्यन्वयन भएको हुनेछ,
- सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

### ३.६.११ प्रमुख क्रियाकलाप र लक्ष्य:

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| पाठ्यक्रम प्रवोधीकरण | जना | ५० | २५० | ५० | २५० | ५० | २५० | ५० | २५० | ५० | २५० | २५० | १२५० | ५०० | २५०० |
| विद्यार्थी मूल्याङ्कन, परीक्षा सञ्चालन | पटक | १ | ७५० | १ | ७५० | १ | ७५० | १ | ७५० | १ | ७५० | ५ | ३७५० | १० | ७५०० |
| डिजिटल सामग्रीको प्रयोग तथा क्षमता विकास | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा, निःशुल्क, पाठ्य पुस्तक १-८ समेत | पटक | १ | २४५० | १ | २४५० | १ | २४५० | १ | २४५० | १ | २४५० | ५ | १२२५० | १० | २४५०० |
| परीक्षाको नतिजा विश्लेषण | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| प्रश्नपत्र निर्माण कार्यशाला | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | २५० | १ | ५०० |
| जम्मा | | | ३८०० | | ३८०० | | ३८०० | | ३८०० | | ३८०० | | १९००० | | ३८००० |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय:

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । शिक्षकको सक्रियताले शिक्षण सिकाइमा अन्य स्रोतहरूले गति लिने गर्दछन् । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सीप क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य,

दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्द्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिइ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने काम विश्वविद्यालय तथा विद्यालयहरूले गरेका छन् । शिक्षण अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिको लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । अस्थायी करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्त गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरूले गर्दै आएका छन । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएको छ भने शिक्षक क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बिचमा शिक्षक तयारी गर्ने काममा समन्वय र सहकार्य हुन सकिरहेको छैन । विभिन्न प्रक्रियाबाट नियुक्ति पाएका शिक्षकहरूको सेवाका सर्त र सुविधाहरू पनि फरक-फरक छन् । एउटै थलोमा कार्यरत शिक्षकहरू स्थायी, अस्थायी राहत, अनुदान, स्वयं सेवक, निजी स्रोतका छन । शिक्षकहरू बीच सेवा सुविधामा समानता कायम गर्न सकिएको छैन । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन् ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेसालाई आकर्षक र पहिलो रोजाइको पेसाका रूपमा स्थापित गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी, समयानुकूल र गुणस्तरीय बनाउने शिक्षकहरूको पेसागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने विद्यार्थी सङ्ख्या भौगोलिक दुरी र आवश्यकताका आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषयगत शिक्षक समूह सञ्जाल निमार्णलाई निरन्तरता दिँदै थप जिम्मेवार बनाइने । शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन, कार्यक्रमका उद्देश्यहरू, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरू समावेश गरिएको छ ।

### ३.७.२. वर्तमान अवस्था

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूबाट उत्पादित जनशक्तिको योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुवै मानिएको छ । यस्ता पूर्व सेवाकालीन शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन् । शिक्षाशास्त्रमा बि. एड. वा एम. एड. प्राप्त गरेपछि अध्यापन अनुमति पत्रका लागि योग्यता मानिन्छ । अन्य मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै विधिबाट हुन्छ । पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोका आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधार

मा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ । कक्षा ११ र १२ को पाठ्यक्रममा संकायगत संरचना नभएकोले अब कक्षा ११- १२ मा शिक्षा विषय लिएर उत्तीर्ण गरे पश्चात आधारभूत तहको शिक्षक हुनका योग्यता र तालिम भएको मानिन्छ । माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्रमा स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भएको हुनु पर्ने व्यवस्था छ ।

शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने र रिक्त दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापना गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् ।

नेपालमा सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी १,५३,५२३ रहेको छ । त्यस मध्ये प्राथमिक तहको दरबन्दी ८०,१७६, राहत अनुदान २१,८७१ गरी जम्मा १,०२,०४७ शिक्षक कार्यरत छन । त्यसै गरी निम्न माध्यमिक तहमा १६,२४४ दरबन्दी र ९,६०९ जना राहत गरी जम्मा २५,८५३ जना शिक्षक कार्यरत छन् । माध्यमिक तहमा १२,७२५ दरबन्दी र ६,८९८ राहत गरी जम्मा १९,६२३ जना शिक्षक कार्यरत छन् । उच्च माध्यमिक तहमा २,००० दरबन्दी र ४,००० राहत अनुदान गरी जम्मा ६,००० शिक्षक कार्यरत छन् । यस मादी गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत कुल शिक्षक दरबन्दी प्राथमिक तहमा दरबन्दी १७४, राहत अनुदान ५, पुल दरबन्दी १२ गरी जम्मा १९१ जना शिक्षक कार्यरत छन् । निम्न माध्यमिक तहमा दरबन्दी ५०, राहत अनुदान ७ र शिक्षण अनुदान १ गरी जम्मा ५८ शिक्षकहरू कार्यरत छन् । माध्यमिक तह कक्षा ९-१० मा दरबन्दी २६, राहत अनुदान १३ गरी जम्मा ३९ जना शिक्षकहरू कार्यरत छन् भने माध्यमिक तह कक्षा ११-१२ मा अनुदान दरबन्दीमा ८ जना शिक्षकहरू कार्यरत छन् । यस पालिकामा सबै तहका सबै प्रकारका जम्मा २८३ जना शिक्षकहरू कार्यरत छन् । विद्यार्थी संख्या र भौगोलिक कठिनाइलाई मध्यनजर गरी दरबन्दी मिलान तथा पुनर्वितरण, आवश्यकताका आधारमा गर्दै लैजाने, प्राप्त शैक्षिक संसाधनको अधिकतम उपयोग गरी सिकाइलाई नतिजामुखी र गुणस्तरीय बनाउनु आजको आवश्यकता हो । हाल शिक्षण पेसा प्रति आकर्षण घट्दै गएको छ ।

शिक्षक तयारी कार्य वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनु पर्ने हो । सरकार र विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । शिक्षकहरूको सेवा, शर्त र सुविधा फरक-फरक किसिमका छन् । शिक्षकको कार्यसम्पादन मुल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम कागजमा मात्र सीमित रहेको छ ।

शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिने गरी अवस्थामा सुधार हुँदै गएको छ । आकर्षण बढाउन सेवा सुविधा पेसागत क्षमता विकासको अवसर तथा प्रोत्साहनको आवश्यकता पर्दछ । आगामी दिनमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरूवा, आवधिक बढुवा प्रणाली, कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सफल मेहेनती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत निर्धारण गरी सिधै प्रवेश गराउन सकिने गरी संघीय सरकारले कानुनी व्यवस्था गरी शिक्षण सेवालाई रोजाइको पेसाको रूपमा विकास गराउन आवश्यक छ । त्यस्तैगरी शिक्षण पेसामा आकर्षण बढाउन अन्य सेवामा भन्दा बढी

सेवा, सुविधाको व्यवस्था, शिक्षकलाई मर्यादित र सम्मानित पेसाको रूपमा परिभाषित गर्नुपर्ने, शिक्षकलाई नविनतम प्रविधि र पेसागत क्षमता विकासका तालिम, शिक्षकका वृत्ति विकासमा ठोस व्यवस्था र विद्यालयमा शिक्षकलाई सुरक्षा प्रवन्ध लगायतका विविध विषय राख्न सकेमा शिक्षण पेसा आकर्षित हुनेछ।

विद्यालय तहको पाठ्यक्रम प्रारुप, २०७६ ले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, र सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ । मूलतः बालबालिकाहरूको सिकाइ उपलब्धि परीक्षण शिक्षण सिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा बिगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयास भएता पनि अपेक्षित उपलब्धि हासिल भएको अवस्था देखिँदैन ।

पन्ध्रौं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सिप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतका व्यवस्थामा जोड दिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ -२०८८) ले शिक्षाको सुशासन, सामाजिक न्याय, विकास र समृद्धिमा जोड दिएको छ ।

शिक्षक पेसागत सहयोगका लागि विभिन्न विधिहरू अभ्यासमा छन । पेसागत क्षमता विकास तालिम कक्षा अवलोकन, शिक्षक मेन्टोरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण, अनुभव आदानप्रदान, विषयगत शिक्षक समूह छलफल, शिक्षकहरूको सिकाइ सञ्चालन कन्फ्रेन्स, सहपाठी पृष्ठपोषण, शिक्षक स्वः प्रतिबिम्बन, शिक्षक स्वमूल्याङ्कन आदि रहेका छन् ।

स्थानीय तहमा शिक्षामा कर्मचारीको कमीको कारण अधिकांश समय शैक्षिक प्रशासनमा लगाउनुपरेको कारण विद्यालय अनुगमन, निरीक्षण र मूल्याङ्कन कार्य न्यून रूपमा भएको छ ।

मादी गाउँपालिकामा प्रत्येक वडाका लिडर विद्यालयका प्रधानाध्यापकको संयोजकत्वमा फिडर विद्यालयका प्रधानाध्यापकहरू पदेन सदस्य रहने गरी पेसागत सहयोग समिति निर्माण गरी शिक्षकलाई पेसागत सहयोग गर्न आवश्यक देखिन्छ । जसको फलस्वरूप शिक्षकहरूलाई पेसागत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मुलुकभरी रहेका २९ वटा तालिम केन्द्रहरू पनि गाभिएर सातवटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रमा रूपान्तरण भएका छन् । यिनै केन्द्रबाट सातैवटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन र अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षण तालिम सञ्चालन गर्दै आएका छन् । यसैगरी शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्यको अतिरिक्त र सह क्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन, जस्ता स्पष्ट र

पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था उल्लेख छ । यसका लागि नीतिले शिक्षकलाई प्रशासनिक रूपमा प्रधानध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेहीता बनाउने र प्रधानध्यापकलाई सिकाइ तथा विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाउनु पर्ने कुरामा जोड दिएको छ ।

शिक्षक सेवा आयोग नियमावली,२०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो औपचारिक काममा मात्र सिमित भइ यसबाट कुनै योगदान भएको देखिँदैन ।

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची ६ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुईजना सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीनजना, कक्षा ६ देखि ८ का लागि कम्तिमा चार जना, र माध्यमिक तहमा कक्षा ९-१० का लागि ५ जना र माध्यमिक तह ११-१२ मा ३ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा व्यवस्था गरिएको छ । सो नियमावलीमा भएको व्यवस्था अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १ बराबर ४०,पहाडी भेगमा १ बराबर ४५ र तराई तथा काठमाडौँ उपत्यकामा १ बराबर ५० को अनुपातमा रहे को छ ।

गाउँपालिकाको भौगोलिक विकटता, जन्मदरमा कमी, बसाई सराईको कारण विद्यालयमा विद्यार्थी सङ्ख्या घटदै गएको र आवश्यकता अनुसार तहगत, विषयगत, शिक्षक आपुर्ति र वितरणको व्यवस्था गर्न सकिएको छैन । जसले गर्दा धेरै जसो आधारभूत तहका कक्षा १-५ मा वर्ग शिक्षण तथा बहुवर्ग शिक्षण गर्नु पर्ने अवस्था रहेको, कक्षा ६-८ र माध्यमिक तहका केही विद्यालयहरूमा आवश्यक मात्रमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था हुन सकेको छैन ।

### ३.७.३. समस्या

- नियुक्ति प्रक्रिया वैज्ञानिक र प्रभावकारी हुन नसक्नु,
- शिक्षकमा उत्प्रेरणाको कमी,
- उत्तरदायित्व र जवाफदेहितामा कमी,
- कक्षागत र विषयगत शिक्षकको अभाव,
- आवश्यकता अनुसारको शिक्षक दरबन्दीको अभाव,
- विद्यार्थी सङ्ख्या घट्दै जानु,
- शिक्षक व्यवस्थापनको जिम्मेवारी सम्बन्धमा संघ, प्रदेश वा स्थानीय तहमा स्पष्ट नहुनु,
- शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्न नसक्नु,
- शिक्षकका लागि पेसागत सहयोग तथा क्षमता वृद्धिका कार्यक्रम नहुनु,
- शिक्षकको वृत्ति विकास तथा पेसागत सुरक्षा नहुन,
- राहत, अस्थायी करार, स्थायी, निजी जस्ता विभिन्न प्रकारका शिक्षक हुन र सेवा सुविधामा भिन्नता हुनु,
- शिक्षकको पेसागत दक्षता कम हुनु,
- शिक्षकको स्थायी पदपूर्ति छिटो छरितो हुन नसक्नु,
- केन्द्रबाट शिक्षक नियुक्ति हुँदा स्थानीय समिति प्रति जवाफदेही नहुनु,
- पाठ्यक्रम परिवर्तन हुँदा शिक्षकलाई प्रबोधिकरण तालिमको व्यवस्था हुन नसक्नु ।

### ३.७.४. चुनौतीहरू

- उत्तरदायित्व तथा जिम्मेवारी बोध गर्न,
- विपत र संकटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न,
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न,
- सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन वास्तविक मूल्याङ्कनसँग आवद्ध गर्न,
- आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,
- शिक्षकलाई प्रोत्साह हुने कार्यक्रम सञ्चालन गर्न,
- शिक्षकको मागमा आधारित तामिमको प्रबन्ध गर्न,
- प्रयाप्त मात्रमा बजेटको व्यवस्था गर्न,
- शिक्षण पेसालाई मर्यादित बनाइ रोजाइ पेसाको रूपमा विकास गर्नु,
- शिक्षकको पेसागत सहयोग प्रणालीलाई सुदृढ एवम् स्थापित गर्नु,
- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन,
- उपलब्ध शिक्षकहरूको आवश्यकताका आधारमा दरबन्दी मिलान तथा सरूवा गर्नु,
- शिक्षकलाई पेसाप्रति प्रतिबद्ध बनाउने पद्धतिको विकास ।

### ३.७.५. अवसरहरू

- संघ, प्रदेश र स्थानीय तहबाट शिक्षक तालिमको व्यवस्था हुनु,
- सवैधानिक तथा कानुनी व्यवस्था हुनु,
- पालिकाले शिक्षक व्यवस्थापनको लागि ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयन गर्नु,
- डिजिटल शिक्षा प्रवर्धन गर्ने राष्ट्रिय नीतिले शिक्षकलाई ICT प्रयोगमा दक्ष बनाउन तालिम तथा सामग्री विकासको वातावरण तयार हुनु,
- शिक्षक व्यवस्थापनको लागि स्रोतको व्यवस्थापन हुनु,
- शिक्षक सेवा आयोगबाट प्रत्यक वर्ष शिक्षक छनौट गरी सिफारिस र नियुक्तिको अवसर हुनु,
- स्थायी शिक्षकहरूमा वृत्ति विकासको अवसर हुनु,
- शिक्षकको स्थायी नियुक्तिका लागि शिक्षक सेवा आयोग बनेको छ,
- छोटो अवधिको लागि अस्थायी तथा करार नियुक्ति गर्न पालिकालाई कानुनी अधिकारको व्यवस्था छ,
- पेसागत सहयोगका लागि पालिकामा संयन्त्र बनेको छ,
- समय सापेक्ष तालिम तथा क्षमता वृद्धिका कार्यक्रम सञ्चालन भएका छन,
- शिक्षक व्यवस्थापनका लागि आवश्यक कानुन तथा नीतिहरू बनेका छन ।

### ३.७.६. लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित,समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित भइ शिक्षाको गुणस्तर वृद्धि हुने ।

### ३.७.७. उद्देश्य

- विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,
- पालिकामा हुने छोटो अवधिको शिक्षक नियुक्तिलाई थप प्रभावकारी र सुदृढ बनाउनु ।

**३.७.८. रणनीतिहरू**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गर्नेछ,
- शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक व्यवस्थापन गर्नेछ,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवाकालिन तालिम अनिवार्य उपलब्ध गराउनेछ,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने, यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ,
- शिक्षकको उपस्थिति दर वृद्धि गर्न र कार्य सम्पादनमा सुधार ल्याउन नतिजामा आधारित प्रोत्साहनको व्यवस्था गर्नेछ,
- शिक्षक वृत्ति विकासका लागि विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्नेछ,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा, सुत्केरी, लामो विदा लिएको अवस्था, कक्षा सञ्चालनको लागि आवश्यक प्रवन्ध गर्नेछ,
- डिजिटल हाजिरीको व्यवस्था गरी शिक्षकको समयपालनमा सुधार गर्नेछ,
- रिक्त दरबन्दीमा तत्काल करार पदपूर्तिका लागि मादी गाउँपालिकाको करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि-२०७६,कार्यन्वयन गरी सोही अनुसार गर्नेछ,
- नवप्रवेशी शिक्षकहरूका लागि मेन्टरिङ र अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्नेछ,
- शिक्षक उत्प्रेरित र उर्जाशिल बनाउन प्रत्येक ३ वर्षमा पूर्वअनुमान योग्य चक्रिय सरूवा प्रणालीको विकास गर्न उपयुक्त मापदण्ड बनाई कार्यन्वयन गर्नेछ,
- शिक्षकले कक्षाकोठामा बिताउने समय सुनिश्चित गर्न समयकार्ड लागु गर्नेछ ।

**३.७.९. उपलब्धि**

विद्यालयमा सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**३.७.१०. नतिजा**

- शिक्षण पेसा मर्यादित, प्रतिस्पर्धी र सम्मानित भएको हुनेछ,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई गाउँपालिका स्तरमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुनेछ,
- शिक्षकको उपस्थिति वृद्धि भई सिकाइ उपलब्धि र कार्यसम्पादनमा सुधार भएको हुनेछ,
- विद्यालयमा हुनुपर्ने न्यूनतम शिक्षक-विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा

उपयुक्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान, पुनर्वितरण भई शिक्षक आपूर्ति नियमित भएको हुनेछ,

- शिक्षकहरूमा सूचना प्रविधि मैत्री शिक्षण क्षमता विकास भएको हुनेछ,
- विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय भएको हुनेछ,
- शिक्षकको सरूवा र वृत्ति विकासका लागि पारदर्शी र पूर्वानुमान योग्य र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित भएको हुनेछ,
- गाउँपालिका स्तरमा पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित मापदण्डका आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार उपलब्ध भएको हुनेछ ।

### ३.७.११. प्रमुख क्रियाकलाप तथा लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| शिक्षक नियुक्ति र सरूवा व्यवस्थापन | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| अस्थायी तथा नीजि स्रोतबाट शिक्षक नियुक्तका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | ५० | | | | | | | | | १ | ५० | २ | १०० |
| नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| उपचारात्मक सिकाइ पद्धति लागु गर्ने | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | १० | ३००० |
| शिक्षक विकास तथा सहायता प्रणालीको पुनसंरचना | पटक | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | ५ | ७५० | १० | १५०० |
| विषयगत शिक्षक समूह परिचालन र क्षमता विकास | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| सिकाइ आदान प्रदान क्षमता विकास प्रविधि हस्तान्तरण ज्ञानको सञ्जालीकरण | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| विज्ञ समूहको गठन परिचालन | पटक | १ | ५०० | | | १ | ५०० | | | १ | ५०० | ३ | १५०० | ६ | ३००० |
| कार्य सम्पादन मूल्याङ्कन | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| प्र.अ.लाई नेतृत्व विकास तालिम | जना | २५ | २०० | २५ | २०० | | | | | | | ५० | ४०० | १०० | ६०० |
| जम्मा | | | २९५० | | २४०० | | २७०० | | २२०० | | २७०० | | १२९५० | | २५९०० |

## ३.८ अनौपचारीक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.८.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन

गर्दछन् । आफ्नो जीवनको इतिहास आफैं लेख्छन् । तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ । अनौपचारिक एवं जीवन पर्यन्त शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ, अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं जीवन पर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी जीवन पर्यन्त सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा जीवन पर्यन्त सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९–२०८३ ले अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइका लागि ५ वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ सँस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइको वर्तमान अवस्था विश्लेषणमा आधारित समस्या एवं चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य नं. ४ तथा गण्डकी प्रदेशको आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हक स्थापित गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँच विस्तार गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना ( २०७८-२०८७) मा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न र समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ ।

**३.८.२ वर्तमान अवस्थाः**

मादी गाउँपालिकालाई वि.सं. २०७४ सालमा साक्षर गाउँपालिकाको रूपमा घोषणा गरिएको थियो । वि.स. २०७४ सालभन्दा अगाडि कास्की जिल्लाका साविकका विभिन्न गाउँ विकास समितिहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा भएका थिए । यस कार्यक्रमले विशेषगरी १५-६० वर्ष उमेर समूहका निरक्षरलाई साक्षर बनाउने कार्यमा कास्की जिल्लाको अग्रणी भूमिका र योगदान रहेको थियो । नेपालका जिल्लाहरू मध्ये कास्की जिल्ला वि.सं. २०७४ सालमा ३९ औं जिल्लाको रूपमा साक्षर जिल्ला घोषणा भएको थियो । जिल्ला साक्षर घोषणा हुनुपूर्व साविकका गाउँ विकास समितिहरूमा शिक्षाको विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए । स्थानीय निकायहरूमा साक्षर बनाउन कक्षाहरू सञ्चालन भएका थिए । साक्षर भएकालाई साक्षरोत्तर कार्यक्रम सञ्चालन, साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरूलाई विशेष गरी महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसँग जोडी महिला समूह बनाई बचत तथा ऋणका कार्यक्रमहरू पनि सञ्चालन गरिएका थिए । मादी गाउँपालिकामा रहेका चारवटा सामुदायिक सिकाइ केन्द्र मार्फत महिलाहरूलाई क्षमता विकास तालिम, सामूहिक तरकारी खेती तथा उद्यमशीलता कार्यक्रम जस्ता कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् ।

वि. सं. २०६३ सालको जन आन्दोलनको परिणामस्वरूप देशमा भएको राजनीतिक परिवर्तनले

मुलुकमा नयाँ संविधान जारी भई एकात्मक शासन व्यवस्थाबाट संघीय गणतन्त्रात्मक शासन व्यवस्थामा परिणत भयो । परिणामस्वरूप देशकै एउटा संघीय सरकार, ७ वटा प्रदेशका ७५३ वटा स्थानीय सर कार भए । साविकमा संघीय सरकारको जिल्ला शिक्षा कार्यालयको मातहतमा रहने गरी सञ्चालनमा रहे का सामुदायिक सिकाइ केन्द्रहरू समेत स्वभाविक हिसाबले तत्तत् स्थानीय तहहरूमा हस्तान्तरित भए । सामुदायिक सिकाइ केन्द्रहरू मादी गाउँपालिका वडा नं १,२,९ र १२ रहेका छन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमद्वारा आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने, जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरिएको छ । शिक्षाको अधिकार संविधानको अनुसुची ९ मा साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त शिक्षाको लागि कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/ शाखाहरूले अनौपचारिक जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मे वारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रूपान्तरण भएपश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ ।

**३.८.३ समस्याहरू**

- पुरानो पुस्ताहरूमा शिक्षाको पहुँच कमजोर भएको कारण उनीहरू अनौपचारिक शिक्षा कार्यक्रमबाट टाढा हुनु,
- कार्यक्रमहरू गाउँका सबै वडामा समावेशी ढंगले सञ्चालन हुन नसक्नु,
- सिकाइ केन्द्रहरू यसको मर्म र आवश्यकता अनुसार प्रभावकारी ढंगले सञ्चालन नहुनु,
- सिकाइ केन्द्रले अनौपचारीक शिक्षाको मर्म अनुसार नेतृत्व गर्न नसक्नु,
- सिकाइ केन्द्रको संस्थागत विकास नहुनु,
- प्रर्याप्त बजेटको कमी,
- युवा तथा प्रौढहरूले अनौपचारीक शिक्षालाई महत्व नदिनु,
- कृषि, पशुपालन, सिलाइ-बुनाइ जस्ता प्राविधिक क्षेत्रलाई दीर्घकालीन सीपमुलक तालिम कार्यक्रमले नसमेट्नु,
- डिजिटल साक्षरता न्यून हुनु र इन्टरनेट/मोबाइल सेवा सिमित हुनु,
- युवा तथा प्रौढहरूमा निरन्तर अध्ययन र विकासप्रति रूचि जगाउने वातावरण नुहनु,
- वृद्ध नागरिकहरूका लागि स्वास्थ्य शिक्षा, जीवन उपयोगी सीप, मनोपरामर्श लगायतका कार्यक्रमहरू कम हुनु,
- सामुदायिक सिकाइ केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकासको अवसर नहुनु,
- नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली नहुनु,
- सामुदायिक सिकाइ केन्दहरू यसको स्थापनाको मर्म र भावना अनुसार प्रभावकारी ढंगले सञ्चालन नहुनु,
- अनौपचारिक प्रौढ कक्षाहरूमा सीप सम्बन्धी सिकाइलाई महत्व नदिन,
- सिकाइ केन्द्रका परिचारिका र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि हुन नसक्नु,

- नव साक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसक्नु,
- सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा अगुवाई गर्न नसक्नु,
- औपचारिक शिक्षा अनौपचारिक शिक्षाका बिचमा सह सम्बन्ध कायम गर्न नसकिनु,
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीप, समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा समयसापेक्ष पाठ्यक्रम तथा सिकाइ मोडलको व्यवस्था हुन नसक्नु,
- युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता पढ्ने बानीको कमी,
- अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत विकास गर्न नसक्नु,
- सहभागीहरूमा बिचैमा पढाइ छोड्ने प्रवृत्ति हुनु,
- साक्षरोत्तर एवं निरन्तर शिक्षाको व्यवस्था नहुन,
- स्रोत परिचालनमा उदासिनता ।

### ३.८.४ चुनौतीहरू

- वृद्ध र महिला वर्गमा साक्षरता दर वढाउनु,
- अनौपचारिक शिक्षा प्रति नागरिकको अभिरूचि वृद्धि गर्न,
- प्राप्त बजेट प्रबन्ध,
- पाठ्यक्रम अध्ययन सामाग्री,
- सिकाइ केन्द्रको पूर्वाधार तथा संस्थागत विकास,
- अनौपचारिक शिक्षा कार्यक्रमको सबै वडाहरूमा क्षेत्र विस्तार,
- सिकाइ केन्द्रको विकासमा गैरसरकारी संस्थाहरूसँग समन्वय,
- स्रोत व्यवस्थापन (पाठ्यपुस्तक, प्रशिक्षक, भौतिक पूर्वाधार),
- सहभागीहरूको अध्ययन पूरा गर्नको लागि निरन्तरता,
- अनौपचारिक शिक्षाप्रति समुदायको अभिरूचि,
- कार्यक्रम कार्यान्वयनमा अठोट तथा विश्वास,
- सहभागीहरूको कक्षा पूरा गर्नको लागि निरन्तरता,
- स्रोत परिचालन,
- उपयुक्त नक्साङ्कन,
- लक्ष्य अनुसारको प्रगती ।

### ३.८.५ लक्ष्य

सबै निरक्षर नागरिकहरूलाई पूर्ण साक्षर बनाइ नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

### ३.८.६ उद्देश्यहरू

- सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकताका आधारमा पूर्वाधार विकास गर्नु,
- सामुदायिक सिकाइ केन्द्रको सवलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाको कार्यक्रम सञ्चालन गर्नु,
- अनौपचारिक तथा निरन्तर जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,
- आयआर्जन कार्यक्रम सञ्चालन गर्दै विशेषत समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउनु,
- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र जीवन पर्यन्त सिकाइका अवसर

सुनिश्चित गर्नु,

- सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सीपमूलक आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्नु ।

**३.८.७ रणनीतिहरू :**

- संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्यमा सिकाइ केन्द्रको पूर्वाधारको विकास गर्न आवश्यक प्रवन्ध गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकताका आधारमा पुनर्वितरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरू, विद्यालय,स्थानीय गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम र अभिभावक परिचालन गरी साक्षरहरूलाई साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
- सरोकारवालाहरूको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक एवं वैकल्पिक खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत रूपमा सुविधासम्पन्न बनाई विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, वाचनालय, जेष्ठ नागरिकहरूबाट ज्ञान तथा अनुभवको केन्द्रको रूपमा विकास गर्ने ।

**३.८.८ अवसरहरु**

- संवैधानिक तथा कानुनी आधार प्राप्त हुनु,
- स्थानीय तहलाई जिम्मेवार बनाउनु,
- संघ, प्रदेश र स्थानीय सरकार बीच समन्वय र सहकार्य हुनु,
- पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार हुनु,
- तह पुरा गरेपछि प्रमाणीकरणको व्यवस्था हुनु ।

**३.८.९ उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

**३.८.१० प्रमुख नतिजा**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुने,
- आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू उपलब्ध भइ कार्यान्वयन भएको हुने,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइ केन्द्रको रूपमा विकास भएको हुने,
- प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका माध्यमबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवं प्रभावकारीताका लागि प्रमाणीकरण र समकक्षता प्रदान भएको हुने,
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्कहरू अध्यावधिक भएको हुने ।

## ३.८.११ प्रमुख क्रियाकलाप लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | ५ | ७५० | १० | १५०० |
| साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | २० | २००० | ४० | ४००० |
| सामुदायिक सिकाइ केन्द्र सञ्चालन | केन्द्र | ४ | १२०० | ४ | १२०० | ४ | १२०० | ४ | १२०० | ४ | १२०० | २० | ६००० | ४० | १२००० |
| सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | केन्द्र | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | | | ४ | २०० | ८ | ४०० |
| सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | केन्द्र | ४ | १०० | ४ | १०० | ४ | १०० | ४ | १०० | ४ | १०० | २० | ५०० | ४० | १००० |
| मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | केन्द्र | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | | | ४ | ४०० | ८ | ८०० |
| सूचना तथा सञ्चार प्रविधिको प्रयोग | केन्द्र | ४ | ५० | ४ | ५० | ४ | ५० | ४ | ५० | ४ | ५० | २० | २५० | ४० | ५०० |
| जम्मा | | | २०५० | | २०५० | | २०५० | | २०५० | | १९०० | | १०१०० | | २०२०० |

# परिच्छेद ४

## अन्तरसम्बन्धित विषय क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषयहरू (Cross–cutting Themes) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विद्यालय भौतिक विकास, विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । हुन त अघिल्लो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्षहरू केही हदसम्म उल्लेख भइसकेका छन् । तथापि यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिएको छ ।

यसै सन्दर्भमा यस परिच्छेदमा केही मुख्य मुख्य अन्तरसम्बन्धित विषयहरूको वर्तमान अवस्था र ती सम्बन्धमा यस योजनाले समेट्नुपर्ने उद्देश्यहरू, रणनीतिहरू, अपेक्षित उपलब्धि तथा नतिजा, नतिजा प्राप्तिका लागि प्रस्तावित क्रियाकलाप तथा लक्ष्यहरू प्रस्तुत गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका अन्तरसम्बन्धित उपक्षेत्रहरूलाई पनि परिचय, वर्तमान अवस्था, समस्या, चुनौती, अवसर, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू, मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता ११ वटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.१. शैक्षिक समता र  समावेशीकरण

#### ४.१.१ परिचय

विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातिय, लैङ्गिक, अपाङ्गता, आर्थिक रूपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । सिकाइ क्षमता फरक-फरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रूपमा स्वीकार गरी सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकाहरूको चाहना र आवश्यकता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजता पूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरूलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयास गरिन्छ । सिकाइलाई सार्थक बनाउन समय सापे क्ष शिक्षण विधि शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरूलाई आत्मनिर्भर, स्वाबलम्बी, समावेशी बनाउनु देश- तथा समाजप्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिका समान अवसरका साथ सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।

समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै,

खेल्दै घर नजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ ।

बालबालिकाको रुचि, क्षमता वैयक्तिक र आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरु बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ ।

अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरु थप बहिस्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ ।

विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् ।

नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोबास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक सांस्कृतिक तथा जातजातिगत समुदायहरूका बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रूपमा लिने गरिन्छ । अर्को तिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदाय पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय नेपाली बाहेक अन्य भाषीक समुदाय, अल्पसङ्ख्यक, सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितिकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितिकरणका असर कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । विभिन्न किसिमका अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता समस्याहरूमा समुदाय तथा श्रोत सामग्रीसँग सम्बन्धित हुन सक्छ भने कुनै आर्थिक, सामाजिक, मनोवैज्ञानिक र संरचनागत पनि हुन सक्छन् । यस्ता समस्या समाधानको लागि समावेशी शिक्षाको आवश्यकता छ ।

**४.१.२ वर्तमान अवस्था**

नेपालको शिक्षामा बालबालिका तथा महिला र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना भयो । वि.सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टि- विहिन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसै गरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरू भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले वि.सं. २०२६ सालदेखि अपाङ्ग पुरूषहरूको लागि

आवासीय व्यवस्था सुरू गरेकोमा वि.सं. २०३१ सालदेखि महिलाहरूका लागि पनि आवासीय प्रबन्धको सुरूवात गरेको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा– संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रूपमा स्थापित भई हाल काठमान्डौंको जोरपाटीमा सञ्चालन भइरहेको छ । शिक्षा ऐन २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि औपचारिक संस्थागत थालनी भएका पाइन्छ । वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले वञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि २०५० को दशकदेखि केही योजनाबद्ध प्रयास सुरू भएको थियो ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउन अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिंदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । शिक्षा ऐन २०७५ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०६४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए वमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता नीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको एकिकृत समता र शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा दलित तथा जनजाति समुदायका बालबालिकालाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहमा बालबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको कुरा तथ्याङ्कले देखाएको छ । दिगो विकासका लक्ष्य ४ ले समावेशिता–समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्ययोजना तयार पारेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । उदाहरणका लागि दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू छात्रा तथा सीमान्तकृत बालबालिकालाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति समावेशी व्यवस्था, विद्यालय नर्स प्रारम्भ, पाठ्यक्रममा लैंगिक लगायत सांस्कृतिक, धार्मिक, जातिय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

मादी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले शैक्षिक समता र समावेशीकरणका राष्ट्रिय नीति तथा कार्यक्रमहरूलाई पूर्ण रूपले कार्यान्वयन गर्दै आएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको २.२४ प्रतिशत, जनसङ्ख्यामा विभिन्न प्रकारको अपाङ्गता भएको, गण्डकी प्रदेशको कुल जनसङ्ख्या मध्ये ३.११ प्रतिशत र कास्की जिल्लाको कुल जनसङ्ख्या मध्ये २.३६ प्रतिशत जनसङ्ख्यामा विभिन्न प्रकारका अपाङ्ता रहेको कुरा तथ्याङ्कले देखाउँछ । यसबाट मादी गाउँपालिका पनि अछुतो रहन सकेको छैन । राष्ट्रिय जनगणना २०६८ अनुसार मादी गाउँपालिकाको कुल जनसङ्ख्या १८,१५३ रहेकोकोमा जनगणना २०७८ मा ११.०७ प्रतिशतले घटेर कुल जनसङ्ख्या

१६,१४२ रहेको छ । उक्त जनसङ्ख्यामा महिलाको जनसङ्ख्या ८,१२५ (५०.३%) र पुरूषको सङ्ख्या ८,०१७ (४९.७%) रहेको छ । गाउँपालिकाको औसत परिवार सङ्ख्या ३.९४ छ । यस पालिकामा मुख्य गुरूङ जातिहरूको बसोबास ( ३४.८%) छ भने दोस्रोमा ब्राह्मण जाति (२४.७%), तेस्रोमा कामी (१०.९%), क्रमश क्षेत्री ( ९.८%), परियार (७.६%), मिजार (४.६%), मगर (२.२%), तामङ (१.६), घर्ती/भुजेल (१.५%) र ठकुरी (१.२%) लगायत विविध जातजातिको बसोबास रहेको छ । धर्मको आधारमा हिन्दु (६८.१%), बौध (१८.७%), बोन ( ११.९%) कृस्चियन ( १.२%) रहेका छन् । समुदायभित्र प्राय आफ्नो मातृभाषा बाहेक अरू भाषा नबोल्ने जातिय समुदाय पनि यहाँ रहेको छ । यस आधारशीलाबाट शैक्षिक समता र समावेशीको जगलाई झन् बलियो बनाउँदै लैजानु आजको आवश्यकता हो ।

मादी गाउँपालिकामा ५० वटा सामुदायिक विद्यालयमा २०८१ सालको एकीकृत शैक्षिक सूचना प्रणालीमा प्रविष्ट भएको विवरण अनुसार बालविकास केन्द्रदेखि कक्षा १२ सम्म जम्मा ३० जना अपाङ्गता भएका बालबालिकाहरू भर्ना भएका छन् । मनोसामाजिक तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको पहिचान हुन नसकेको अवस्था छ यसैगरी कतिपय विद्यालयहरूले अपाङ्गता भएका बालबालिकाहरूको रिपोर्टिङ नगर्ने समस्या रहेको छ । आर्थिक हिसाबले पछाडी परेका वर्ग, सहाराविहीन, अनाथ, असहाय बालबालिकाहरूको तथ्याङ्कको व्यवस्थित रूपमा अभिलेखिकरण हुन सकिरहेको छैन ।

विद्यालयमा भर्ना भएका र गैर आवासीय र अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्को आधारमा कक्षा १ देखि ५ सम्मका बालबालिकाहरूको लागि तोकिएका वर्गका आधारमा छात्रवृत्ति वितरण भएको छ ।

### ४.१.३ समस्याहरू

- सबै लक्षित वर्गका बालबालिकाहरूको शिक्षामा सहभागिता हुन नसक्नु,
- विद्यालय छोड्ने प्रवृत्ति बढी हुनु,
- सिकाइ उपलब्धिमा वृद्धि हुन नसक्नु,
- पाठ्यक्रम तथा पाठ्य सामग्री व्यवस्था नहुनु,
- अपाङ्गमैत्री पूर्वधार नहुनु,
- दलित, महिला, अपाङ्गता भएका विद्यार्थीहरूप्रति मनोवैज्ञानिक विभेद कायम हुनु ।

### ४.१.४ चुनौतीहरू

- लक्षीत समूहमा महिला, दलित, जनजाति कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न द्वन्द्व प्रभावित तथा सामाजिक र आर्थिक कारणले वञ्चितीमा परेका व्यक्तिहरू र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच,
- विद्यालय शिक्षामा निरन्तरता,
- विद्यालयमा विभेद, हेपाइ र दुर्व्यवहार रहित वातावरणको सुनिश्चितता,
- बालमैत्री वातावरण निर्माण,
- समुदायमा भएको गरिबी र असमानता,
- विशेष अवस्थामा रहेका बालबालिकाहरू समाहित गरी कक्षाको सञ्चालन गर्नु ।

### ४.१.५ अवसरहरू

- संवैधानिक तथा कानुनी व्यवस्था हुनु,
- संघ, प्रदेश र स्थानीय सरकारबाट कार्यक्रम सञ्चालन हुनु,
- सुरक्षा तथा संरक्षणको प्राथमिकता क्षेत्रमा पर्नु,

- विभिन्न संघ संस्थाहरूसँग समन्वय र सहकार्य हुनु,
- कमजोर वर्ग, क्षेत्र तथा शिक्षाको अवसरबाट वञ्चित बालबालिकाहरूका लागि आधारभूत तथा माध्यमिक शिक्षा निःशुल्क हुने नेपालको संविधानले व्यवस्था गरेको छ,
- अपाङ्गता भएका बालबालिकाहरूको लागि उच्च शिक्षासम्म शिक्षाको पहुँचको व्यवस्थापन लागि निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था छ,
- छात्रा, दलित तथा सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्तिको व्यवस्था,
- विद्यालयको भौतिक पूर्वाधार तथा कक्षाकोठामा विविधता व्यवस्थापन,
- समावेशी शिक्षाको लागि शैक्षिक जनशक्ति र उपयुक्त सामग्रीको व्यवस्था,
- बालबालिकाहरूको कठिनाई स्तर पत्ता लगाई सिकाइ सहजीकरणका लागि पाठ्यक्रम र मूल्याङ्कन पद्धतिको क्रमिक विकास हुने समावेशी शिक्षाको नीतिगत व्यवस्था ।

**४.१.६ लक्ष्य**

- शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकालाई सकारात्मक विभेद गरी पहुँच वृद्धि तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने र उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने ।

**४.१.७ उद्देश्यहरू**

- लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ सुनिश्चित गर्नको लागि जीवन उपयोगी तथा व्यवसायिक सिप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री अनुकूलन गर्नु ।

**४.१.८. रणनीतिहरू**

- आर्थिक रूपले विपन्न अपाङ्गता भएका दलित बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने,
- स्थानीय राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायहरूको साझेदारीमा वञ्चितीकरणमा परेका बालबाकालिकाहरूलाई विद्यालय शिक्षाको मूलधारमा समाहित गर्ने,
- जोखिममा परेका अल्पसंख्यक बालबालिकाहरूलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,
- संघ, प्रदेश सरकारसँग सहकार्य गरी बहुप्रकारका विपत्तिको संवेदनशीलता र अपाङ्गतामैत्री पूर्वाधारको निर्माण गर्न आवश्यक प्रबन्ध गर्ने,
- बालबालिकाको शिक्षा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने,
- अपाङ्गता भएका तथा महामारी आदिका कारणले मृत्यु भएका अभिभावकका बालबालिकाको अवस्था पहिचान गरी अवसर प्रदान गर्ने,
- समावेशी पाठ्यक्रम कार्यन्वयनका लागि आवश्यक प्रबन्ध गर्ने,
- असहाय एवं मनोसमाजिक समस्या भएका बालबालिकाहरूलाई मनोपरामर्शदाता तथा विज्ञहरूबाट आवश्यकता अनुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने,
- विद्यालयमा सिकाइका लागि आवश्यक पर्ने भौतिक संरचना तथा शैक्षिक अवस्थाहरू पूरा गरी

अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने । बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने,

- अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकता अनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
- आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूका लागि छात्रवृत्तिको व्यवस्था गरी सहभागी हुने व्यवस्था गर्ने,
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
- विद्यालयमा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध गर्ने किशोरीहरूका लागि महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,
- आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्ने ।
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गर्ने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- घरधुरी सर्वेक्षणबाट बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने,
- अपाङ्‌गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम, विभिन्न नमूनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गर्ने,
- औपचारिक शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूसँग समन्वय र सहकार्य गर्ने ।

**४.१.९ उपलब्धि**

- लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ,

  शिक्षामा कमजोर वर्गको समतामुलक पहुँच र गुणस्तरको सुनिश्चितता भएको हुनेछ ।

**४.१.१० प्रमुख नतिजा**

- विद्यालय बाहिर रहेका आर्थिकरूपले विपन्न, अपाङ्गता, असाय र दलित बालबालिकाहरू विद्यालय भर्ना भएका हुनेछन्,
- जोखिममा परेका र अल्पसंख्यक समुदायका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन भएको हुनेछ ,
- वञ्चितीकरणमा परेका बालबालिकाहरूले छात्रवृत्ति र आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछन्,
- विविध प्रकारका विपदप्रति संवेदनशील र अपाङ्गता मैत्री विद्यालयका पूर्वाधार निर्माण भएको हुनेछ,

- लक्षित क्षेत्रका बालबालिकाहरूले समाहित रूपमा विद्यालयमा शिक्षाको अवसर प्राप्त भएको हुनेछ,
- शिक्षामा समावेशीकरणका लागि नीतिगत व्यवस्था भएको हुनेछ,
- समावेशी पाठ्यक्रमको कार्यन्वयन भएको हुनेछ,
- शारीरिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तरमा सुधार भएको हुनेछ,
- कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई रहित बालमैत्री वातावरण सिर्जना भएको हुनेछ,
- विद्यालयमा अपाङ्गमैत्री, लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरण सिर्जना भएको हुनेछ ।

**४.१.११ प्रमुख लक्ष्य क्रियाकलापहरु** बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| बालबालिकाहरूको क्षमता पहिचान | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| आवश्यकतानुसार समाहित शैक्षिक कार्यक्रम | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| छात्रबृत्ति | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| जम्मा | | | ४०० | | ४०० | | ४०० | | ४०० | | ४०० | | २००० | | ४००० |

## ४.२ दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाको वृद्धि विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई (१० वर्ष) उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ (Bundy et al., 2018) । बालवालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिव मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ ।

खासगरी ९-१० वर्षको उमेरदेखि बालबालिकाहरूको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित उपस्थित हुन, तथा बीचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभूतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६ बालबालिकासम्बन्धी कानुन इत्यादिले वालवालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

नेपालमा सन् १९७४ देखि छानिएका केही जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रू २० बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनलाई अगाडि बढाइएको अवस्था छ ।

नेपालको पन्ध्रौं योजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तर सम्बन्धित अवधारणाको रूपमा अघि सारेको छ । सोही योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्न, विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी,सरसफाई तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बालमैत्री, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितका भान्सा/खाजा घर, विपद जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू गरिदैं गएका छन् ।

### ४.१.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको पोषण सुधार गर्नको लागि प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवा खाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि हाल गाउँपालिकाले सशर्त अनुदानबाट आएको बजेटमा थप ३ रूपैया उपलब्ध गर ाउदै आएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा सरसफाइका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

सरकारले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका निम्ति दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्ट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ् गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन् । अझै पनि सबै विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाइयुक्त शौचालयको व्यवस्था हुन सकेको छैन । सम्पूर्ण छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिएको छ ।

### ४.१.३ समस्याहरू

- पोषणयुक्त खाजाको लागि प्रर्याप्त बजेट नहुनु,
- खाजा व्यवस्थापनको लागि जनशक्तिको प्रवन्ध नहुनु,
- स्वस्थकर परीकार तयारीको लागि पूर्वधारको नहुनु,
- सरसफाइ तथा स्वच्छताको लागि बजेटको व्यवस्था नहुनु,
- विद्यालयका कक्षा ६ देखि माथि अध्ययन गर्ने विद्यार्थीलाई खाजा उपलब्ध गर्न नसक्नु,
- विद्यालयमा नियमित स्वास्थ्य जाँच नहुनु,

- गुणस्तरीय खाजा खाना व्यवस्थापनको लागि सरोकारवलासँग समन्वय र सहकार्य गर्न नसक्नु,
- दिवा खाजाको लागि उपलब्ध गराइएको रकम न्यून हुनु,
- बालबालिकालाई उपलब्ध गराउँदै आएको खाजा गुणस्तरीय, पोषिलो र स्वस्थकर नहुनु,
- खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्न नसक्नु,
- विद्यालय खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतालाई एकीकृत गर्न नसक्नु,
- प्राथमिक उपचार बाकसमा सबै प्रकारको औजार तथा औषधी उपलब्ध हुन नसक्नु,
- विद्यालय दिवा खाजाको गुणस्तर परीक्षण व्यवस्था नहुनु ।

### ४.२.४ चुनौतीहरू

- स्थानीय स्रोत प्रयोग र समुदायको सहभागिता,
- स्वास्थ्य मापदण्ड अनुसारको खाजा तथा खाना व्यवस्थापन,
- सबै विद्यालयमा नियमित स्वास्थ्य जाँच,
- स्वच्छता र सरसफाइको लागि पूर्वाधारको प्रबन्ध,
- विद्यार्थी, शिक्षक तथा अभिभावकहरूमा पोषण, सरसफाइ र स्वास्थ्य सम्बन्धी सचेतना,
- स्वास्थ्य शिक्षा व्यावहारिक रूपमा कार्यान्वयन,
- स्रोत र जनशक्तिको व्यवस्थापन,
- विद्यालय दिवा खाजा स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका लागि दिगो वित्तीय प्रबन्धको सुनिश्चितता,
- विद्यालय दिवा खाजाको गुणस्तर,
- विद्यालय दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग ।

### ४.२.५ अवसरहरू

- बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा उपलब्ध हुनु,
- गुणस्तरीय खाजाको लागि गाउँपालिकाको स्रोतबाट थप रकम व्यवस्थापन हुनु,
- गुणस्तरी खाजा तयारीको आवश्यक कानुनी तथा नीतिगत प्रवन्ध हुनु ,
- स्वास्थय,पोषण तथा सरसफाइको लागि संघ, प्रदेश तथा गैरसरकारी संघ संस्थाहरूसँग समन्वय सहकार्य हुनु,
- स्वास्थ्य परीक्षण, पोषण कार्यक्रम र सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन हुनु,
- विद्यालय व्यवस्थापन समिति र अभिभावक-शिक्षक संघको सक्रियता हुनु,
- विद्यालयमा स्वच्छ पिउने पानि र शौचालयको प्रबन्ध हुनु,
- आधारभूत तह कक्षा १-५ का विद्यार्थीलाई दिवा खाजा उपलब्ध हुनु,
- आवश्यक कानुनी तथा नीतिगत व्यवस्था हुनु,
- स्वास्थ्य, पोषण तथा सरसफाइको लागि खानेपानी तथा शौचालय जस्ता संरचना उपलब्ध हुनु ।
- दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा सञ्चालन हुने ।

### ४.२.६ लक्ष्यहरू

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

### ४.२.७ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
- बालबालिकालाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.८ रणनीति

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्न दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने,
- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने भाँडा, लगायतका न्यूनतम पूर्वाधारको प्रबन्ध गर्ने,
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिन आवश्यक प्रवन्ध गर्ने,
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने,
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्ने,
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि संघ तथा प्रदेश सरकारहरूसँग साझेदारीको विकास, अभिभावकहरूको सहभागिताको विकास गर्ने ।

### ४.२.९ उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well–being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

### ४.२.१० नतिजा

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्त भई प्रर्याप्त पोषणका साथ बालबालिकाहरू स्वस्थ रूपमा विद्यालयमा नियमित सहभागी भएको हुनेछ,
- दिवा खाजाका लागि आवश्यक खाजा पकाउने, खाने स्थान र स्वच्छ पानी लगायतको प्रवन्ध भएको हुनेछ,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित

आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरी का लागि चेन्ज रूम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको आवश्यक व्यवस्था भएको हुनेछ,

- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरण भएको हुनेछ,
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रिया विकास भएको हुनेछ,
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीन तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास भएको हुनेछ ।

### ४.२.११ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | ५० | १००० | १०० | २००० |
| स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ५० | ६४०० | ५० | ६४०० | ५० | ६४०० | ५० | ६४०० | ५० | ६४०० | २५० | ३२००० | ५०० | ६४००० |
| कृषि सहकारी र किसान समूहलाई आपूर्तिमा भाग लिने तालिम तथा सहयोग | पटक | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | ५ | १२५० | १० | २५०० |
| छात्राहरूलाई स्यानिटरी प्याडको व्यवस्था | पटक | १ | ५५० | १ | ५५० | १ | ५५० | १ | ५५० | १ | ५५० | ५ | २७५० | १० | ५५०० |
| विद्यालयलाई प्राथमिक उपचार को किट वक्स व्यवस्था | पटक | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | ५ | १२५० | १० | २५०० |
| आवधिक स्वास्थ्य जाँच तथा जुकाको औषधी र भिटामिन ए | पटक | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | १० | ५०० | २० | १००० |
| सचेतना कार्यक्रम | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| जम्मा | | | ७८५० | | ७८५० | | ७८५० | | ७८५० | | ७८५० | | ३९२५० | | ७८५०० |

## ४.३ विपद् तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

विपद् भन्नाले चट्याङ, भुकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, भोकमरी, महामारी, युद्ध आदिबाट सिर्जित समुदायको अस्तव्यस्त अवस्थालाई बुझिन्छ । विश्वमा बेलाबेलामा देखापर्ने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरू विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरू शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यका साथ र उनीहरूको सिक्न

पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरूलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्नु रहेको छ । नेपाल सरकारले जुनसुकै आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis) का रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षाक्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी (Preparedness), आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य (Response) गर्ने र आपत्कालपश्चात् क्षतिको पुनर्लाभ (Recovery) गर्ने कार्यढाँचा समेटिन्छ ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरूको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिंदै आएको छ । विषेशत देशमा लामो समयसम्म चलेको आन्तरिक द्वन्द्व, २०७२ सालको भूकम्प, कोभिड १९, लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरूका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना सन् २०२१ - २०३० मा समेत यस कुरालाई समावेश गरिएको छ । यसै महत्त्वलाई मध्यनजर गर्दै मादी गाउँपालिकामा पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नुपर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान आस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरू समावेश गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ । भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ मा बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइको व्यवस्था उल्लेख भएको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था उल्लेख भएको छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ मा विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले आपत्कालीन शिक्षाको आधार तयार गरेको छ । विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१ । वृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ मा सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयनको

व्यवस्था उल्लेख भएको छ । बृहत् विद्यालय सुरक्षा गुरूयोजना २०१७ तथा वृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ मा विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने कुराको व्यवस्था उल्लेख गरेको छ । दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षानीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ ।

वृहत विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यस्थापन, विपद जोखिमको न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरू उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरूयोजना, नीतिहरूले समेत आपत तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राखिराख्नुपर्ने कुरालाई जोड दिएका छन् ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्ता विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रसस्त उदाहरण रहेका छन् । कास्की जिल्ला समेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको मादी गाउँपालिकाका विद्यालयहरू बाढी पहिरोको समयमा प्रभावित हुने गरेका छन् । हालको कोभिड–१९ को विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै निर्माण गरी आवश्यकताका आधारमा लागू गर्न तयार रहनुपर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाइन पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका बैकल्पिक माध्यम या पद्धतिबाट अध्ययन सुचारू राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिए तापनि यसको ठ्याक्कै प्रभाव र असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन । विगतका अभ्यासहरूका आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के कस्ता कुराहरूलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथै स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तारतम्य मिलाउने योजना अल्पकालीन बनाउने की दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरू भने रहि नै रहेका छन् । यस्ता चुनौतीहरूलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउँदा अवस्थाको आकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीका कुराहरूलाई महत्त्वकासाथ सम्बोधन गरी निर्माण गर्नु आवश्यक छ ।

### ४.३.३ समस्याहरु

- चेतनाको कमी हुनु,
- सरसफाइमा कमी हुनु,

- मनसुन वर्षा हुनु,
- बाढी पहिरो र डुबान हुनु,
- स्वास्थ्य सेवा उपलब्ध नहुनु ।

**४.३.४ चुनौती**

- आपत्कालीन अवस्थामा शिक्षा Education in emergency अन्तरसम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने,
- सामाजिक तथा राजनीतिक बन्दले सिर्जना गर्ने असरको सावधानी अपनाउने,
- अनुमान गर्न नसकिने घटनालाई परियोजनामा समेट्ने,
- पूर्व अनुमान गर्न सक्ने सूचना प्रविधिको विकास,
- दक्ष जनशक्तिको उपलब्धता,
- स्रोत व्यवस्थापनको पूर्व अनुमान,
- उद्धार सामग्रीको उपलब्धता ।

**४.३.५ अवसरहरू**

- गाउँपालिकामा विपद् व्यवस्थापन समितिको व्यवस्था हुनु,
- विपद् व्यवस्थापन तथा उद्धार सम्बन्धी ऐन कानुनको व्यवस्था हुनु,
- गाउँपालिकामा विपद् तथा प्रकोप उद्धार कोषको व्यवस्था हुनु,
- वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ उपलब्ध हुनु,
- प्रविधिको विकास हुनु ।

**४.३.६ लक्ष्य**

- विपतको अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र विद्यालयको भौतिक विकासमा सहयोग पुर्‍याउने,
- विपद्को अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक, सम्वेगात्मक र सामाजिक विकासमा सहयोग पुऱ्याउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

**४.३.७ उद्देश्य**

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपत् पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,
- सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु,
- विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास गर्नु,
- अल्पकालीन र दीर्घकालीन पुनःस्थापना गर्नु,
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

**४.३.८ रणनीति**

- विपतको पूर्वतयारी, व्यवस्थापन प्रतिकार्य योजना, पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपत पूर्व सावधानी र प्रकोपबाट बच्ने उपायको बारेमा सचेतनामूलक कार्यक्रम तथा तालिमका लागि आवश्यक प्रवन्ध गर्ने,

- विभिन्न सरकारी तथा गैर सरकारी संस्थासँग समन्वय तथा सहकार्य गरी प्रकोपबाट विद्यालय तथा विद्यार्थी जोगाउन आवश्यक तयारी गर्ने,
- कोभिड -१९ जस्ता महामारीबाट बच्न पूर्व सावधानीका साथै रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
- महामारीको समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्नसक्ने विपतका घटनाहरूको पूर्वअनुमान तथा यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
- सङ्टासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्य वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजनाको तयारी गर्ने,
- विपत्ति र भौतिक पूर्वाधारको योजना तथा पुनःस्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्नवालीको प्रबन्ध गर्ने,
- विपत व्यवस्थापनको लागि सरोकारवालाहरूको क्षमता विकास गर्ने,
- विपत तथा प्रकोप, शान्ति सुरक्षा लगायतको क्षेत्र अधिकारमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकाय बीच र समुदायमा जिम्मेवार संयन्त्र बनाउने,
- विपत व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासको निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।

**४.३.९ उपलब्धि**

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनेछ,
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ,
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ,
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**४.३.१० नतिजा**

- विद्यालय शिक्षा प्रणालीमा विपत तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी प्रतिकार्य पुनस्थापना तथा पुनरूत्थान योजना तथा क्षमता विकास भएको हुनेछ,
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय सुरक्षित भएको हुनेछ,
- विपत तथा संकटपूर्ण अवस्थामा पनि शैक्षिक क्रियाकलापहरू निरन्तर सञ्चालन भएको हुनेछ ।

### ४.३.११ प्रमुख क्रियाकलाप र लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १०० | | | | | | | | | १ | १०० | २ | २०० |
| विपद् पूर्व तयारी प्रतिकार्य तथा उत्थानशीलताका लागि स्थानीय तह र विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | १० | ३००० |
| संकटासन्नताको आधारमा योजना निर्माण र सामग्री व्यवस्थापन | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| जम्मा | | | ९०० | | ८०० | | ८०० | | ८०० | | ८०० | | ४१०० | | ८२०० |

## ४.४ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.४.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा, खेल मैदान, शौचालय तथा प्रर्याप्त पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्दछ। शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौ चालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.४.२ वर्तमान अवस्था

गाउँपालिका भित्र हाल ५२ वटा सामुदायिक विद्यालयहरू रहेका छन् भने ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । यहाँ रहेका विद्यालयहरू मध्ये जम्मा १ वटा विद्यालयमा कक्षाकोठा पक्की र ५१ वटा विद्यालयमा कक्षाकोठा कच्ची र पक्की दुवै प्रकारका रहेका छन् । सबै विद्यालयहरूलाई क्रमिक रूपमा पक्की र बालमैत्री भौतिक संरचन बनाउँदै लैजानु पर्ने देखिन्छ । पालिका भित्रका धैरे जसो माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याबको व्यवस्था रहेको छ भने आधारभूत तहका केही विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटरको व्यवस्था रहेको छ । कतिपय विद्यालयहरूको भवन जिर्ण अवस्थामा रहेकोले पुनर्निर्माण गर्नुपर्ने अवस्थामा छन् । नयाँ निर्माण भएका विद्यालय भवनहरूमा अपाङ्गता मैत्री विद्यालय भवनहरू रहेका छन् भने पुराना भवनहरूमा सो व्यवस्था रहेको छैन । विद्यालयमा छात्रा र छात्रको लागि छुट्टाछुटै शौचालयको व्यवस्था रहेको

छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्षा, कार्यशाला, प्रयोगशाला, अतिरिक्त क्रियाकलाप तथा खेलकुद कक्ष, विद्यालय सभाहल मञ्च, बगैंचा कम्प्युटर कक्षा, शिक्षकका प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) के कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार कस्ले कसरी लिने भन्ने विषय अन्योलमा नै देखिन्छ । तथापि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी ५ वटा विद्यालयमा भवन, पाँच वटा विद्यालयमा शौचालय, २५ वटा विद्यालयमा खेलमैदान, १८ वटा विद्यालयमा घेराबार, ३० वटा विद्यालयमा पुस्तकालय, ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ५ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला निर्माण गर्न आवश्यक छ ।

**४.४.३ समस्याहरू**

- मापदण्ड अनुसारका पर्याप्त भौतिक पूर्वाधार नहुनु,
- भवन, शौचालय, खानेपानी जस्ता भौतिक सुविधाहरू बालमैत्री र अपाङ्गमैत्री नहुनु,
- सबै विद्यालयमा पुस्तकालय, सूचना प्रविधि प्रयोगशाला प्रविधि र विज्ञान प्रयोगशाला नहुनु,
- भौतिक सुविधा विस्तारको लागि स्रोत साधनको कमी हुनु,
- विद्यालय भौतिक पूर्वाधार निर्माणको दायित्व स्पष्ट किटानी नहुनु,
- भौतिक सुविधा वितरणमा संघ, प्रदेश र स्थानीय सरकार र संघ संस्थाबीच समन्वय नहुनु ।

**४.४.४ चुनौतीहरू**

- बालमैत्री भौतिक सुविधा निर्माण,
- भौतिक सुविधामा गुणस्तरीयता,
- भौतिक सुविधा विस्तारको लागि लगानी,
- भौतिक सुविधा वितरणमा संघ, प्रदेश तथा स्थानीय सरकारको समन्वय ।

**४.४.५ अवसरहरू**

- संघ, प्रदेश र स्थानीय सरकारबाट लगानी हुनु,
- नीति तथा योजना निर्माण र कार्यान्वयन गर्ने विद्यालय व्यवस्थापन समितिको निर्माण हुनु,
- विभिन्न संघ संस्थासँग समन्वय र सहकार्य हुनु ।

**४.४.७ लक्ष्यहरू**

- विद्यालयमा बालमैत्री अपाङ्गमैत्री तथा विपद् प्रतिरोधात्मक भौतिक संरचना निर्माण गरी बालबालिकाको सिकाइमा सुधार ल्याउने ।

**४.४.६ उद्देश्य**

- विद्यालय शिक्षाको पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु ।

**४.४.८ रणनीति**

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने,

- विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने,
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.४.९ उपलब्धि

- सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार निर्माण भएको हुनेछ,
- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुनेछ,
- विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुनेछन् ।

### ४.४.१० नतिजाहरू

- सबै विद्यालयहरूमा सुविधासम्पन्न भौतिक पूर्वाधार विकास भएको हुनेछ ।
- विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन, मर्मतसम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ ।

### ४.४.११ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| विद्यालय भवन स्तरोन्नती | वटा | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| विद्यालय भवन निर्माण | वटा | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | ५ | २५००० | १० | ५०००० |
| खाने पानी | वटा | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | १५ | १५०० | ३० | ३००० |
| शौचालय निर्माण | वटा | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० | १ | ८०० | ५ | ४००० | १० | ८००० |
| प्रारम्भिक बालविकासका लागि पानी र अलग्गै शौचालय | वटा | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | ५० | १०००० | १०० | २०००० |
| खेल मैदान | वटा | ५ | १००० | ५ | १००० | ५ | १००० | ५ | १००० | ५ | १००० | २५ | ५००० | ५० | १०००० |
| घेरावार | वटा | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | ४ | ४०० | २० | २००० | ४० | ४००० |
| पुस्तकालय | वटा | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ६ | १२०० | ३० | ६००० | ६० | १२००० |
| सूचना प्रविधि प्रयोगशाला | वटा | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | २ | ६०० | १० | ३००० | २० | ६००० |
| विज्ञान प्रयोगशाला | वटा | १ | ६५० | १ | ६५० | १ | ६५० | १ | ६५० | १ | ६५० | ५ | ३२५० | १० | ६५०० |
| गणित प्रयोगशाला | वटा | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| सा. सिकाइ केन्द्र भवन निर्माण | वटा | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | | | ४ | २००० | ८ | ४००० |
| विद्यालय भवन मर्मत तथा फर्निचर | वटा | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | ५० | ५००० | १०० | १०००० |
| जम्मा | | | १४४५० | | १४४५० | | १४४५० | | १४४५० | | १३९५० | | ७१७५० | | १४३५०० |

### ४.५ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.५.१ परिचय

नेपालको संविधानले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभुत पहुँच पुर्याउने डिजिटल भिन्नता कम गर्ने, त्यस्तैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ,भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका नीतिहरू उल्लेख गरेको छ नेपालको सूचना तथा सञ्चार प्रविधि कार्यविधि,२०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा र जीआईएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना  तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी जानकारीहरू प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । शिक्षकले विद्यालयमा तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नको लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ । शिक्षामा सूचना सञ्चार तथा संचार प्रविधि सम्बन्धी गुरूयोजना २०१३ देखि २०१७ सम्मले १०,००० विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचना विकास तथा प्रयोग गर्ने,  शिक्षा तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने डिजिटल सामग्री आदान प्रदान गर्ने प्लेटफर्म बनाउने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने विज्ञान, गणित तथा अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने पूर्वाधार विकास र सिकाइ सामग्री प्रदान गर्ने नमुना विद्यालयहरूमा सूचना सञ्चार प्रविधि केन्द्र स्थापना गर्ने  एकिकृत लेखा सफ्टवयर (SAS)  कार्यन्वयन  गर्ने , शैक्षिक सूचना व्यवस्थापन सूचना प्रणाली IEMIS विकास गर्ने जस्ता कार्यत्रमहरू समेत विद्यालय क्षेत्र विकास यो जनामा समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

मादी गाउँपालिकाको १० वटा माध्यमिक विद्यालय र ४० वटा आधारभूत विद्यालयहरूमा internet connectivity को पहँच पुगेको छ भने केही विद्यालयमा आइसिटी  ल्याव स्थापना भएका छन् भने ११ वटा आधारभूत विद्यालयमा कुनै आइसिटी सामग्रीहरू नै छैनन् । केही विद्यालयहरूमा १ /१ थान कम्प्युटर भए तापनि प्रयोगविहीन अवस्थामा रहेका छन् वर्तमान समय आइसिटीको भएकाले सामुदायिक विद्यालयमा कार्यरत जनशक्तिले आइसिटी सम्बन्धि दक्षता हासिल गर्नुपर्ने अनिवार्य शर्त जस्तो भएको छ । मादी गाउँपालिकाले शिक्षकहरूको लागि आधारभूत तथा एड्भान्स कम्प्युटर सम्बन्धि तालिमहरू सञ्चालन गर्दै आइरहेको अवस्था रहेको छ भने धेरै शिक्षक तथा कर्मचारीहरू आइसिटि प्रयो गमा सक्षम रहेका छन् ।

शिक्षा तथा मानव संशाधन विकास केन्द्रले निर्माण गरेका डिजिटल सामग्रीहरू प्रयोगको अवस्था न्यून रहेको हुँदा प्रत्येक विद्यालयमा उच्च गतिको इन्टरनेट सुविधा आधुनिक आइसिटी प्रयोगशाला स्थापना आइसीटीमा सक्षम शैक्षिक जनशक्ति बढाउनु र बालबालिकाका लागि घरघरमा आइसिटीको पहुँच पुर्याई विपत्ति र महामारीमा पुनरूत्थान योजना कार्यन्वयन गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहे

को छ प्रत्येक विद्यालयका प्रधानध्यापकहरूलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS अपडेट तथा अपलोड गर्नमा सक्षम बनाउनु जस्ता चुनौती रहेका छन् ।

**४.५.३ समस्याहरू**

- दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु ,
- सबै विद्यालयमा सूचना तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु ,
- सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
- सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सीप विकास गर्न नसक्नु,
- सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरूकता, लगनशीलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
- सूचना प्रविधिको क्षेत्रमा आवश्यकता अनुसार लगानी नहुनु,
- भौगोलिक विकटताका कारण सबै ठाउँमा इन्टनेट सुविधा नहुनु,
- निम्न आय भएका अभिभावकहरूले यसको प्रयोग गर्ने सामग्रीहरू खरीद गर्न नसक्नु,
- सबैलाई प्रविधिको पहुँच पऱ्याउन यो आफैमा महंगो हुन जानु र स्थानीय सरकारले निःशुल्क इन्टरनेटको व्यवस्था गर्न नसक्नु ।

**४.५.४ चुनौतीहरू**

- जनशक्ति व्यवस्थापन,
- प्रविधिमैत्री कक्षाकोठा निर्माण,
- अभिभावकको आर्थिक अवस्था,
- सूचना तथा प्रविधि क्षेत्रमा लगानी ,
- शिक्षक तथा विद्यार्थीमा सूचना प्रविधि प्रयोग गर्ने क्षमता,
- पाठ्यक्रम तथा डिजिटल सामाग्रीको उपलब्धता ।

**४.५.५ अवसरहरू**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने र कनेक्टिभिटी पुऱ्याउने नीतिगत व्यवस्था हुनु,
- संघ तथा प्रदेश र स्थानीय तहबाट लगानी हुनु,
- डिजिटल सामाग्री विकास भइ बजारमा उपलब्ध हुनु,
- संघ, प्रदेश, स्थानीय तह तथा विद्यालय सूचना प्रविधिको प्रयोग गर्न प्रतिबद्ध हुनु ।

**४.५.६ लक्ष्य**

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार भई गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुने ।

**४.५.७ उद्देश्यहरू**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु,
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,
- सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु,
- Digital अन्तर्गत काम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउनु,

- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज छिटो छरितो र सस्तो बनाउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु,
- विपत तथा संकटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोतको व्यवस्थापन गर्नु ।

**४.५.८ रणनीतिहरू**

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- विभिन्न पक्ष तथा विषयका लागि उपयोगी हुने digital सामग्रीहरू निर्माण विकास र प्रयोग गर्ने,
- विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्रीको विकास गर्ने,
- गाउँपालिका स्तरीय व्यवस्थित learning इपोर्टल निर्माण गर्ने,
- विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक श्रोत सामग्रीहरूको प्रयोग इन्टरनेटको सुविधा विस्तार भई विद्यालय एवं विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने,
- IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली ( SAS) शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्य समेत यस प्रणालीमा एकीकृत गर्ने,
- सामुदायिक अध्ययन केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने,
- संघ, प्रदेशसँग समन्वय मार्फत गाउँपालिका भित्र इन्टरनेट प्रदायक संस्थाहरू बिच सम्बन्ध र सहकार्य बृद्धि गर्ने,
- बैठक गोष्ठी कार्यशाला तालिम शिक्षक सहायता र पृष्ठपोषण आदिमा सूचना तथा सञ्चार प्रविधि अत्याधिक प्रयोग गर्ने,
- विपद तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी वैकल्पिक बिधिको रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- सबै विद्यालयहरूमा विद्युतीय हाजिरी इन्टरनेट सहितको प्रोजेक्टर computer तथा photocopy printer machine को व्यवस्था गर्ने,
- सबै माध्यमिक विद्यालयमा वेबसाइट सिसि क्यामेराको व्यवस्था गर्ने,
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री शिक्षक निर्देशिका digital प्रति सबै विद्यालयलाई उपलब्ध गराउने ।

**४.५.९ उपलब्धि**

विद्यालयमा सञ्चार तथा प्रविधि विस्तार भई सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक हुनुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन भएको हुनेछ ।

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**४.५.१० नतिजा**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग हुनेछ,

- विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक digital सामग्री विकास भई विद्यार्थीको सहज पहुँच हुनेछ,
- सबै विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुगेको हुनेछ,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित सुपरिवेक्षण अनुगमन तथा शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ,
- सूचना तथा प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली Iemis व्यवस्थित भएको हुनेछ,
- अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत जनशक्ति र समयको बचत भएको हुनेछ,
- विपत तथा संकटको समयमा समेत विद्यार्थीहरूको सिकाइलाई निरन्तरता भएको हुनेछ ।
- सबै विद्यालयमा डिजिटल हाजिरी इन्टरनेट सहितको कम्प्युटर projector को व्यवस्था भएको हुनेछ ।

### ४.५.११ प्रमुख क्रियाकलाप तथा लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| विद्यालयमा ICT संरचना विस्तार, सामग्री, क्षमता विकास | विद्यालय | १० | ६००० | १० | ६००० | १० | ६००० | १० | ६००० | १० | ६००० | ५० | ३०००० | १०० | ६०००० |
| प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ५० | ८०० | ५० | ८०० | ५० | ८०० | ५० | ८०० | ५० | ८०० | २५० | ४००० | ५०० | ८००० |
| शिक्षकहरूको क्षमता विकास | पटक | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० | १० | ३००० |
| IEMIS व्यवस्थापन | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| सामुदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास | केन्द्र | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | | | ४ | २०० | ८ | ४०० |
| शिक्षा शाखामा सूचना प्रणाली स्थापना | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| जम्मा | | | ७३०० | | ७३०० | | ७३०० | | ७३०० | | ७२५० | | ३६४५० | | ७२९०० |

### ४.६ युवा तथा विकास

#### ४.६.१ परिचय

नेपालको संविधानले देश विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्नेछ भन्ने उल्लेख भएअनुसार युवाहरूमा आशा, उत्साह, राष्ट्रिय भावना, जिम्मेवारी बोध, सीप विकास र रोजगार तथा स्वरोजगारका उपयुक्त अवसर उपलब्ध गराई युवा वर्गको क्षमतालाई राष्ट्रिय विकासको मूल धारमा ल्याउन जरूरी छ। युवाको विद्यमान आवश्यकता समस्या एवम् चुनौती तथा सवालहरूलाई सर्वाधिक महत्त्वका साथ सुसुचित गर्न प्रयत्न र पहल हुनुपर्दछ। पाँचौं पञ्चवर्षीय योजनादेखि युवाको भूमिकालाई संबोधन भएको देखिन्छ। पन्ध्रौं पञ्चवर्षीय योजनाले युवा सशक्तिकरण, विकास र सहभागिताका लागि पूर्वाधार तयार गर्ने कुरामा जोड दिएको छ। तीनै पूर्वाधारको सुदृढीकरण र विकास तथा विस्तार गर्दै युवालाई विकास निर्माण प्रक्रियाको मूल धारमा ल्याउनु आवश्यक देखिएको छ।

#### ४.६.२ वर्तमान अवस्था

नेपालमा १६ वर्षदेखि ४० वर्ष उमेर समूहका युवा जनसंख्या करिब १२३९८०१७ छ। यो कुल जनसंख्या २९१६४५७८ को ४२.५१ प्रतिशत हुन आउँछ। युवा रोजगारीको समस्या पनि जटिल नै छ। युवाहरूको आधार भूत अधिकारलाई प्रत्याभूत गर्दै युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने दीर्घकालीन सोचका साथ राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन जारी भएको छ। मादी गाउँपालिकाको कुल जनसंख्या १६१४२ छ जसमा करिब ४० प्रतिशत १६ देखि ४० वर्ष उमेरको युवाको जनसंख्या रहेको छ। यस पालिकाले युवाहरूको लागि विभिन्न संघसंस्थासँग समन्वय र सहकार्य गरी क्षमता विकास, लघु उद्यम विकास, रोजगारमूलक सशक्तिकरणका लागि युवा साझेदारी कार्यक्रम सञ्चालन गर्दै आएको छ। कुलत तथा दुर्व्यसनी विरूद्ध चेतनामूलक कार्यक्रम, युवा साहित्य प्रतियोगिता, प्राकृतिक प्रकोप व्यवस्थापनमा युवा परिचालन, उद्यमीहरूसँग युवाको अन्तर्क्रिया, युवा विद्यार्थी सम्मेलन, युवा प्रतिभा सम्मान जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

#### ४.६.३ समस्याहरू

- बेरोजगारी तथा अर्ध बेरोजगारी हुनु,
- रोजगारको लागि विदेश जानु,
- वैदेशिक रोजगार व्यवस्थित नहुनु,
- प्रतिभा पलायन हुनु,
- युवाको आवश्यकता र शिक्षामा तालमेल नहुनु,
- सामाजिक विभेद हुनु,
- युवाको योग्यता र सीप अनुसारको रोजगारी सिर्जना नहुनु।

#### ४.६.४ चुनौतीहरू

- स्थानीय स्तरमा युवा विकासका लागि संस्थागत संरचनाको स्थापना,
- युवा वर्गको सीप विकास,
- रोजगार र क्षमता विकास।

#### ४.६.५ अवसरहरू

- केन्द्रीय स्तरमा युवा परिषद हुनु,
- युवा नीति तथा युथ भिजन जस्ता नीति तथा कानुनी व्यवस्था,
- गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको स्थापना,

### ४.६.६ लक्ष्य

- युवाहरूको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरूमा नेतृत्वदायी भूमिका स्थापित गराई विकास निर्माणको मूल प्रवाहमा समाहित गर्ने ।

### ४.६.७ उद्देश्यहरू

- युवा क्लब गठन तथा परिचालन गर्नु,
- युवाहरूको सीप विकास तथा सशक्तिकरण गर्नु,
- युवा रोजगारका अवसर सिर्जना गर्नु ।

### ४.६.८ रणनीतिहरू

- सबै जातजाति, समुदाय, समूह, लिङ्ग र क्षेत्रका युवाहरूको आर्थिक, सामाजिक, शारीरिक एवम् बौद्धिक विकास तथा सशक्तिकरणका आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
- युवाहरूमा सामाजिक, आर्थिक उद्यमशीलताको विकास गर्दै युवा लक्षित सेवा सुविधा र रोजगार लगायतका अवसरहरू वृद्धि गर्दै युवा पलायन हुनबाट जोगाउने,
- युवा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि स्रोत परिचालन गर्ने ।

### ४.६.९ उपलब्धि

- सबै युवाहरूका लागि सीप विकास तथा सशक्तिकरणको अवसर प्राप्त हुनेछ ।

### ४.६.१० नतिजाहरू

- युवा क्लब गठन तथा परिचालन हुनेछ ,
- युवा सशक्तिकारणका कार्यक्रम सञ्चालन हुनेछ,
- युवाहरू रोजगार तथा स्वरोजगार हुनेछन् ।

### ४.६.११ प्रमुख क्रियाकलापहरू र लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाई | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| १. युवा क्लब गठन तथा परिचालन | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १० | १०००० |
| २. सीप विकास तथा सशक्तिकरण कार्यक्रम सञ्चालन | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| ३. युवा सचेतना कार्यक्रम | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| ४. युवा साहित्य प्रतियोगिता | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| ५. युवा उद्यमीसँग अन्तर्क्रिया | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| ६. युवा प्रतिभा सम्मान | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| जम्मा | | | १३०० | | १३०० | | १३०० | | १३०० | | १३०० | | ६५०० | | १३००० |

### ४.७ खेलकुद

#### ४.७.१ परिचय

व्यक्तिको शारीरिक, मानसिक, सम्वेगात्मक सामाजिक विकासमा खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ । खेलकुद मानव जातिका लागि अभिन्न अङ्ग भएकोले वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई विकासको पथमा संलग्न गराउनु अहिलेको आवश्यकता हो ।

#### ४.७.२ वर्तमान अवस्था

नेपालमा वि.सं.२००४ सालबाट खेलकुदको क्षेत्रमा विभिन्न संघसंस्थाहरू गठन भई संस्थागत विकासको थालनी भए तापनि २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद गठन भई २०२१ सालमा खेलकुद परिषद ऐन जारी भएको हो । हाल युवा तथा खेलकुद मन्त्रालय स्थापित गरी खेलकुद क्षेत्रको नीतिगत, संस्थागत तथा भौतिक पूर्वाधार सुधार एवं विकासमा जोड दिइएको छ ।

मादी गाउँपालिकामा गाउँस्तरीय खेलकुद समिति र शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ । पालिकामा अन्तर्विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, भलिबल प्रतियोगिता तथा अध्यक्ष कप प्रतियोगिता सञ्चालन हुँदै आएको छ । त्यसैगरी खेलाडी सम्मान, विद्यालयमा खेलमैदान निर्माण एवम् मर्मतमा विद्यालयलाई प्रोत्साहन, स्काउट सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेका छन् ।

#### ४.७.३ समस्याहरू

- खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु,
- पूर्वाधारहरू गुणस्तरीय नहुनु,
- खेलाडीहरूको दक्षताले प्रश्रय नपाउनु,
- विभिन्न संघसंस्थाबीच सहकार्य र समन्वय नहुनु,
- संस्थागत विकास नहुनु,
- स्रोत साधनको कमी हुनु,
- स्काउटलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु ।

#### ४.७.४ चुनौतीहरू

- खेलकुदको लागि पूर्वाधारको विकास,
- खेलकुद प्रति सकारात्मक सोचको विकास,
- नियमित रूपमा खेलका गतिविधि सञ्चालन,
- निजी क्षेत्रलाई आकर्षण गराइ लगानीमा सहभागिता,
- खेलाडीहरूको सेवा सुविधा र वृत्ति विकास ।

#### ४.७.५ अवसरहरू

- स्थानीय तहमा खेलकुदको जिम्मेवारी प्राप्त हुनु,
- युवाहरूमा रुचि बढ्दै जानु,
- विभिन्न क्लबहरू खेलकुद विकासमा सहभागी बन्नु,
- संघ, प्रदेश र स्थानीय सरकारमा समन्वय र सहकार्य हुनु,
- खेलकुद विकासका लागि लगानीमा वृद्धि गर्नु ।

#### ४.७.६ लक्ष्य

- खेलकुदको माध्यमबाट स्वास्थ्य, अनुशासित एवम् मर्यादित नागरिक तयार गर्ने,

### ४.७.७ उद्देश्यहरू

- खेलकुद पुर्वाधारको विकास गर्नु,
- खेलाडीलाई स्वस्थ, अनुशासित र मर्यादित बनाउनु ।

### ४.७.८ रणनीतिहरू

- संघ र प्रदेशसँग समन्वय गरी खेलकुद पूर्वाधार निर्माण गर्ने,
- खेलकुदको नीति निर्माण गरी संस्थागत सुधार गर्ने,
- खेलकुद विकासमा सरकारी तथा गैरसरकारी संस्थाको भूमिका विस्तार गर्ने,
- परम्परागत खेलकुदको अभिलेखीकरण र विकास गर्ने,
- खेलकुद पूर्वाधार विकासमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने,
- खेलाडीलाई प्रोत्साहन र क्षमता विकास गर्ने ।

### ४.७.९ उपलब्धिहरू

- खेलकुद पूर्वाधारको विकास हुनेछ,
- खेलाडीहरू स्वस्थ, अुनशासित र मर्यादित हुनेछन् ।

### ४.७.१० नतिजाहरू

- संघ र प्रदेश सरकारसँग समन्वय हुनेछ,
- खेलकुदको पूर्वाधार निर्माण हुनेछ,
- खेलाडीको क्षमता विकास हुनेछ ।

### ४.७.११ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाई | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| १. विद्यालय तथा समुदायमा खेलमैदान निर्माण | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| २. खेलकुद नीति निर्माण गर्ने | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| ३. खेलाडीलाई सम्मान | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| ४. खेलाडीको क्षमता विकास | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| ५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | पटक | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ५ | ५००० | १० | १०००० |
| ६. अध्यक्ष कप खेलकुद सञ्चालन | पटक | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १० | १५००० |
| जम्मा | | | २९०० | | २९०० | | २९०० | | २९०० | | २९०० | | १४५०० | | २९००० |

## परिच्छेदः पाँच

## सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व,पारदर्शिता,जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ । यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरूलाई पनि अरू परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरी एघारओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा संघ, प्रदेश र स्थानीय तहबाट प्रवाह गर्ने, शैक्षिक सेवालाई निरन्तरता गर्ने, तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक रूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुन सक्छ। देशको संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी अनुशासन प्रबर्द्धन गर्न आवश्यक रहेको छ। यस मादी गाउँपालिकाको शैक्षिक योजनामा प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार र समता, समावेशिताको परिवर्तन सहित जवाफदेही र शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। योजनाको यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रम कार्यान्वनका लागि विद्यमान पद्धतिको समीक्षा गरी योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि

संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौती पहिचान गरिएको छ। सामान्यत सुशासन प्रबर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

संघीय संरचना अनुसार वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको मुख्य दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् ।

साविकका क्षेत्रीय शिक्षा निर्देशानालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् । प्रदेशमा, सामाजिक विकास मन्त्रालय, शिक्षा महाशाखा रहेको छ भने स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा/महाशाखा स्थापना भएको छ । देशमा शासकीय स्वरूप संघीय रहे तापनि कतिपय कानुनको अभाव र संघ र प्रदेशको स्पष्ट कार्य विभाजन हुन सकिरहेको छैन । यसका लागि स्पष्ट कानुनी स्वरूप र दिगो कार्यान्वयनको आवश्यकता रहेको देखिन्छ ।

स्थानीय सरकारका कामलाई सहज बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका तेइसवटा कार्य वाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । एकातिर समन्वयका लागि जिल्लामा भएको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ । त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि प्रभावकारी नरहेको अवस्था देखिएको छ । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयका आफ्ना ठूला संरचना र पूर्वाधार छन् तर तिनीहरूको उचित उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा सञ्चालन भएका विद्यालय लगायत निजी तालिम प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तह बिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ । यसै परिवेशमा

स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका लागि संघ र प्रदेशसँगको सम्बन्ध तथा समन्वय र क्रियाकलापहरूका बारेमा स्पष्ट रूपरेखा तयार पारी अगाडि बढ्नु पर्दछ ।

### ५.१.३ समस्याहरू

- स्थानीय तहमा शिक्षाको संस्थागत संरचना स्पष्ट नहुनु,
- आवश्यक स्रोत साधन उपलब्ध नहुनु,
- जनशक्ति कम हुनु,
- बजेट व्यवस्थापनको लागि दायित्व स्पष्ट नहुनु,
- शिक्षा सम्बन्धि अधिकार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भएको हुँदा कार्य सम्पादनमा कठिनाइ हुनु ।

### ५.१.४ चुनौतीहरू

- संस्थागत संरचना,
- स्रोत साधनको उपलब्धता,
- संघ, प्रदेश र स्थानीय तहको समन्वय,
- आवश्यक जनशक्तिको व्यवस्था ।

### ५.१.५ अवसरहरू

- विद्यमान संस्थागत संरचना हुनु,
- संवैधानिक तथा कानुनी अधिकार प्राप्त हुनु,
- संघ, प्रदेश र स्थानीय तहबाट स्रोतको व्यवस्था हुनु ।

## ५.१.६ लक्ष्य

- उपयुक्त संस्थागत संरचना निर्माण गरी क्षमता विकास गर्ने र सार्वजनिक शिक्षा सेवालाई परिणाममुखी बनाउने ।

### ५.१.७ उद्देश्य

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
- समग्र शैक्षिक नतिजाप्रति जवाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु ।

### ५.१.८ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।

### ५.१.९ उपलब्धि

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ,
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ,

- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

### ५.१.१० नतिजाहरू

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.१.११ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० | १० | ५००० |
| प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | १००० |
| कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| क्षमता विकास तालिम | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| आवश्यक पर्ने ऐन, नियम, नीति तथा मापदण्डको विकास | पटक | १ | १०० | | | | | | | | | १ | १०० | २ | २०० |
| शिक्षा समिति, शिक्षा दिवस र प्र. अ. वैठक | पटक | १२ | ५०० | १२ | ५०० | १२ | ५०० | १२ | ५०० | १२ | ५०० | ६० | २५०० | १२० | ५००० |
| क्यालेण्डर, डायरी, पाठयोजना | पटक | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | ५ | १७५० | १० | ३५०० |
| गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनका आधारमा अनुदान | पटक | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ५ | ७५०० | १० | १५००० |
| जम्मा | | | ३४०० | | ३३०० | | ३३०० | | ३३०० | | ३३०० | | १६६०० | | ३३२०० |

## ५.२ योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ । योजनाको कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्व पर्दछन् । यसअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् । योजनाको कार्यान्वयन, अनुगमन मूल्याङ्कन गर्न स्थानीय तहको महत्त्वपूर्ण जिम्मेवारी रहेको छ । त्यसका लागि स्थानीय स्तरमा गाउँ शिक्षा समिति, वडास्तरमा वडा शिक्षा समिति, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक शिक्षक विद्यार्थी र अभिभावकको महत्त्वपूर्ण जिम्मेवारी रहेको हुन्छ । यस योजनामा कुनकुन कार्यहरू के कसरी गर्ने, कहिले गर्ने, कहाँ कहाँ गर्ने, कस्ले गर्ने साथै बजेटको व्यवस्था के हुने भन्ने विषयहरू समेटेर सटिक रूपमा गुणस्तरीय योजना निर्माण गर्नु पर्दछ । गाउँपालिकाको मौजुदा वित्तीय अवस्था अनुसार शिक्षामा अधिकतम लगानी गरी योजनालाई सफल

बनाउनु पर्दछ । मादी गाउँपालिकाको समग्र गाउँ शिक्षा योजनाको निर्माण गर्नु एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष अत्यन्त महत्त्वपूर्ण रहन्छ । त्यसका लागि विद्यालयमा विद्यालय व्यवस्थापन समिति लगायत विद्यालय परिवार, वडा शिक्षा समिति सबैको उत्तिकै जिम्मेवारी रहन्छ । सम्बन्धित सरोकारवालाको उचित परिचालन, जनशक्तिको व्यवस्था, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा मात्र योजना सफल हुन सक्छ । योजनाको कार्यान्वयनका लागि अनुगमन निरीक्षण गरी आवश्यक सरसल्लाहको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको उत्तिकै जिम्मेवारी रहन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्य कुशलतामा पनि ध्यान दिनुपर्दछ ।

**५.२.२ वर्तमान अवस्था**

हाम्रो देशको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई २३ वटा शैक्षिक क्षेत्रका काम कर्तव्य र अधिकार तोकेको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संगठन संरचना तथा जनशक्तिको आवश्यकता हुन्छ ।

मादी गाउँपालिकामा योजना निर्माण, कार्यान्वयन र अनुगमनको लागि गाउँकार्यपालिकाले आवश्यक ऐन, नियम, नीति, निर्देशन निर्माण, विभिन्न समितिहरू निर्माण, तथा जनशक्तिको व्यवस्था, संघ प्रदेशबाट प्राप्त अनुदान तथा आफ्नो स्रोतबाट समेत बजेट व्यवस्था, योजना तथा कार्यक्रम निर्माण तथा स्वीकृत र प्रवोधिकरण गर्दै आएको छ ।

विद्यालयमा योजना नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक विद्यालय परिवार रहेको छ । विद्यालयमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयन तथा स्रोत व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले गर्दछ । साथै गाउँपालिकाबाट निर्माण भएका शिक्षा क्षेत्रका योजना कार्यान्वयन गर्ने स्थान पनि विद्यालय नै हो । तसर्थ विद्यालयले गाउँपालिका, शिक्षा समिति, स्थानीय शिक्षा शाखा, तथा वडा शिक्षा समितिसँग समन्वय र सहकार्य गरी स्थानीय तहबाट प्राप्त योजना तथा बजेट र आफ्नो स्रोत साधन समेत समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । विद्यालयमा कार्यान्वयन हुने योजनामा विशेष गरी भौतिक निर्माण योजना, शिक्षण सिकाइ सुधार योजना, छात्रवृत्ति तथा प्रोत्साहन योजना, शिक्षकको क्षमता विकास योजना जस्ता योजनाहरू सञ्चालन हुने गरेका छन् ।

**५.२.३ समस्याहरू**

- योजना कार्यान्वयन गर्न स्पष्ट दायित्वको किटानी र संरचना नहुनु,
- आवश्यक जनशक्तिको कमी हुनु,
- विद्यमान संरचना र जनशक्तिको क्षमता विकास नहुनु,
- स्रोत साधनमा कमी हुनु,
- कानुनी तथा नीतिगत अस्पष्टता हुनु,
- आवश्यक नीति नियम कार्यविधि तथा निर्देशिका निर्माण नहुनु ।

**५.२.४ चुनौतीहरू**

- संस्थागत संरचना,
- दक्ष जनशक्ति,
- स्रोत साधनको उपलब्धता,
- जिम्मेवारीको किटान ।

**५.२.५ अवसरहरू**

- स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहनु,
- गाउँपालिकामा गाउँ कार्यपालिका र गाउँ शिक्षा समिति रहनु,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको व्यवस्था हुनु,
- योजना तर्जुमा तथा कार्यान्वयनको लागि विभिन्न समिति तथा कार्यदल गठन हुनु,
- गाउँपालिकामा योजना तर्जुमा समिति तथा अनुगमन समितिको व्यवस्था हुनु ।

**५.२.६ लक्ष्य**

- शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।

**५.२.७ उद्देश्य**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्नु ।

**५.२.८ रणनीतिहरू**

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक योजना तथा बजेट र कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गर्ने,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने,
- विद्यालयलाई विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने,
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ,

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा बिताउने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने,
- सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

### ५.२.९ उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### ५.२.१० नतिजा

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.२.११ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| १. वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५ | २५० | १० | ५०० |
| २. आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| ३. कानुन निर्देशिका तथा प्रवोधिकरण | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| जम्मा | | | २५० | | २५० | | २५० | | २५० | | २५० | | १२५० | | २५०० |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ५.३.२ वर्तमान अवस्था

हाम्रो देशको वर्तमान शैक्षिक व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तीनै तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहको पर्न आउछ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । स्थानीय जनप्रतिनिधीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतया

विद्यालय व्यवस्थापन समितिले योजनाहरू कार्यान्वयन गर्दछ ।

मादी गाउँपालिकामा गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा साथै विद्यालय अनुगमन समिति गठन भइ पालिकाभित्रका विभिन्न विद्यालयमा अनुगमन भइरहेको छ । अनुगमन र मूल्याङ्कनमा देखिएका समस्याले गर्दा हुनुपर्ने जति उपलब्धि भने प्राप्त गर्न नसकेको अवस्था छ ।

मादी गाउँपालिकामा योजनाको अनुगमन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, स्थानीय शिक्षा शाखाबाट हुने गरेको छ भने गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा भएको योजना अनुगमन समिति तथा गाउँपालिकाले समेत अनुगमन गर्ने व्यवस्था भएको छ । विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि विषयगत समूह गठन गरी शिक्षा शाखा र विषयगत शिक्षकको सहभागितामा हुने गरेको छ । त्यसैगरी विद्यार्थीको उपलब्धि परीक्षण कक्षा ८ को गाउँपालिका तथा १० र १२ को राष्ट्रिय परीक्षा बोर्डबाट हुने गरेको छ । अनुगमन विभिन्न निकायबाट भए तापनि अनुगमन प्रतिवेदन एकीकृत रूपमा हुनु आवश्यक देखिन्छ भने अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनलाई छिटो र छरितो बनाउन सूचना तथा प्रविधिको प्रयोग हुन आवश्यक छ । साथै अनुगमन प्रतिवदेनको समीक्षा गरी सुझाव कार्यान्वयन गर्न जरूरी छ ।

### ५.३.३ समस्याहरू

- अनुगमन प्रभावकारी हुन नसक्नु,
- दक्ष जनशक्ति नहुनु,
- स्रोत साधनको कमी हुनु,
- अनुगमन प्रतिवेदनमा सूचना प्रविधिको प्रयोग नहुनु,
- अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन हुन नसक्नु,
- अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक नीति, निर्देशन र सूचकको व्यवस्था नहुनु ।

### ५.३.४ चुनौतीहरू

- दक्ष जनशक्तिको व्यवस्था,
- स्रोत साधनको व्यवस्था,
- सूचना प्रविधिको प्रयोग,
- प्रतिवेदनको कार्यान्वयन ।

### ५.३.५ अवसरहरु

- अनुगमन समिति तथा संयन्त्र निर्माण हुनु,
- नीति निर्देशन तथा सूचकको व्यवस्थापन हुनु ।

### ५.३.६ लक्ष्य

- शैक्षिक योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन गरी अपेक्षित उपलब्धि हासिल गर्ने ।

### ५.३.७ उद्देश्यहरू

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.८ रणनीतिहरू

- अनुगमन मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको

प्रयोग गर्ने,

- अनुगमनका लागि विभिन्न सुचकहरू बनाउने,
- जनप्रतिनिधि सहित स्थानीय विज्ञ टोली सम्मिलित अनुगमन तथा मूल्याङ्कनका समितिहरूको निर्माण गर्ने,
- प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने,
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
- कक्षा कोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
- योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
- वार्षिक अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### ५.३.९ उपलब्धिहरू

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास भएको हुनेछ,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

### ५.३.१० नतिजाहरू

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ,
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

### ५.३.११ प्रमुख क्रियाकलाप र लक्ष

बजेट रू. हजारमा

| प्रमुख क्रियाकलाप | इकाइ | ०८२/०८३ | | ०८३/०८४ | | ०८४/०८५ | | ०८५/०८६ | | ०८६/०८७ | | ५ वर्षको | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक | भौतिक | आर्थिक |
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ५ | १००० | १० | २००० |
| अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| अनुगमन | पटक | ३ | ५०० | ३ | ५०० | ३ | ५०० | ३ | ५०० | ३ | ५०० | १५ | २५०० | ३० | ५००० |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | २०० | ३ | २०० | ३ | २०० | ३ | २०० | ३ | २०० | १५ | १००० | ३० | २००० |
| स्थिति प्रतिवेदन तयारी | पटक | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० | १० | १००० |
| जम्मा | | | ११०० | | ११०० | | ११०० | | ११०० | | ११०० | | ५५०० | | ११००० |

**परिच्छेदः छ**

**लगानी र स्रोत व्यवस्थापन**

संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी हुन आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट समेत शिक्षामा केही लगानी हुने गरेको छ । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लेखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरूका लागि बजेट अनुमान विश्लेषण स्रोतहरूको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरूको पहिचान र विश्लेषण गर्दा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा अन्य संघसंस्थाहरूबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

## ६.१ परिचय

देश विकसित बन्नका लागि शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । शैक्षिक क्षेत्रमा बढी लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च स्थानमा रहेको पाइन्छ । राज्यले नीति निर्माण गर्दा शिक्षा क्षेत्रलाई विकासको मुख्य मेरूदण्डको रूपमा राखेको खण्डमा देश विकासको गति तीव्र हुन सक्छ । आजका बालबालिकाहरू भोलिका देश निर्माता हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक कार्यक्रम आवश्यक छ ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्त्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क, अनिवार्य एवम् माध्यमिक शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरेको मौलिक हक शिक्षा ऐन तथा नियमावलीले समेत उल्लेख गरेको छ । सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहसम्मको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकालाई सुम्पेको छ । शिक्षा संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्वको विषय भएकोले वित्तीय व्यवस्थापनमा पनि

संघ र प्रदेश सरकारले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ । स्थानीय सरकार र निजी क्षेत्रको साझेदारी रहनु पनि उत्तिकै आवश्यक छ । संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र ऋण समेत पर्न आउँछ । मादी गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त हुने माथि उल्लेख भए अनुसारका सशर्त समानीकरण समपूरक र विशेष अनुदानको बजेट परिचालन गरी शैक्षिक क्षेत्रको योजना कार्यान्वयन गरेको छ । शिक्षामा आवश्यक पर्ने केन्द्रीय प्रादेशिक र स्थानीय बजेटहरू पहिचान गरी शिक्षा क्षेत्रका उपलब्धिहरू हासिल गर्न स्थानीय सरकारले शिक्षा क्षेत्रको योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ ।

### ६.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेट सहित कार्यक्रमहरूको  कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको पाइन्छ । राज्यले शिक्षा क्षेत्रमा झण्डै १४ प्रतिशतको आधारमा बजेट व्यवस्थापन गर्ने गरे को पाइन्छ । विगत आर्थिक वर्ष २०७३/०७४ पछि कुल बजेटको  ९ देखि ११ प्रतिशतको हाराहारीमा संघीय बजेट शिक्षा क्षेत्रमा व्यवस्था गरेको पाइन्छ  । वैदेशिक सहायतामा मुख्य आधारमा रहेको छ । नेपालको सन्दर्भमा नेपाल सरकारले प्रति विद्यार्थी औसतमा  १३४६०  रूपैया लगानी गरेको देखिन्छ ।

मादी गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहको आफ्नै बजेट परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको देखिन्छ । सशर्त अनुदान, समानीकरण अनुदान समपुरक अनुदान, विशेष अनुदान र आफ्नै स्थानीय तहको स्रोतको अनुदानको आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गरेको छ, माध्यमिक तथा आधारभूत विद्यालय सञ्चालनमा गाउँपालिकाले शिक्षा क्षेत्रको कुल बजेटको ७५ प्रतिशतसम्म शिक्षक तलब भत्तामा खर्च भएको छ भने बाँकी बजेटले निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन, दिवा खाजा लगायत शीर्षकमा बजेट खर्च भएको छ । हाल ६ वटा बाल विकास केन्द्रलाई गाउँपालिकाको आन्तरिक बजेटबाट शिक्षक व्यवस्थापन गरेको छ । गाउँपालिकाले नपुग शिक्षकहरूको तलव भत्ता थप गर्न शिक्षकहरूलाई तालिम, प्रधानाध्यापकलाई प्रोत्साहन, अतिरिक्त क्रियाकलाप राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन जस्ता क्रियाकलापहरू सञ्चालन गरेको छ ।

संघीय प्रादेशिक र स्थानीय गरी तिनै तहले शिक्षा क्षेत्रमा गरेका प्रयासको बाबजुद विभिन्न समस्या र चुनौतीहरू कायमै रहेको पाइन्छ ।  शिक्षक दरबन्दीमा लगानी नहुनु, शिक्षाक्षेत्रको बजेटको आकार सानो, स्थानीय तहले शिक्षा क्षेत्रलाई आवश्यकता अनुसारको बजेटको व्यवस्थापन गर्न कठिनाई पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु  इत्यादि चुनौतीहरू हुन् ।

### ६.३ समस्याहरू

- शिक्षा क्षेत्रमा बजेट न्यून हुनु,
- संघ तथा प्रदेशबाट ढिलो गरी बजेट प्राप्त हुनु,
- शैक्षिक सामग्री तथा सिकाइ क्रियाकलापमा कम बजेट विनियोजन हुनु,
- संघ, प्रदेश र स्थानीय सरकार बिच समन्वय र सहकार्य नहुन,
- सरकारी तथा गैरसरकारी संघ संस्थासँग समन्वय नहुनु ।

### ६.४ चुनौतीहरू

- बजेट व्यवस्था,
- वित्तीय स्रोतको पहिचान,
- बजेट एकीकृत रूपमा नहुनु,
- समन्वय र सहकार्य ।

### ६.५ अवसरहरू

- योजना निर्माण हुनु ,
- संघ, प्रदेश र स्थानीय तहबाट बजेटको व्यवस्थापन हुनु ।

### ६.६ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

### ६.७ उद्देश्य

- योजनाका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- पहिचान गरिएका कार्यक्रमका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दाइत्व स्पष्ट गर्नु ।

### ६.८ रणनीतिहरू

- संघीय र प्रादेशिक सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
- आफ्नो क्षेत्र भित्रको लक्षित शैक्षिक पहुँच सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्थापन गर्ने,
- स्रोतको उपयोग गर्न विद्यालयलाई जवाफदेही बनाउने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमको लागि व्यवस्था गर्ने,
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तर दायित्वलाई सवल बनाउने ।

### ६.९ उपलब्धि

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र दक्षता विकासमा उल्लेखनीय प्रगति भएको हुनेछ,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता पारदर्शिता जिम्मेवारी उत्तरदायी सुदृढ भएको हुनेछ ।

### ६.१० प्रमुख नतिजा

- उपलब्ध स्रोतको अनुमान र विश्लेषण,
  क) अपेक्षा र नीतिका आधारमा आवश्यक स्रोतको अनुमान भएको हुनेछ,
  ख) स्रोतको उपलब्धताको अनुमान भएको हुनेछ,
- प्रस्तावित कार्यक्रममा बजेट अनुमान,
  क) प्रस्तावित बजेटमा नपुग स्रोत पूरा गर्ने उपायको अनुमान भएको हुनेछ,
  ख) वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ६. ११. प्रमुख क्रियाकलापहरु र लक्ष्य

| प्रमुख क्रियाकलाप | २०८२/०८३ | | | | | | २०८३/०८४ | | | | | | २०८४/०८५ | | | | | | २०८५/०८६ | | | | | | २०८६/०८७ | | | | | | ५ वर्षको | १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | | |
| १. प्रारम्भिक बालविकास शिक्षा | १८००० | ५०० | १२५०० | २०० | १५० | ३१३५० | १८००० | ५०० | १२५०० | २०० | १५० | ३१३५० | १८००० | ५०० | १२५०० | २०० | ५० | ३१२५० | १८००० | ५०० | १२५०० | २०० | ५० | ३१२५० | १८००० | ५०० | १२५०० | २०० | ५० | ३१२५० | १५६४५० | ३१२९०० |
| २. आधारभूत शिक्षा | १३७००० | ५०० | ५०० | २०० | ५०० | १३८७०० | १३७००० | ५०० | ५०० | २०० | ५०० | १३८७०० | १३७००० | ५०० | ५०० | २०० | ५०० | १३८७०० | १३७००० | ५०० | ५०० | २०० | ५०० | १३८७०० | १३७००० | ५०० | ५०० | २०० | ५०० | १३८७०० | ६९३५०० | १३८७००० |
| ३. माध्यमिक शिक्षा | ३२५०० | १००० | १००० | ३०० | ३६५ | ३५१६५ | ३२५०० | १००० | १००० | ३०० | ३६५ | ३५१६५ | ३२५०० | १००० | १००० | ३०० | ३६५ | ३५१६५ | ३२५०० | १००० | १००० | ३०० | ३६५ | ३५१६५ | ३२५०० | १००० | १००० | ३०० | ३६५ | ३५१६५ | १७६३२५ | ३५२६५० |
| ४. उच्च शिक्षा | ५०० | ५०० | ३०० | १०० | १०० | १५०० | | | ५०० | | | ५०० | | | ५०० | | | ५०० | | | ५०० | | | ५०० | | | ५०० | | | ५०० | ३५०० | ७००० |
| ५. पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा र मूल्याङ्कन | १८०० | – | २००० | – | – | ३८०० | १८०० | – | २००० | – | – | ३८०० | १८०० | – | २००० | – | – | ३८०० | १८०० | – | २००० | – | – | ३८०० | १८०० | – | २००० | – | – | ३८०० | १९००० | ३८००० |
| ६. शिक्षक व्यवस्थापन र विकास | ८०० | ३०० | १५०० | १०० | २५० | २९५० | ८०० | ३०० | १००० | १०० | २०० | २४०० | ८०० | ३०० | १४०० | १०० | १०० | २७०० | ७०० | ३०० | १००० | १०० | १०० | २२०० | ८०० | ३०० | १४०० | १०० | १०० | २७०० | १२९५० | २५९०० |
| ७. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | १६०० | १०० | २५० | १०० | – | २०५० | १६०० | १०० | २५० | १०० | – | २०५० | १६०० | १०० | २५० | १०० | – | २०५० | १६०० | १०० | २५० | १०० | – | २०५० | १६०० | १०० | २०० | – | – | १९०० | १०१०० | २०२०० |
| ८. प्राविधिक तथा व्यवसायिक शिक्षा | १००० | ५०० | ७०० | २०० | ५०० | २९०० | १००० | ५०० | ५०० | २०० | ३०० | २५०० | १५०० | ७०० | ७०० | २०० | ४०० | ३५०० | १५०० | ७०० | ७०० | २०० | ४०० | ३५०० | १५०० | ७०० | ७०० | २०० | ४०० | ३५०० | १५९०० | ३१८०० |
| ९. शैक्षिक समता र समावेशीकरण | १०० | – | २०० | – | १०० | ४०० | १०० | – | २०० | – | १०० | ४०० | १०० | – | २०० | – | १०० | ४०० | १०० | – | २०० | – | १०० | ४०० | १०० | – | २०० | – | १०० | ४०० | २००० | ४००० |
| १०. दिवा खाजा, स्वास्थ्य तथा पोषण | ६००० | ५०० | १००० | १०० | २०० | ७८००० | ६००० | ५०० | १००० | १०० | २०० | ७८००० | ६००० | ५०० | १००० | १०० | २०० | ७८००० | ६००० | ५०० | १००० | १०० | २०० | ७८००० | ६००० | ५०० | १००० | १०० | २०० | ७८००० | ३९००० | ७८००० |
| ११. आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | ५०० | १०० | १०० | १०० | १०० | ९०० | ५०० | १०० | १०० | – | १०० | ८०० | ५०० | १०० | १०० | – | १०० | ८०० | ५०० | १०० | १०० | – | १०० | ८०० | ५०० | १०० | १०० | – | १०० | ८०० | ४१०० | ८२०० |

| प्रमुख क्रियाकलाप | २०८२/०८३ | | | | | | २०८३/०८४ | | | | | | २०८४/०८५ | | | | | | २०८५/०८६ | | | | | | २०८६/०८७ | | | | | | ५ वर्षको | १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | संघ संस्था | विद्यालय/समुदाय | जम्मा | | |
| १२. विद्यालय भौतिक पूर्वाधार विकास | ८००० | २००० | ४००० | १५० | ३०० | १४४५० | ८००० | २००० | ४००० | १५० | ३०० | १४४५० | ८००० | २००० | ४००० | १५० | ३०० | १४४५० | ८००० | २००० | ४००० | १५० | ३०० | १४४५० | ८००० | २००० | ३५०० | १५० | ३०० | १३९५० | ७१७५० | १४३५०० |
| १३. विद्यालय सूचना र सञ्चार प्रविधि | ४००० | १००० | १५०० | ३०० | ५०० | ७३०० | ४००० | १००० | १५०० | ३०० | ५०० | ७३०० | ४००० | १००० | १५०० | ३०० | ५०० | ७३०० | ४००० | १००० | १५०० | ३०० | ५०० | ७३०० | ४००० | १००० | १५०० | ३०० | ४५० | ७२५० | ३६४५० | ७२९०० |
| १४. युवा विकास | ५०० | ३०० | ५०० | | | १३०० | ५०० | ३०० | ५०० | | | १३०० | ५०० | ३०० | ५०० | | | १३०० | ५०० | ३०० | ५०० | | | १३०० | ५०० | ३०० | ५०० | | | १३०० | ६५०० | १३००० |
| १५. खेलकुद विकास | ५०० | २०० | २००० | १०० | १०० | २९०० | ५०० | २०० | २००० | १०० | १०० | २९०० | ५०० | २०० | २००० | १०० | १०० | २९०० | ५०० | २०० | २००० | १०० | १०० | २९०० | ५०० | २०० | २००० | १०० | १०० | २९०० | १४५०० | २९००० |
| १६. संस्थागत क्षमता विकास | १७०० | - | १७०० | - | - | ३४०० | १६०० | - | १७०० | - | - | ३३०० | १६०० | - | १७०० | - | - | ३३०० | १६०० | - | १७०० | - | - | ३३०० | १६०० | - | १७०० | - | - | ३३०० | १६६०० | ३३२०० |
| १७. योजना कार्यान्वयन प्रबन्ध | १०० | - | १५० | - | - | २५० | १०० | - | १५० | - | - | २५० | १०० | - | १५० | - | - | २५० | १०० | - | १५० | - | - | २५० | १०० | - | १५० | - | - | २५० | १२५० | २५०० |
| १८. अनुगमन तथा मूल्याङ्कन | २०० | - | ९०० | - | - | ११०० | २०० | - | ९०० | - | - | ११०० | २०० | - | ९०० | - | - | ११०० | २०० | - | ९०० | - | - | ११०० | २०० | - | ९०० | - | - | ११०० | ५५०० | ११००० |
| जम्मा | २१४८०० | ७५०० | ३०८०० | १९५० | ३१५६ | २५८२१५ | २१४२०० | ७००० | ३०३०० | १७५० | २८१५ | २५६०६५ | २१४७०० | ७२०० | ३०९०० | १७५० | २७१५ | २५७२६५ | २१४६०० | ७२०० | ३०५०० | १७५० | २७१५ | २५६७६५ | २१४७०० | ७२०० | ३०३५० | १६५० | २६६५ | २५६५६५ | १२८४८७५ | २५६९७५० |

# अनुसूची १

**पालिकाको वडागत घरधुरी सङ्ख्या तथा जनसङ्ख्या निम्नानुसार रहेको छ ।**

| विवरण | | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं | साविकका वडा | घर परिवार संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल (वर्ग कि.मी) | जन घनत्व |
| १ | पार्चे (१-९) | ५३८ | १००६ | ९७१ | १९७७ | ९१.०७ | २१.७० |
| २ | नामर्जुङ (१-९) | २६८ | ४५५ | ४८६ | ९४१ | २८२.२९ | ३.३३ |
| ३ | थुमाकोडाँडा (१-४) | ३३० | ६२३ | ५९४ | १२१७ | १६.७९ | ७२.४८ |
| ४ | थुमाकोडाँडा (५-९) | ३०५ | ६०७ | ५९६ | १२०३ | ८.८२ | १३६.३९ |
| ५ | कालिका (६-९) | ४३० | ८८२ | ८१६ | १६९८ | १०.३६ | १६३.८९ |
| ६ | सिल्दजुरे (१-५) | २४३ | ५९२ | ५९८ | ११९० | ३३.३६ | ३३.६७ |
| ७ | सिल्दजुरे (६-९) | २९५ | ६३६ | ६६१ | १२९७ | ८.५९ | १५०.९८ |
| ८ | मिजुरेडाँडा (१-४) | ३८१ | ७५२ | ७५० | १५०२ | ४८.९७ | ३०.६७ |
| ९ | मिजुरेडाँडा (५-९) | ३९९ | ७५८ | ७६५ | १५२३ | १४.६६ | १०३.८८ |
| १० | भाचोक (१-९) | ३२२ | ५८९ | ५९९ | ११८८ | १५.४५ | ७६.८९ |
| ११ | सैमराङ (१-९) | २७७ | ५७२ | ५४८ | ११२० | २०.३३ | ५५.०९ |
| १२ | माझ्ठाना र हंसपुर (२-३) र (५-८) | ३०६ | ६५३ | ६३३ | १२८६ | १२.३४ | १०४.२१ |
| **जम्मा** | | **४०९४** | ८१२५ | ८०१७ | १६१४२ | ५६३.०२ | २८.६७ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

# अनुसूची २

## उमेरगत जनसंख्या प्रतिशत

| उमेरगत समूह | पुरुष | महिला |
|---|---|---|
| ०–४ | ३.५ | ३.४ |
| ५–९ | ३.८ | ३.१ |
| १०–१४ | ४.१ | ३.९ |
| १५–१९ | ४.६ | ४.१ |
| २०–२४ | ४.४ | ४.१ |
| २४–२९ | ३.९ | ३.८ |
| ३०–३४ | ३.३ | ३.३ |
| ३५–३९ | २.८ | ३.२ |
| ४०–४४ | २.६ | २.९ |
| ४५–४९ | २.३ | २.९ |
| ५०–५४ | २.६ | २.८ |
| ५५–५९ | २.५ | २.८ |
| ६०–६४ | २.५ | २.६ |
| ६५–६९ | २.१ | २.५ |
| ७०–७४ | १.८ | २.० |
| ७५–७९ | १.२ | १.२ |
| ८०–८४ | ०.६ | ०.६ |
| ८५–८९ | ०.३ | ०.२ |
| ९०–९४ | ०.१ | ०.०६ |
| ९५+ | ०.०४ | ०.०४ |

# अनुसूची ३

**वडागत विद्यालय विवरण**

| वडा नं. | आधारभूत तह | माध्यमिक तह | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | कक्षा ६-१० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | २ | ० | १ | १ | १ | ० | ० | |
| २ | २ | १ | ० | १ | १ | १ | ० | ० | |
| ३ | ३ | १ | ० | २ | ० | ० | १ | ० | |
| ४ | २ | १ | ० | १ | ० | ० | १ | ० | |
| ५ | ४ | ० | ० | ३ | १ | ० | ० | ० | |
| ६ | ३ | १ | ३ | ० | ० | १ | ० | ० | |
| ७ | ५ | १ | १ | ४ | ० | ० | ० | १ | |
| ८ | ६ | ० | ३ | १ | २ | ० | ० | ० | |
| ९ | ४ | १ | १ | १ | २ | ० | २ | ० | |
| १० | ५ | १ | २ | १ | २ | ० | १ | ० | |
| ११ | २ | १ | ० | २ | ० | १ | ० | ० | |
| १२ | ४ | ० | ० | ३ | १ | ० | ० | ० | |
| जम्मा | ४२ | १० | १० | २० | १० | ४ | ५ | १ | |

स्रोतः EMIS २०८१

# अनुसूची ४

**जातिगत र तहगत विद्यार्थी सङ्ख्या**

**आधारभूत तह कक्षा १-८**

| विवरण | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| जम्मा | २१९ | २०८ | ४२७ | ४९७ | ५७७ | १०७४ | २६७ | ३०४ | ५७१ |
| दलित | ९९ | ९५ | १९४ | १९५ | २३१ | ४२६ | १०८ | ११७ | २२५ |
| जनजाति | ७८ | ६२ | १४० | १५९ | १७९ | ३३८ | ८२ | ११४ | १९६ |
| अन्य | ४२ | ५१ | ९३ | १४३ | १६७ | ३१० | ७७ | ७३ | १५० |

**माध्यमिक तह कक्षा ९-१२**

| विवरण | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| जम्मा | १६९ | १७४ | ३४३ | ६४ | ६४ | १२८ | १२१६ | १३२७ | २५४३ |
| दलित | ५३ | ५७ | ११० | १८ | १७ | ३५ | ४७३ | ५१७ | ९९० |
| जनजाति | ७४ | ७३ | १४७ | ५ | १२ | १७ | ३९८ | ४४० | ८३८ |
| अन्य | ४२ | ४४ | ८६ | ४१ | ३५ | ७६ | ३४५ | ३७० | ७१५ |

**कक्षागत विद्यार्थी विवरण २०८१**

| कक्षा | सामुदायिक विद्यालय | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| प्रा.वि.के. | २१९ | २०८ | ४२७ |
| १ | ११८ | १३६ | २५४ |
| २ | ९१ | १०२ | १९३ |
| ३ | ९० | ९७ | १८७ |
| ४ | ९८ | १२२ | २२० |
| ५ | १०० | १२० | २२० |
| १-५ | ४९७ | ५७७ | १०७४ |
| ६ | ९५ | ९८ | १९३ |
| ७ | ८४ | ११२ | १९६ |
| ८ | ८८ | ९४ | १८२ |
| ६-८ | २६७ | ३०४ | ५७१ |
| ९ | ९१ | ९४ | १८५ |
| १० | ७८ | ८० | १५८ |
| ९-१० | १६९ | १७४ | ३४३ |
| ११ | ३३ | ३१ | ६४ |
| १२ | ३३ | ३१ | ६४ |
| ११-१२ | ६४ | ६४ | १२८ |
| कुल जम्मा (ECD–१२) | १२१६ | १३२७ | २५४३ |
| | | | |

स्रोतः IEMIS २०८१ (Date: 14 Nov. २०२४)

# अनुसूची ५

**तालिका: अपाङ्गता भएका विद्यार्थी विवरण**

| **कक्षा/तह** | **जम्मा विद्यार्थी** | | |
|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** |
| पूर्व प्राथमिक | २ | ५ | ७ |
| कक्षा १-३ | ४ | ३ | ७ |
| कक्षा ४-५ | १ | ४ | ५ |
| कक्षा ६-८ | २ | ७ | ९ |
| आधारभूत तह १-८ | ७ | १४ | २१ |
| कक्षा ९-१० | १ | १ | २ |
| कक्षा ११-१२ | ० | ० | ० |
| माध्यमिक तह ९-१२ | १ | १ | २ |
| जम्मा | १० | २० | ३० |

| कक्षा | अपाङ्गताका प्रकार | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहिरा | सुस्त श्रवण | पूर्ण दृष्टि बिहिन | दृष्टि बिहिनता | न्यून दृष्टियुक्त | स्वर तथा बो लाइ | अटिज्म | श्रवण दृष्टिबिहीन | बहु अपाङ्गता | जम्मा |
| ECD | - | - | १ | १ | १ | - | - | - | १ | १ | २ | ७ |
| १ | १ | १ | - | - | - | - | - | - | - | - | १ | ३ |
| २ | १ | १ | - | - | - | - | - | १ | - | - | - | ३ |
| ३ | - | - | - | - | - | - | - | १ | - | - | - | १ |
| ४ | - | - | - | - | १ | - | - | - | - | - | - | १ |
| ५ | १ | - | - | - | - | १ | १ | १ | - | - | - | ४ |
| ६ | ३ | - | - | - | - | - | १ | १ | - | - | - | ५ |
| ७ | १ | - | - | - | - | - | - | - | - | - | - | १ |
| ८ | १ | - | - | - | - | - | १ | - | - | - | १ | ३ |
| ९ | - | २ | - | - | - | - | - | - | - | - | - | २ |
| १० | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ११ | - | - | - | - | - | - | - | - | - | - | - | - |
| १२ | - | - | - | - | - | - | - | - | - | - | - | - |
| जम्मा | ८ | ४ | १ | १ | २ | १ | ३ | ४ | १ | १ | ४ | ३० |

स्रोत: IEMIS २०८१

# अनुसूची ६

**शिक्षक र विद्यालय कर्मचारीको विवरण**

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | तह | दरबन्दी | राहत | अनुदान | स्थानीय तहबाट व्यवस्था | जम्मा शिक्षक |
|---|---|---|---|---|---|---|
| १. | प्रा. बा. वि. सहजकर्ता | ० | ० | ४९ | ६ | ५५ |
| २. | आ. वि. (१-५) | १७४ | ५ | ० | ० | १७९ |
| ३. | आ. वि (६-८) | ५० | ७ | १ | ० | ५८ |
| ४. | मा. वि. (९-१०) | २६ | १३ | २ | ० | ४१ |
| ५. | मा. वि. (११-१२) | ० | ० | ८ | ० | ८ |
| | जम्मा | २५० | २५ | ६० | ६ | ३४१ |
| | विद्यालय सहायक (लेखापाल) | १० | ० | ० | ० | १० |
| | विद्यालय सहयोगी | ५३ | ० | ० | ० | ५३ |

स्रोतः मादी गाउँपालिका रेकर्ड २०८१

**अनुसूची ७**

# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

माादी गाउँपालिका

प.सं: २०८२/०८३
च.नं ६२

मिति:२०८२।०४।११

श्री वडा कार्यालयहरु सबै,
मादी गाउँपालिका, कास्की ।

विषय- सुझाव पेस सम्बन्धमा ।

प्रस्तुत विषयमा गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण मार्फत शिक्षा क्षेत्रका समग्र समस्या समाधान गर्दै शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि निर्माण गर्न लागिएको पञ्चवर्षीय गाउँ शिक्षा योजना (२०८२/०८३ – २०८६/०८७) को मस्यौदा यसै निबेदन साथ पठाइएको व्यहोरा अनुरोध छ। गाउँ शिक्षा योजनामा सम्बन्धित वडा कार्यालय अन्तर्गत सम्पूर्ण सरोकारवाला महानुभावहरुका आ–आफ्नो क्षेत्रबाट उपयुक्त, व्यवहारिक तथा वस्तुपरक सुझावहरू समावेश गरी योजना पूर्णता प्रदान गर्नको लागि वडा कार्यालय मार्फत गाउँ शिक्षा योजनाको मस्यौदा उपर आवश्यक छलफल तथा अन्तर्क्रिया मार्फत सुझाव संकलनको वातावरण निर्माण गरी मिति २०८२ साउन १६ गते सम्म गाउँपालिकाको Mail Id मा तपसिल बमोजिमको ढाँचामा प्राप्त सुझावहरु पेस गर्न सहजिकरण गरिदिनुहुन जानकारिका साथ अनुरोध छ।

तपसिल,

| क्र.स. | मस्यौदामा संशोधन गर्नुपर्ने पेज नं | परिच्छेद संख्या | शीर्षक/विषय | सुधार गर्नुपर्ने विषयवस्तुहरु | थप गर्नुपर्ने विषयवस्तुहरु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

२०८२/०४/११

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: सामुदायिक विद्यालयहरु सबै,
सामुदायिक सिकाइ केन्द्रहरु सबै,

"पर्यटन,कृषि,जलस्रोत र पुर्वाधार ! समन्यायिक समृद्दी मादीको मूल आधार"

मोवाईल :९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००,Web Site :madimunkaski.gov.np ईमेल : madimunkaski@gmail.com

# अनुसूची ८: बैठकका निर्णयहरु

**सन्दर्भ सामाग्री**


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन २०७५
- पन्ध्रौ पञ्चवर्षीय योजना
- गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६/०७७ देखि २०८०/०८१
- दिगो विकासका लक्ष्य (लक्ष्य नं. ४)
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९
- मादी गाउँपालिकाको वार्षिक वजेट नीति तथा कार्यक्रम २०८२/०८३
- मादी गाउँपालिकाको शैक्षिक तथ्याङ्क २०८१